# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## काठमाडौं महानगरपालिका
## काठमाडौं

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## काठमाडौं महानगरपालिका
## काठमाडौं

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

काठमाडौं महानगरपालिका

काठमाडौं

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष पालिकाको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण र न्याय सम्पादन, बजेट अनुशासन, आन्तरिक आय, संस्थागत बहाल कर, वर्षान्तको खर्च, स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर, योजना छनौट र कार्यान्वयन, सार्वजनिक जग्गाको संरक्षण र उपयोग, संघ/संस्था अनुदानका अलवा पालिकाले गरेको चालु तथा पूँजीगत खर्चसँग सम्बन्धित उल्लेख्य विषयहरु समावेश गरी सो उपर राय सहितको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । उल्लेखित विषयका अतिरिक्त महानगरपालिका र लोहोत्से बहुउद्देश्यीय प्रा. लि. बीच भएको नयाँ बसपार्क निर्माण तथा विकास सम्बन्धी सम्झौता कार्यान्वयनमा देखिएका समस्या र सो सम्झौता विपरित हुने गरी महानगर क्षेत्र भित्र संचालित अन्य बसपार्क तथा बस बिसौनीहरुका कारण महानगरपालिकालाई पार्न सक्ने सम्भावित असर समेतका विषय वस्तुहरु लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १३६

विषय - **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,

काठमाडौं महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

काठमाडौं ।

१. **कैफियत सहितको राय** - हामीले काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ अर्ब १८ करोड ७१ लाख ६२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.९३ करोड १ लाख २९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.५ करोड ६१ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८१ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५३ लाख ६९ हजार र पेश्की बाँकी रु.१७ करोड ७३ लाख ९१ हजार समेत रु.२५ करोड ७० लाख ३४ हजार रहेको छ । महानगरपालिकाको गतवर्ष सम्म रु.२ अर्ब ७३ करोड ७७ लाख ५० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२ अर्ब ९९ करोड ४७ लाख ८४ हजार रहेको छ । महानगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने महानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी महानगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकरप्रसाद पन्थी)**

**नायब महालेखापरीक्षक**

# काठमाडौं महानगरपालिका,
# काठमाडौं जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुलक गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १२१ | ४०६ | ११८७१६२ | ० | १०५ | ९३०१२९ | १२१ | ३०१ | २५७०३४ | ५६१०३ | १५३६९ | ८१७१ | ० | ० | २३५४० | १७७३९१ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ४२२४६५९ | | १४८६९०९ | २७३७७५० | ० | २५७०३४ | २९९४७८४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | | | | |
| १ | | ५७.३ | मनोरञ्जन कर | ८९९६०५९३ |
| २ | | ५७.२ | मनोरञ्जन कर | ११८३३४७५ |
| ३ | | ४५ | व्यवसाय कर | ५५५२००० |
| ४ | | ४४ | घर बहाल कर | ६२०४१४९ |
| ५ | २०७९।८० | ४१ | सम्पत्ति कर | ७७९२३१००० |
| ६ | | १०४ | आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु | ३६८०० |
| ७ | | १०० | वडा तर्फको पेश्की फछ्यौंट | २०००० |
| ८ | | ९९ | वडा तर्फको बेरुजु फछ्यौंट | २३५०६३९ |
| ९ | | ९८ | पेश्की फछ्यौंट | ३२०३६२४० |
| | जम्मा | | | ९३०१२८८९.४८ |
| १० | २०७८।७९ | विभिन्न दफाहरु संपरीक्षण भई आएकोले फस्यौंट भएको रकम | | २०८३१७(रु.हजारमा) |
| ११ | २०७७।७८ | विभिन्न दफाहरु संपरीक्षण भई आएकोले फस्यौंट भएको रकम | | ६६०४२२(रु.हजारमा) |
| १२ | २०७६।७७ | विभिन्न दफाहरु संपरीक्षण भई आएकोले फस्यौंट भएको रकम | | ४९०६३४०६ |
| १३ | २०७५।७६ | विभिन्न दफाहरु संपरीक्षण भई आएकोले फस्यौंट भएको रकम | | २९१०७२१९ |
| १४ | २०७४।७५ | विभिन्न दफाहरु संपरीक्षण भई आएकोले फस्यौंट भएको रकम | | १२२६५२०९ |

| | | | |
|---|---|---|---|
| १५ | २०७३।७४ | विभिन्न दफाहरु संपरीक्षण भई आएकोले फस्यौंट भएको रकम | ५२७७३४४६९.९० |
| | **गत बर्षसम्मको जम्मा** | | **१४८६९०९रु.हजारमा)** |

*(नोटः प्रारम्भिक प्रतिवेदन पेश भए पश्चात प्राप्त प्रतिकृयाका आधारमा सम्परीक्षण भई लगत कट्टा भएको बेरुजुको विस्तृत विवरण अनुसूची - ८ मा संलग्न गरिएको छ ।)*

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस काठमाडौं महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु महानगरपालिकाको उद्देश्य रहेको छ । यस महानगरपालिका अन्तर्गत ३२ वडा, १६५ सभा सदस्य, ५०.६७ वर्ग किलोमिटर क्षेत्रफल तथा ८ लाख ६२ हजार ४ सय जनसंख्या रहेको छ ।

**(ख) भगिनी सम्बन्ध -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(८) मा स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृती लिइ विदेशका कुनै पनि स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्ने व्यवस्था छ । महानगरपालिकासँग लेखापरीक्षणको समय सम्म १६ वटा अन्तराष्ट्रिय र ३ वटा राष्ट्रिय सहित १९ वटा शहरसँग भगिनी सम्बन्ध कायम गरेको छ भने ८ वटा अन्तरार्ष्ट्रिय संगठनहरुको सदस्य रहेको छ ।

**(ग) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्ययको स्रेस्ता परीक्षण मिति २०८०।१०।१५ देखी १०।२९ सम्म १३ कार्य दिनको अवधिमा स्वीकृत लेखापरीक्षण योजना अनुसार आर्थिक कारोबारको छनौटका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ साथै यस क्रममा पेश भएका विल, भरपाई, नापी किताब लगायतका स्रेस्ता एवं कागजातको जोड जम्मा र शुद्धताको हकमा सम्बन्धित लेखा उत्तरदायी अधिकृत र लेखा प्रमुखबाट प्रमाणित व्यहोरा तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतलाई आधार मानिएको छ । त्यसैगरी लेखापरीक्षणको क्रममा वित्तीय पक्षका अलावा महानगरपालिकाको

व्यवस्थापकीय, न्यायिक र अन्य विषयगत कार्य सम्पादन स्थिति समेतको परीक्षण गरी संरचनागत, प्रणालीगत र नीतिगत सुधारका पक्षहरुमा विशेष जोड दिईएको छ ।

**(च) सकारात्मक पक्षहरु -** नेपालको संविधान २०७२ जारी भएपछि जनताको सबैभन्दा नजिकको सरकारको रूपमा महानगरपालिकाले कार्य गर्दै आएको छ । यस क्रममा वायोमेट्रिक सहितको अनलाईन नक्सा प्रणालीको विकास,फोहोरमैला व्यवस्थापन र पानी पूर्नःभरण सहितको भवन संहिता कार्यान्वयन, शहरी सौन्दर्यीकरण, खुला क्षेत्रमा पार्क निर्माण तथा सार्वजनिक/सरकारी जग्गाको संरक्षण, नवप्रवर्तनलाई प्रोत्साहन, वडा कार्यालयहरुको खरिद प्रणालीमा सुधार, सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर, संस्थागत विद्यालयबाट उपलब्ध हुने कक्षा ११ र १२ छात्रवृत्रिको निष्पक्ष र पारदर्शी रुपमा वितरण, निजी क्षेत्रको सहकार्यमा निःशुल्क एम्बुलेन्स सेवा, निःशुल्क उपचार सेवा, समावेशी विकासको अवधारणा अनुरुप महानगर गौरवका आयोजना संचालन, गुणस्तरीय शहरी पूर्वाधार निर्माण, पार्किङ्ग तथा फूटपाथ व्यवस्थापन, निःशुल्क कानूनी सेवा लगायतका विषयमा सकारात्मक सुधारहरु देखिएका छन् ।

**(छ) मस्यौदा प्रतिवेदनबाट फछ्र्यौट -** ३२ वडा कार्यालयहरु, २ जग्गा एकिकरण आयोजना र हनुमानढोका दरबार संरक्षण कार्यक्रमको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन जारी भए पश्चात् महानगरपालिकाबाट रु.१,२७,६९,६४२।१५ असूल भई दाखिला भएको आधारमा र तारागाउँ रिजेन्सी होटल, ल्होत्से बहुउद्देश्यीय प्रा लि, सिटी मार्केट लगाएतका करदातको सम्पत्ति कर तथा अन्य बेरुजु रु.७,७७,९३,९९४।८७ प्राप्त प्रमाण कागजातका आधारमा गरी जम्मा रु.९,०५,६३,६३६।०२ को व्यहोरा मस्यौदा प्रतिवेदनबाट हटाइएको छ ।

२ **एकिकृत आर्थिक विवरण -** काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को एकीकृत आर्थिक विवरण

| सि.नं. | आय | | सि.नं | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | **गत वर्षको जिम्मेवारी** | | १. | **चालु** | ५२१८६४३६०६.३९ |
| | बैंक मौज्दात | १४१७७८६९२७२.६९ | २. | **पूँजीगत** | ३७५५२२६०७१.९६ |
| | | | ३. | **धरौटी फिर्ता** | ५६८०४६५३.५४ |
| २. | यस वर्षको धरौटी आम्दानी | १८४२६९४००.०४ | ४. | **अन्य खर्च** | ६८०३४४२६९.०० |
| ३. | **आन्तरिक राजश्व आम्दानी** | | | धरौटी सदरस्याहा | १६४७५८.२३ |
| | आन्तरिक राजश्व | ५८५४२५०१७५.०० | | पर्यटन पूर्वाधार विकास आयोजना | ५९००३८४.०० |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | ४३१८०४४७३.१८ | | सामाजिक सुरक्षा | १५८२२४००३८.०० |
| | राजश्व बाँडफाँड संघीय सरकार | १३८३७५७७९०.८६ | ५. | **मौज्दात** | |
| | अन्यआय | | | बैंकमौज्दात | १४५५८२९१७७२.६३ |
| ४. | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | धरौटी मौज्दात | १८३६०७९९९.५२ |
| | वित्तीय समानिकरण अनुदान | ६९८२८२५००.०० | | | |
| | सशर्त अनुदान | १५८८१८३९००.४४ | | | |
| ५. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | |
| | वित्तीय समानिकरण अनुदान | ८७०७०००००.०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सशर्त अनुदान | ४७४३०८६०.३३ | | | |
| ६. | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| | पर्यटन पूर्वाधार विकास आयोजना | ५९००३८४.०० | | | |
| | सामाजिक सुरक्षा | १५८२२४००३८.०० | | | |
| | **जम्मा** | २६०४१०५८७९३.०० | | **जम्मा** | २६०४१०५८७९३.०० |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

३ **वित्तीय विवरणको विश्लेषण -** पालिकाको आर्थिक वर्ष २०७९।८० को वित्तीय विवरण विश्लेषण देहाय बमोजिम रहेको छ ।

- पालिकाले पेश गरेको विवरण अनुसार यस आर्थिक वर्षको जम्मा प्राप्ति मध्ये म.ले.प.फा. नं.२७२ मा जम्मा रु.१० अर्ब ८० करोड ४० लाख ९६ हजार रहेको देखिन्छ भने म.ले.प.फा. नं. २७५ मा रु.१० अर्ब १८ करोड १० लाख ५८ हजार देखिन्छ । उक्त विवरण अनुसार म.ले.प.फा.नं. २७५ भन्दा म.ले.प.फा.नं. २७२ मा रु.६२ करोड ३० लाख ३८ हजार बढी प्राप्ति भएको देखिन्छ ।
- पालिकाको वित्तीय विवरण म.ले.प.फा. नं. २७२माजम्मारु.९ अर्ब ६१ करोड ४८ लाख २ हजार भुक्तानी भएको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा रु.९ अर्ब १८ करोड २३ लाख ६९ हजार भुक्तानी भएको देखिन्छ । उक्त विवरण अनुसार वित्तीय विवरण म.ले.प.फा. नं. २७२ मा वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा भन्दा रु.४३ करोड २४ लाख ३३ हजार बढी भुक्तानी भएको देखिन्छ ।
- गत आर्थिक वर्षको मौज्दात रु.१४ अर्ब १५ करोड ५५ लाख ६८ हजार रहेको देखिन्छ यस वर्षको मौज्दात सार्दा रु.१४ अर्ब १७ करोड ७८ लाख ६९ हजार सारेको देखिन्छ । गत वर्षको मौज्दात भन्दा यस वर्षको मौज्दात रु.२ करोड २३ लाख १ हजार बढी सारेको देखिन्छ ।
- वित्तीय विवरण म.ले.प.फा.नं. २७२ र वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा CGAS तर्फको रु.१ अर्ब ५८ करोड ८१ लाख ४० हजार बजेट समावेश भएको छैन ।
- महानगरपालिका अन्तर्गत रहेका २ जग्गा एकिकरण आयोजना तथा हनुमानढोका दरबार संरक्षण कार्यक्रमको आय व्यय उल्लेखित वित्तिय विवरण एवं प्रतिवेदनमा समावेश भएको देखिएन ।
- महानगरपालिका अन्तर्गत संचालित जग्गा एकिकरण आयोजना र हनुमानढोका संरक्षण कार्यक्रमलाई दिएको सापटी, शेयर लगानी तथा दिर्घकालीन ऋण लगायतका रकमहरु वित्तिय विवरण एवं प्रतिवेदनमा समावेश गरेको देखिएन ।

महानगरपालिकाले पालिकाको वित्तीय विवरण एवं प्रतिवेदनलाई यथार्थ वित्तिय अवस्थाको चित्रण गर्ने गरी विश्वसनीय बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **बैंक हिसाब मिलान -** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । महानगरपालिकाको यस आर्थिक वर्षको बैंक हिसाब मिलानको अवस्था देहाय बमोजिम रहेको छ ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी रु. | बैंक स्टेटमेण्ट अनुसार बाँकी रु. | फरक रु. |
|---|---|---|---|
| संचित कोषखाता | १४५५८२९१७७२.६३ | १२२७०५५६३४६.६८ | २२८७७३५४२५.९५ |
| विविध कोष खाता | ३०१२०८९३२ | ३०२३१००२१.३५ | ११०१०८९.३५ |
| प्रकोप व्यवस्थापन कोष | १०११७१९५९.४० | १०२१९४७०४.४० | १०२२७४५ |
| धरौटी कोष खाता | ३५६११४०२९.४७ | ३८६६६३०५५.४० | ३०५४९०२५.९२ |
| **जम्मा** | **१५३१६७८६६९३.५०** | **१३०६१७२४१२७.८३** | **२३२०४०८२८६.२२** |

उपरोक्त विवरण अनुसार पालिकाको श्रेष्ता अनुसार बाँकी रु.१५ अर्ब ३१ करोड ६७ लाख ८६ हजार र बैंक स्टेटमेण्ट अनुसार रु.१३ अर्ब ६ करोड १७ लाख २४ हजार बाँकी रहेको देखियो । उक्त विवरण अनुसार पालिकाको श्रेस्तामा र बैंकमा रु. २ अर्ब ३२ करोड ४ लाख ८ हजार फरक देखियो । यस सम्बन्धमा वडा कार्यालयको निकासा फिर्ता र आम्दानी बाँधेका कारणले हिसाब भिडान नभएको पालिकाको भनाई छ । त्यसैले बैंक हिसाब मिलान एवं समायोजन गरी यथार्थ वित्तीय विवरण तयार गर्नुपर्दछ ।

५ **लगानी तथा सापटी हिसाबको लेखांकन -** नेपाल सार्वजनिक क्षेत्र लेखामानले शेयर लगानी तथा सापटी हिसाबको लेखाङ्कन गरी अनुसूचीमा रकम सहितको कारोबारको व्यहोरा लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् :

- मनोहरा जग्गा एकिकरण आयोजनालाई सापटी रु.१५ करोड ८५ लाख, हनुमानढोका दरबार संरक्षण कार्यक्रमलाई रु.३१ करोड ५० लाख समेत जम्मा रु.४७ करोड ३५ लाख सापटीदिएको तथा फिर्ता भएको रकम सम्बन्धित बजेट शिर्षकबाट खर्च जनाई भुक्तानी गरेकोमा स्पष्ट निकायगत हिसाब देखिने गरी अभिलेख राखेको छैन ।
- जसबाट पालिकाको यस्तो प्रकारको अन्य आयोजना वा अन्तर्गतका निकायलाई समेत दिए/नदिएको तथा सापटी मध्ये फिर्ता भई प्राप्त गर्न बाँकी रहे/नरहेको सम्बन्धमा यकिन गर्न सक्ने अवस्था रहेन ।
- पालिकाले साझा यातायात, काठमाडौं उपत्यका खानेपानी लि. र साझा सेवा सहकारी संस्था लि. समेत गरी ३ निकायमा रु.१६ करोड शेयर लगानी गरेकोमा सोको व्यहोरा देखिने गरी वित्तिय विवरण तयार गरेको छैन ।

सापटी तथा लगानी सम्बन्धी कारोबारको उचित लेखाङ्कन नभएको व्यहोरा गत विगतको प्रतिवेदनमा समेत औंल्याएकोमा यस वर्ष समेत सुधार भएको पाइएन । त्यसैले सापटी र लगानी हिसाबको अनुसूची तथा वित्तिय विवरणमा देखिने गरी लेखाङ्कन प्रणालीमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६ **दीर्घकालीन ऋणको लेखांकन -** महानगरबाट प्राप्त विवरण अनुसार एशियाली विकास बैंकबाट प्राप्त दिर्घकालीन ऋण रु.३५ करोड ५३ लाख ९७ हजार र एशियाली विकास बैंकबाट नै विष्णुमती लिंक रोडका लागि लिएको रु.६ करोड ६२ लाख १५ हजार समेत गरी जम्मा रु.४२ करोड १६ लाख १२ हजार ऋण विगत वर्षहरु देखि नै रही आएको छ । पालिकासँग उक्त ऋणको भुक्तानी तालिका नरहेको तथा ऋणको साँवा र ब्याज समेत भुक्तानी गरेको छैन । साथै पालिकाको वित्तीय विवरणमा ऋण दायित्वको लेखांकन गरेको समेत देखिएन । त्यसैले ऋण भुक्तानी तालिका प्राप्त गरी सो अनुरुप साँवा र ब्याज भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा३२ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेव्यवस्था छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशील बमोजिम रहेका छन् ।

- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) मा तोकिए बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेको ।
- आयकर ऐनको व्यवस्था बमोजिम कर्मचारी प्रोत्साहन भत्तालाई कर्मचारीको रोजगारीको आयमा गणना नगरी १० देखि १५ प्रतिशतका दरले अन्तिम भुक्तानीको रुपमा कर कट्टी गरेको ।
- महानगर भित्र रहेका कतिपय सम्पति करका ठुला करदाता तथा व्यवसाय र बहाल करका करदाताहरु समेत करको दायरा भन्दा बाहिर रहेका ।
- सम्पत्ति, व्यवसाय तथा बहाल कर लगायत करारीय राजस्व र प्रदेश सरकारले तोकेका करको प्रशासकीय र नियमन क्षमता सुधार गर्नुपर्ने देखिएको ।
- सहकारी ऐनको व्यवस्था बमोजिम पालिकाको कार्यक्षेत्रमा पर्ने सहकारी संस्थाहरुको अनुगमन नभएको ।
- वचतकर्ताबाट प्राप्त उजुरी उपर प्रारम्भिक छानवीन एवं तहकीकात समेत नगरी सहकारी संस्थाका संचालक र निजका परिवारका नाममा रहेको सम्पत्ति तथा जग्गा रोक्का गर्न सम्बन्धित मालपोत कार्यालयहरुमा पत्राचार गर्ने गरेको ।
- महानगरको शिक्षा ऐन तथा आर्थिक ऐनको व्यवस्था अनुसार संस्थागत विद्यालयले आर्जन गरेको शिक्षण शुल्कको पाँच प्रतिशत रकम प्राप्त गरी शिक्षा कोषमा रकम दाखिला नगरेको ।
- फोहोरमैला व्यवस्थापन ऐनको मनसाय अनुरुप निजी क्षेत्रबाट संकलित फोहोरमैला व्यवस्थापन शुल्कलाई आम्दानीको दायरामा ल्याउन नसकेको ।
- भवन संहिता बमोजिम भवन संरचनाको नक्सा पास नगरी निर्मित प्रतिष्ठान र संघ संस्थाहरुको भवन निर्माणका लागि अनुदान रकम भुक्तानी भएको ।
- सरकारी तथा सार्वजनिक जग्गामा नक्सा पास विना भवन/संरचना निर्माण गर्ने योजना स्वीकृती र कार्यान्वयन हुने गरेको ।
- अक्षय कोषहरु अभिलेख राखी प्रभावकारी अनुगमन नगरेको ।
- पालिकामा रहेका निष्क्रिय कोषहरु बन्द गर्ने सम्बन्धमा कारबाही नगरेको ।

- वित्तीय विवरणको शुद्दता, यथार्थता र विश्वसनीय बनाउन सबै आर्थिक कारोबारहरु समावेश हुने गरी वित्तिय विवरण तयार गर्नुपर्ने देखिएको ।

तसर्थ महानगरपालिकाले आन्तरिकनियन्त्रण प्रणाली प्रभावकारी र विश्वशनीय बनाई वित्तिय प्रतिवेदनको शुद्दता कायम गर्दै विषयगत कार्य सम्पादन क्षमताका साथै संस्थागत सुधारका पक्षमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## बजेट र खर्च व्यवस्थापन

८ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस महानगरपालिकामा उप-प्रमुखले मिति २०७९।०३।१० गते रु.२५ अर्ब ४१ करोड ९६ लाख ९६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।१० मा नै पारित भई समयमै बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

९ **बजेट विनियोजन -** आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ । **(रु. हजारमा)**

| कुल बजेट रु. (संशोधन सहित) | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत | वित्तीय | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २२,८२,५०,१८ | ८,०३,६६,८७ | ३५.२१ | १४,४८,९८,०७ | ६३.४८ | २९,८५,२४ | १.३१ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.२२ अर्ब ८२ करोड ५० लाख १८ हजार बजेट विनियोजन गरेकोमा चालु तर्फ ३५.२१ प्रतिशत र पूँजीगत तर्फ ६३.४८ प्रतिशत र वित्तीय व्यवस्थापन तर्फ १.३१ प्रतिशत बजेट विनियोजन भएको छ ।

१० **बजेट तथा पूँजीगत खर्च -** पालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ । **(रु. हजारमा)**

| क्र.स. | आर्थिक वर्ष | बजेट रु. | पूँजीगत खर्च रु. | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९।८० | १४,४८,९८,०७ | ३,७५,५२,२६ | २५.९२ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.१४ अर्ब ४८ करोड ९८ लाख ७ हजार विनियोजन गरेकोमा रु.३ अर्ब ७५ करोड ५२ लाख २६ हजार खर्च गरेको छ । जुन पूँजीगत विनियोजित बजेटको तुलनामा २५.९२ प्रतिशत हुन आउँछ । उक्त रकममा ३२ वटा वडा कार्यालयबाट भएको पूँजीगत खर्च रु.१ अर्ब

८४ करोड ६० लाख समेत समावेश भएको छ । जसमा ३२ वडाबाट भएको पूँजीगत खर्च घटाउदा पूँजीगत खर्चको ५०.८४ प्रतिशत मात्र महानगरपालिकाको केन्द्रबाट खर्च भएको देखिन्छ ।

११ **बजेट तथा चालु खर्च -** पालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ । **(रु. हजारमा)**

| क्र.स. | आर्थिक वर्ष | बजेट रु. | चालु खर्च रु. | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ८,०३,६६,८७ | ५,२१,८६,४३ | ६४.९४ |

पालिकाले यस वर्ष चालु तर्फ रु.८ अर्ब ३ करोड ६६ लाख ८७ हजार विनियोजन गरेकोमा रु.५ अर्ब २१ करोड ८६ लाख ४३ हजार खर्च गरेको छ । जुन विनियोजित चालु बजेटको तुलनामा ६४.९४ प्रतिशत हुन आउँछ ।

१२ **मौज्दात रकम -** पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु.९ अर्ब १८ करोड २३ लाख ६९ हजार खर्च गरेको छ भने पालिकाको खातामा रु.१५ अर्ब २७ करोड ८८ लाख ४१ हजार मौज्दात बाँकी रहेको छ । उक्त रकम खर्च नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले लक्षित योजना एवं कार्यक्रमहरु तोकिएको समयमा प्रभावकारी रुपमा संचालन गर्नुपर्दछ ।

१३ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । **(रु.हजारमा)**

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | १५७२५ | ० | ० | ४९५ | १५२३० | १४०३० |
| २ | प्रदेश पूँजीगत | ३४८०९ | ० | ७१० | १३०५ | ३२७९३ | ५५१७ |
| ३ | पालिका पूँजीगत | ३७०४६९० | ५७५२९६ | ५४३०६१ | ८३७८९२ | १७४८४४० | १०५४२३४ |
| **कूल खर्च** | | **३७५५२२६** | **५७५२९६** | **५४३७७१** | **८३९६९३** | **१७९६४६४** | **१०७३७८२** |
| **खर्च प्रतिशत** | | **१००** | **१५.३१** | **१४.४८** | **२२.३६** | **४७.८३** | **२८.५९** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ४७.८३ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र २८.५९ प्रतिशत खर्च भएको छ । त्यसैले तोकिएको समयमा ठेक्का/निर्माण कार्य व्यवस्थापन गरी चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रणालीमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । **(रु. हजारमा)**

| मुख्य क्षेत्र | वार्षिक पूँजीगत बजेट खर्च रु. | खर्च रकम रु. | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| यातायात पूर्वाधार | ३७५५२२६ | ११०००४८ | २९.२९ |
| संचार तथा सूचना प्रविधि | | ५४८४७ | १.४६ |
| खानेपानी तथा सरसफाई | | ११९७५ | ०.३१ |
| भवन निर्माण | | १८१२५३१ | ४८.२६ |
| सम्पदा पूर्वाधार | | ३६८०७६ | ९.८० |

उपरोक्त विवरण अनुसार पालिकाले पूँजीगत बजेट खर्च रु.३ अर्ब ७५ करोड ५२ लाख २६ हजार लेखेकोमा भवन निर्माणमा ४८.२६ प्रतिशत, यातायात पूर्वाधारमा २९.२९ प्रतिशत, सम्पदा पूर्वाधारमा ९.८० प्रतिशत संचार तथा सूचना प्रविधिमा १.४६ प्रतिशत, खानेपानी तथा सरसफाईमा ०.३१ प्रतिशत, र बजेट खर्च भएको देखिन्छ ।

१५ **अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान समबन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहाय बमोजिमको संघीय सरकार र प्रदेश सरकार सशर्त अनुदान रु.४,५०,४३,६६४.६५ खर्च नभइ बाँकी रहेको रकम पालिकाले सम्बन्धित निकायमा फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | सशर्त | १५८८१८३९००.४४ | १५६८९७८०३५.४६ | १९२०५८६४.९८ |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ० | ० | ० |
| **प्रदेश सरकार** | सशर्त | ७३२६८६६० | ४७४३०८६०.३३ | २५८३७७९९.६७ |
| | विशेष | ० | ० | ० |
| | समपुरक | ० | ० | ० |
| | **जम्मा** | **१६६१४५२५६०.४४** | **१६१६४०८८९५.७९** | **४५०४३६६४.६५** |

१६ **फुटपाथ व्यवस्थापन -** महानगर भित्र शहरी क्षेत्रको फुटपाथमा साना व्यापारीले साना पसलहरु संचालन गरी आवतजावतमा असर पारेको जनगुनासो रहेको सन्दर्भमा बाटो हिड्ने पैदलयात्री स्वतन्त्र रुपमा हिड्न सक्ने अवस्थामा समेत असर परेको छ । त्यसैगरी अति सम्वेदनशील क्षेत्र तथा बस चढ्ने र झर्ने क्षेत्रमा सुरक्षा उपकरण सहित उपयुक्त संरचना निर्माण गरी सडक क्षेत्रमा अव्यवस्थित र अनधिकृत व्यपार/व्यवसाय

गर्ने अवस्थामा नियन्त्रण गर्दै पैदल यात्री तथा फरक शारिरीक क्षमता भएका व्यक्तिहरुका लागि समेत निर्बाध पैदल आवागमनमा सहज हुने गरी सुरक्षित फुटपाथ संरचनाको निर्माण कार्यलाई थप प्राथमिकता एवं निरन्तरता दिनुपर्दछ ।

## योजना छनौट र कार्यान्वयन

१७ **योजना छनौट र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । संघीय राजधानीमा रहेको पालिकाले बजेट विनियोजन गर्दा ठुला र प्राथमिकता प्राप्त योजना छनौट र निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत ध्यान दिनुपर्दछ । साथै महानगरपालिकाले योजना बैंक र मध्यकालिन खर्च संरचनाको अवधारणा कार्यान्वयन तर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ ।

१८ **सार्वजनिक जग्गामा संरचना निर्माण योजना -** सार्वजनिक जग्गामा संरचना निर्माण योजना - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । ऐनको दफा ३९(५) मा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा नक्सा पास नगरी भवन बनाएको भए पाँच लाख रुपैयाँ सम्म र पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन बनाएको भए दुई लाख रुपैयाँ सम्म जरिवाना गरी अध्यक्ष वा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिने व्यवस्था छ भने ऐनको दफा ४१(१) मा उल्लेखित व्यवस्था विपरित निर्माण भएको भवन, संरचना भत्काउनु पर्ने र लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने व्यवस्था छ । यस वर्ष सार्वजनिक जग्गामा नक्सा पास नगरी भवन निर्माण गर्न स्वीकृत र कार्यान्वयन भएका योजनाका केही उदाहरणहरु देहाय बमोजिम छन् :

| क्र.स. | स्रोत | योजनाको नाम | बजेट रु. | खर्च रु. |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | तीलगंगा नित्यनाथ भवन निर्माण | १०,००,००० | ९,६४,७६९ |
| २ | | अनामनगर क्रियापुत्री भवन निर्माण | २९,००,००० | २६,१४,०६५ |
| ३ | | टुडालदेवी मन्दिर नजिक सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण (आ.ब. २०७७/७८ मा समेत रु.४० लाख बजेट व्यवस्था भई रु.३४ लाख ८० हजार खर्च भएको ।) | २९,०७,५०० | २६,२२,१०१ |
| **जम्मा** | | | **६८,०७,५००** | **६२,००,९३५** |

यसरी सार्वजनिक जग्गामा कानून बमोजिम उक्त जग्गाको स्वामित्व एवं भोगाधिकार नलिई भवन संहिता विपरित हुने गरी नक्सा पास बेगर भवन निर्माण योजना तर्जुमा, स्वीकृति र कार्यान्वयन गर्नु उपयुक्त देखिएन । त्यसैले आगामी दिनमा सार्वजनिक र सरकारी जग्गामा कानून बमोजिम स्वामित्व र भोगाधिकार नलिई भवन निर्माण योजना स्वीकृत एवं कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१९ **स्वर्णीम र गौरवका आयोजनाहरु -** महानगरपालिकाले आगामी ३ आर्थिक वर्षमा सम्पन्न गर्ने गरी २५ वटा स्वर्णीम र १० वटा गौरवका आयोजनाहरु संचालनमा ल्याएको छ । स्वर्णीम र गौरवका आयोजनाहरु मध्ये केही आयोजनाहरुको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ ।

| सि नं | योजनाको नाम | योजनाको प्रकार | विनियोजित बजेट (हजारमा) | योजना संचालनको उद्देश्य |
|---|---|---|---|---|
| १ | उज्यालो सहर मेरो महानगर | गौरव | ३,००,००० | शान्ति तथा सुब्यवस्था कायम गर्ने । |
| २ | धुलो रहित सडक | गौरव | १०,००,००० | स्वास्थ्य र वातावरण प्रबर्द्दन । |
| ३ | खेलकुद पूर्वाधार प्रबर्द्दन | स्वर्णीम | ८०,००० | खेलकुद विकास तथा शारीरिक र मानसिक स्वास्थ्य प्रबर्द्दन । |
| ४ | पूर्वाधार एम्वुलेन्स | स्वर्णीम | २,५०,००० | द्रुत सडक मर्मत तथा स्तरोन्नतिको प्रत्याभूति । |
| ५ | सुन्दर महानगर | स्वर्णीम | २,५०,००० | सस्कृतिप्रबर्द्दन । |

उपर्युक्त विवरण अनुसार पालिकाले स्वर्णीम र गौरवका योजनाहरु छनौटगरी यस आर्थिक वर्ष देखि संचालनमा ल्याएको देखिन्छ । महानगरपालिकाले स्वर्णीम र गौरवका आयोजना छनौट गर्दा तात्विक सकारात्मक असर र प्रभाव देखिने योजनाहरुको तर्जुमा, संचालन र कार्यान्वयनमा विशेष ध्यान दिनुपर्दछ ।

## शहरी योजना आयोग

२० **शहरी योजना आयोग -** काठमाडौं महानगरपालिका शहरी योजना आयोग (गठन तथा संचालन कार्यविधि) ऐन, २०७५ को व्यवस्था अनुसार प्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृत सहित १३ जना सदस्यीय शहरी योजना आयोग रहने व्यवस्था भएकोमा हाल उपाध्यक्ष सहित ६ जना पदाधिकारी कार्यरत रहेका छन् । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् :

- आयोगले सम्पादन गर्ने प्रमुख कार्यहरुमा दीर्घकालीन शहरी विकास योजना निर्माण, शहरी पूर्वाधार मापदण्ड तयारी, विकास योजनाको अनुगमन मूल्यांकन, गुणस्तरीय पूर्वाधार निर्माण, डि. पि. आर. निर्माण लगायत अन्य पालिकाका अन्य विषयगत कार्यहरुमा सहयोग गर्नु रहेको छ ।
- उपाध्यक्ष र सदस्यहरुलाई क्रमशः विशिष्ट श्रेणी र राजपत्रांकित प्रथा श्रेणी सरहको तलब सुविधामा सवारी साधन तथा ईन्धन वापत शत प्रतिशत थप गरी सेवा सुविधा भुक्तानी हुँदैं आएको छ । जस अनुसार यस वर्ष पदिधकारी तलब भत्ता सुविधामा रु.९७ लाख ३७ हजार खर्च भएको छ ।
- आयोगमा विभिन्न विषयका विज्ञका रुपमा छैठौं, सातौं र आठौं तहको तलब भत्ता भुक्तानी हुने गरी १४ सहायक विज्ञहरु कार्यरत रहेका छन् । उनीहरुका लागी यस वर्ष रु.८५ लाख २४ हजार खर्च भएको छ ।

यस सम्बन्धमा छलफल गर्दा विगतमा डि.पि.आर. लगायतका कार्यमा ठूलो धनराशी खर्च हुने गरेकोमा हाल प्रायः डि.पि.आर. सम्बन्धी सबै कार्यहरु आयोगबाट नै हुने गरेको पालिकाको भनाई छ । त्यसैगरी महानगरपालिकाको पूँजीगत खर्च न्यून भईरहेको सन्दर्भमा पूँजीगत खर्चको वृद्धि, शहरी पूर्वाधार मापदण्ड

निर्माण, शहरी योजना तर्जुमा र योजना बैंक निर्माणका साथै योजना कार्यान्वयन र सोको अनुगमन समेतका विषयमा नतिजामूखी सुधार भई आयोगको औचित्य पुष्टी हुनुपर्दछ । यद्यपि यस प्रकारको आयोग गठन गरी सदस्य तथा विज्ञहरु नियुक्ती गर्दा प्रचलित संघीय र प्रदेश कानून समेतलाई मध्यनजर गरी तलब भत्ता भुक्तानी गर्ने एवं सार्वजनिक खर्च मितव्ययिता कायम गर्ने तर्फ समेत ध्यान दिनुपर्दछ ।

## ठेक्का तथा निर्माण कार्य व्यवस्थापन

२१ **निर्माण कार्य व्यवस्थापन -** महानगरपालिकाको केन्द्र तर्फयस आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ । **(रु. हजारमा)**

| योजना संख्या | ठेक्का मार्फत् | | उपभोक्ता समिति मार्फत् | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| १९२ | १६७ | २,०८,७२,१४ | २५ | १५,२०,१७ |

यस आर्थिक वर्षमा महानगरपालिकाको केन्द्रबाट संचालित कुल १९२ योजना मध्ये ठेक्का मार्फत १६७ वटा योजनामा रु.२ अर्ब ८ करोड ७२ लाख १४ हजार खर्च गरेको छ, भने उपभोक्ता समिति मार्फत सञ्चालित २५ योजनामा रु. १५ करोड २० लाख १७ हजार खर्च गरेको छ । अर्थात् १९२ योजनामा भएको खर्च मध्ये ९३.२१ प्रतिशत ठेक्का प्रक्रिया र ६.७८ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ ।

२२ **ठेक्का प्रतिस्पर्धा (महानगरपालिका केन्द्र तर्फ) -** पालिकामा यस आर्थिक वर्षमा भएका ठेक्का मध्ये केहीको प्रतिस्पर्धाको स्थिति अनुसूची - ३ मा उल्लेख गरिएको छ । अनुसूची - ३ मा उल्लेखित विवरण अनुसार पालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी Road Marking and Lane Marking Works at different places of Kathmandu Metropolitan city (ward1-32) योजनामा लागत अनुमानको तुलनामा ५७.५६ प्रतिशत घटीमा ठेक्का सम्झौता गरेको छ भने सबै भन्दा कम Temporary Building Construction Works at Judha Barun Yantra Office, New Road, KMC-02 योजनामा लागत अनुमानको तुलनामा ०.६ प्रतिशत घटीमा ठेक्का सम्झौता गरेको छ । उल्लेखित ५७ वटा ठेक्कामा लागत अनुमानको तुलनामा औसत १६.४३ प्रतिशत घटीमा ठेक्कामा सम्झौता भएको छ । **विस्तृत विवरण बेरूजु अनुसूची – २ मा संलग्न छ ।**

२३ **वडा कार्यालय तर्फको सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । यस वर्ष महानगरपालिका अन्तर्गतका ३२ वटा वडा कार्यालयहरुले सोझै खरिद विधिबाट गरेको खरिद कारबाही देहाय बमोजिमको रहेको छ ।

| वडा नं. | योजना संख्या | लागत अनुमान रकम रु. | सम्झौता रकम रु. | औसत घटी प्रतिशत |
|---|---|---|---|---|
| १ | २३ | २०४३३०३८.०४ | २०२१०१७९ | १.१ |
| २ | ३० | २५५७८७४६ | २५३४८३२६ | ०.९१ |

| | | | | |
|---|---|---|---|---|
| ३ | ८७ | ६८६३८५०३.६१ | ६७८६५५९९ | १.१४ |
| ४ | १०० | ८०७९३१७०.९१ | ८०१३८३८९ | ०.८२ |
| ५ | ४५ | ३१८७२१६६ | ३०७२६४८५ | ३.७३ |
| ६ | ५२ | ४९३७३६५६ | ४९२१९८४८ | ०.३१ |
| ७ | ९२ | ८२९६४२३७.८२ | ८२६६७१८४ | ०.३६ |
| ८ | ३२ | २५४०१२८९.४६ | २५३०९१८६ | ०.३६ |
| ९ | ७९ | ८३६२३४६०.२४ | ८०४५९७४०.९९ | ३.९३ |
| १० | ७९ | ७१९७५७५०.७१ | ७१८०२७८२ | ०.२४ |
| ११ | २१ | १८२५६०८५ | १८१७४९०६ | ०.४५ |
| १२ | ५० | ४२९६६२२३.४५ | ४२८३७३९० | ०.३० |
| १३ | ४३ | ३८०४९७३८ | ३७८४०१८२ | ०.५५5 |
| १४ | ८२ | ६७७५६७८३ | ६७२८९८३५ | ०.६९ |
| १५ | ८५ | ७८७४१३०१ | ७८३८९९५० | ०.४५ |
| १६ | ९४ | ९१०१४२८७.३९ | ९०३२८०४१ | ०.७६ |
| १७ | ४४ | ४०९६८११४.४६ | ४०६४८५१७ | ०.७९ |
| १८ | ४६ | ४६६१०७६२ | ४६३७७७०८.७१ | ०.५० |
| १९ | ५३ | ४७१८०२८८ | ४७०२१९९५ | ०.३४ |
| २० | ३५ | २६८८५९६९ | २५७५९६३४ | ४.३७ |
| २१ | ४० | २४९९१०५३ | २४६६३९३३ | १.३३ |
| २२ | ३१ | २३८१४६५४ | २३४१८९०६ | १.६९ |
| २३ | ५१ | ४४६६४१२८ | ४३४४५३३५ | २.८१ |
| २४ | ४० | ३२६३५४३४ | ३२४३९१८४ | ०.६० |
| २५ | ३७ | ३०७२८३२७ | ३०५७२५८७ | ०.५१ |
| २६ | ८९ | ९७२५२०५८ | ९२७७४१४६.६७ | ४.६० |
| २७ | ४९ | ४५८९७८२२.०७ | ४५६३५२८९.५४ | २.२३ |
| २८ | ४५ | ३९२२६०१८ | ३९०९२०७१ | ०.३४ |
| २९ | ३९ | ३१८९४६४७ | ३१६९५००३ | ०.६३ |
| ३० | २९ | २५९४३२४२ | २५६३७७१७ | १.१९ |
| ३१ | ७३ | ६७१५६१३८ | ६५४९५९२८ | २.५३ |
| ३२ | ४८ | ४०६२६६६७ | ४०५४७४६३ | ०.२० |
| **जम्मा** | **१७४३** | **१५४३९१३७६०.७४** | **१५२३८३३४४७.३९** | **१.२७** |

उपरोक्त विवरण अनुसारका महानगरपालिका अन्तर्गतका ३२ वटा वडामा निर्माण व्यवसायी मार्फत् सोझै खरिद विधिबाट गरेका १६९४ वटा निर्माण कार्यको जम्मा रु.१ अर्ब ५४ करोड ३९ लाख १३ हजारको लागत अनुमान तयार गरी रु.१ अर्ब ५२ करोड ३८ लाख ३३ हजारमा ठेक्का सम्झौता गरेको देखिन्छ । जस अनुसार उल्लेखित कार्य लागत अनुमानको तुलनामा न्यूनतम् -०.२० देखि अधिकतम् -४.६० प्रतिशत सम्ममा घटीमा ठेक्का सम्झौता भई समग्र निर्माण कार्यमा औसतमा -१.२७ प्रतिशत न्यूनमा ठेक्का सम्झौता भएको देखिन्छ । अधिकांश निर्माण कार्यको लागत अनुमानको तयारी, कोटेशन माग, खरिद सम्झौता र निर्माण बिल स्वीकृति लगायतका कार्यहरु वडा अध्यक्षबाट हुने गरेको देखिएको छ भने हरेक निर्माण कार्यमा ३ वटा कोटेशन लिई सोझै खरिद गर्ने तथा लागत अनुमानकै हाराहारीमा निर्माण सम्झौता हुनुलाई

उचित र प्रतिस्पर्धात्मक मान्न सक्ने अवस्था समेत रहेन । तसर्थ निर्माण कार्यमा प्रशासनिक कर्मचारीलाई नै जिम्मेवार बनाई राजनैतिक पदाधिकारीलाई योजना संचालन र त्यसको गुणस्तर जाँच एवं अनुगमन अनुगमन गर्ने कार्यमा संलग्न गर्ने/गराउने तर्फ ध्यान दिनुपर्दछ ।

२४ **प्रतिस्पर्धा विश्लेषण -** महानगरपालिकाको केन्द्रबाट सम्पन्न भएका ५७ वटा ठेक्कामा लागत अनुमानको तुलनामा औषत १६.४३ प्रतिशत न्यूनमा ठेक्का सम्झौता भएको देखिन्छ । वडा कार्यालयहरुबाट सम्पन्न भएका योजनाहरु कोटेशन मार्फत् सोझै खरिद गर्दा भने लागत अनुमानको तुलनामा १.२७ प्रतिशत न्यूनमा ठेक्का सम्झौता भएको देखिन्छ । त्यसैले वडा तर्फ समेत ठेक्का प्रतिस्पर्धाबाट खरिद कार्य संचालन गरेको भए महानगरपालिकाको केन्द्र तर्फका ठेक्कामा घटेको औषत १६.४३ प्रतिशतका आधारमा न्यूनतम् रु.२३ करोड ४० लाख ५७ हजार महानगरपालिकाको स्रोत बचत हुने देखिन्छ । त्यसैले वडा कार्यालयहरु मार्फत् हुने निर्माण कार्यमा प्रचलित कानुन, योजनाको प्रकृति, आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रतिस्पर्धात्मक विधिबाट निर्माण कार्य गर्ने/गराउने तर्फ ध्यान दिनुपर्दछ ।

## सार्वजनिक जग्गा/सम्पत्तिको संरक्षण र उपयोग

२५ **सार्वजनिक जग्गा/सम्पत्ति उपयोगको अवस्था -** यस प्रयोजनमा लागु नहुनेसार्वजनिक जग्गा/सम्पत्ति उपयोगको अवस्था - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ अनुसार गाँउपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत-सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

- महानगरपालिकाले गठन गरेको कार्यदलले दिएको प्रतिवेदन “सार्वजनिक जग्गा तथा भवनहरुको लगत तथा विवरण प्रतिवेदन, २०७८” मिति २०७८/३/२१ मा पेश गरेको ।
- प्रतिवेदनमा महानगरपालिका भित्रका सार्वजनिक, सरकारी, पर्ति, गुठी लगायतका जग्गाहरुको कित्तावाईज विवरण उल्लेख गरेको ।
- प्रतिवेदन अनुसार महानगरपालिका अन्तर्गत सार्वजनिक/सरकारी जग्गामा निर्माण भएका कतिपय भवन संरचनाको नियमानुसार स्वामित्व र भोगाधिकार प्राप्त भएको नभएको ।
- सार्वजनिक/सरकारी जग्गामा महानगरपालिकाबाट विभिन्न क्लब/संस्थाका नाममा सार्वजनिक कोष प्रयोग भई नक्सा पास बेगर भवन संरचना निर्माण भएकोमा त्यस्ता भवनहरु पूनः महानगरपालिका लगायत अन्य निकायले नै भाडामा लिई प्रयोगमा ल्याएको जानकारी प्राप्त हुन आएको ।
- विगतमा निश्चित प्रयोजनका लागि भोगाधिकार दिईएको सरकारी/सार्वजनिक जग्गाहरु उद्देश्य अनुसार प्रयोग भए/नभएको तथा त्यस्तो भोगाधिकारको औचित्य हाल कायम रहे नरहेको सम्बन्धमा अध्ययन नभएको ।

त्यसैले महानगर क्षेत्र भित्र रहेका सार्वजनिक, पर्ति, सरकारी जग्गाहरुको संरक्षण गर्दै विभिन्न संघ-संस्थालाई भोगाधिकार दिइएका जग्गाहरुको प्रयोग, त्यसको आवश्यकता र औचित्य समेत विचार गरी उद्देश्य भन्दा

फरक प्रयोजनमा उपयोग भएका जग्गाहरुको प्रयोग सम्बन्धमा छानवीन गरी त्यस्ता जग्गाहरुको भोगाधिकार रद्ध वा बदर गर्ने प्रयोजनका लागि संघीय सरकारसँग आवश्यक समन्वय गर्नुपर्ने देखिन्छ ।

२६ **खोलाको जग्गा व्यक्तिका नाममा दर्ता -** मनोहरा जग्गा एकिकरण आयोजनाले २०७९/५/२३ मा नापी कार्यालय भक्तपुरलाई गरेको पत्राचार अनुसार आयोजना क्षेत्र अन्तर्गत रहेको २०२१ सालको नापी नक्सामा साविक दिव्यश्वरी ७ (ख) मनोहरा खोला जनिएको कित्ता नं. २४५ विभिन्न व्यक्तिहरुको नाममा दर्ता भई हाल साविक दिव्यश्वरी वडा नं. ७ (ख) कित्ता नं. २६४, २५७, २६६, २८४, २८३ र २६५ कायम भएको सम्बन्धमा जग्गा दर्ता प्रक्रिया र अन्य आवश्यक विवरणहरु माग गरेकोमा लेखापरीक्षण अवधिसम्म पनि नापी कार्यालय भक्तपूरबाट सोको जवाफ प्राप्त भएको छैन । त्यसैले नापी कार्यालय र अन्य सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरी खोलाको नाममा रहेको कित्ता नं. २४५ व्यक्तिको नाममा दर्ता भएको सम्बन्धमा छानवीन गरी यकिन गर्नुपर्दछ ।

२७ **कान्ति सांस्कृतिक केन्द्रले उपयोग गरेको जग्गा -** महानगरपालिकाको वडा ३ नं महाराजगंज वडा कार्यालयसँगै राष्ट्रपति कार्यालय अगाडी कित्ता नं ३ को करिब ४ रोपनी जग्गा कान्ति साँस्कृतिक केन्द्रले लामो समय देखि पार्किङ्ग तथा अन्य उपभोगमा प्रयोग गरी आय आर्जन गर्दै आएको व्यहोरा प्राप्त भएको छ । उक्त जग्गाको स्वामित्व र निजले उपयोग गरेको जग्गा सम्बन्धमा विवरण माग गर्दा प्राप्त हुन सकेन । उक्त केन्द्रले उपयोग गरेको जग्गा सम्बन्धी निर्णय र सोका शर्त तथा उक्त जग्गाको उद्देश्य अनुरुपको कार्यमा प्रयोग भए नभएको सम्बन्धमा यकिन गरी सरकारी/सार्वजनिक उपयोगमा ल्याउन छानवीन एवं कारबाहीका लागि सम्बन्धित निकायसँग समन्वय हुनुपर्दछ ।

२८ **सामुदायिक विद्यालयको जग्गा लिज र पूर्वाधार निर्माण -** महानगरपालिकाको वडा नं १७ मा रहेका जुद्धोदय माध्यामिक विद्यालयको जग्गा लिजमा दिई भौतिक पूर्वाधार निर्माण गरी व्यवसायिक कार्यमा प्रयोगमा ल्याउन तरुण निर्माण सेवा प्रा. लि. बीच मिति २०६५।१।४ मा द्विपक्षीय सम्झौता र त्यस पश्चात् विभिन्न मितिमा फरक सम्झौताहरु भएकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन्

- शिक्षा ऐन, २०२८ को दफा १६ अनुसार सामुदायिक विद्यालयको जग्गा सार्वजनिक सम्पत्ति मानिने र मालपोत ऐन, २०३४ को दफा २४(१) अनुसार नेपाल सरकारले आवश्यक ठानी गरेको निर्णय बाहेक सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता वा आवाद गर्न गराउन नपाइने व्यवस्था रहेको ।
- विद्यालयको जग्गा धितो वा बन्धक राख्न नसकिने कानूनी व्यवस्था रहेको ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) (ज) (९) अनुसार सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन गर्ने काम, कर्तव्य र अधिकार महानगरपालिकाको रहेको ।
- विद्यालयको जग्गा लिजमा दिने गरी चितवन उच्च माध्यामिक विद्यालयको लिज सम्झौता सम्मानीत सर्वोच्च अदालतको फैसलाबाट खारेज गरिएको ।

- लिज सम्झौता भएको १५ वर्ष भन्दा बढी समय व्यथित भई सक्दा समेत निर्माण कार्य सम्पन्न नगरेको तथा विद्यालयले प्राप्त गर्नुपर्ने नियमित किस्ता/रोयल्टी रकम समेत प्राप्त हुन नसकेको ।

उल्लेखित सन्दर्भमा नेपाल सरकारको निर्णय वेगर विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र निज प्रा.लि. का बीच ३० वर्षका लागि द्विपक्षीय लिज सम्झौता भई सो जग्गामा भवन निर्माणका लागि महानगरपालिकाबाट २०७३।१२।१६ मा व्यवसायिक भवनको संरचना निर्माणका लागि इजाजत प्राप्त भएको देखिन्छ । साथै विद्यालयको जग्गा धितो राखी ऋण लिएको अवस्थामा सोको प्रक्रियाबारे समेत यकिन हुनुपर्दछ । त्यसैगरी लिज सम्झौता भएको १५ वर्ष भन्दा बढी अवधि व्यतित भै सकेको स्थितिमा उक्त सम्पत्तिको संरक्षण गर्दै जग्गा लिज प्रकरण, भवन संरचना निर्माण अनुमति र सम्पत्ति धितो बन्धक अवस्था बारे समेत यकिन गरी भविष्यमा विद्यालयको हित सुनिश्चित गर्ने/गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## कानून तथा मानव अधिकार विभाग

२९ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारबाही देहाय बमोजिम रहेको छ ।

| निर्णयकर्ता | गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|---|
| न्यायिक समिति | ८७ | १२७ | २१४ | ८७ | १२७ |
| प्रमुख | १३५ | ९७ | १३२ | ९२ | १४० |
| प्रमुख प्रशासकीय अधिकृत | १० | ७ | १७ | १० | ७ |
| **जम्मा** | **२३२** | **२३१** | **३६३** | **१८९** | **२७४** |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाहीको टुङ्गो लगाउनु पर्दछ ।

३० **मुद्दा दर्ता र फैसला -** महानगरपालिका पक्ष विपक्ष भई अदालतमा रहेका मुद्दाको विवरण देहाय बमोजिम रहेको छ ।

| अदालत | गत वर्षबाट मौज्दात सरेका मुद्दा संख्या | यस आर्थिक वर्षमा थप संख्या | जम्मा संख्या | यस वर्ष फैसला भएका मुद्दा संख्या | विचाराधीन बाँकी मुद्दा संख्या |
|---|---|---|---|---|---|
| सर्वोच्च अदालत | १९७ | ३७ | २३४ | ५ | २२९ |
| उच्च अदालत | ६ | १६८ | १७४ | ८७ | ८७ |
| जिल्ला अदालत | ९० | ४५ | १३५ | ८ | १२७ |
| मध्यस्थतामा | ६ | | ६ | | ६ |
| **जम्मा** | **२९९** | **२५०** | **५४९** | **१००** | **४४९** |

उपरोक्त विवरण अनुसार महानगरपालिकामा गत वर्षबाट २९९ वटा मुद्दाको जिम्मेवारी सरी आएकोमा यस वर्ष २५० वटा थप भई जम्मा ५४९ वटा मुद्दा पुगेका छन् । उक्त मुद्दाहरु मध्ये यस वर्ष १०० वटाको फैसला भई ४४९ वटा मुद्दाहरु विचाराधीन रहेका छन् । त्यसैले विभिन्न अदालत लगायत अन्य न्यायिक निकायमा विचाराधीन रहेका मुद्दाहरु उपर विषयगत विज्ञता सहित कानूनी प्रतिरक्षा प्रणालीलाई थप प्रभावकारी र विश्वसनीय बनाउनु पर्दछ ।

३१ **कानूनी सल्लाहकार -** पालिकाले कानूनी सल्लाहकारको रुपमा ५ जनालाई नियुक्त गरी मासिक ४५ हजारका दरले वार्षिक रु.२७ लाख भुक्तानी गरेको छ । हाल महानगरपालिकामा करिब ४४९ मुद्दा अदालतमा विचाराधिन रहेको र ती मुद्दाहरु प्रतिरक्षाका लागि आवश्यक जनशक्ति नरहेकाले मुद्दाको लिखित जवाफ तयार गर्ने, अदालती बहस पैरवी एवं कानूनी प्रतिरक्षा गर्ने लगायतका कार्यहरु कानूनी सल्लाहकार मार्फत् हुँदै आएका छन् । महानगरपालिकासँग सम्बन्धित विचारधिन मुद्दा, कानूनी विवाद लगायतका कार्य पटके रुपमा कानूनी व्यवसायीबाट गराउन भन्दा कानूनी सल्लाहकार नियुक्त गरी कार्य गराउँदा सम्भावित आर्थिक दायित्व न्यून भएको पालिकाको भनाई छ ।

३२ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | ३७ |
| २. | नियमावली | ३ |
| ३. | कार्यविधि तथा निर्देशिका | ६९ |
| | **जम्मा** | **१०९** |

पालिकाले आर्थिक वर्ष २०७९।८० सम्म ३७ ऐन, ३ नियमावली र ६९ कार्यविधि तथा निर्देशिका गरी जम्मा १०९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । कतिपय स्थानीय कानूनहरु संघीय र प्रदेश कानूनसँग प्रतिकुल समेत देखिएकाले स्थानीय कानून तर्जुमा गर्दा संघीय र प्रदेश कानूनसँग अनुकुल गर्ने/गराउने तर्फ ध्यान दिनुपर्दछ ।

## ३३ काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली

३३.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४(३) अनुसार प्रदेश सरकार र स्थानीय तहले यस ऐन बमोजिम आफ्नो खरिद कारबाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्यांकन तथा स्वीकृत गर्ने, सोझै खरिद गर्ने सम्बन्धमा दफा ४१ को उपदफा (२) बमोजिम रहने समिति तथा भेरिएसन आदेश जारी गर्ने अधिकारी तोक्ने समेत विषयमा यस ऐन तथा खरिद सम्बन्धी मान्य सिद्धान्तको प्रतिकुल नहुने गरी नियमहरु बनाउन सक्ने व्यवस्था छ । यस व्यवस्था अनुरुप पालिकाले काठमाडौं महानगरपालिका सार्वजनिक खरिद

नियमावली, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोमा देखिएका केही प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् :

३३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१(१)(क१) अनुसार रु.५ लाख सम्म लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा खरिद गर्न सक्ने व्यवस्था रहेकोमा काठमाडौं महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ३७(१) अनुसार तालिम, गोष्ठी र सेमिनारजस्ता विषयमा मात्र सेवा लिनु परेमा रु.५ लाख सम्मको परामर्श सेवा विभागीय प्रमुख/वडा सचिवले, सोभन्दा माथि रु.२० लाख सम्मको प्रमुख प्रशासकीय अधिकृतले र सोभन्दा माथिको हकमा प्रमुखको स्वीकृति लिई सोझै वार्ताबाट खरिद गर्न सक्ने व्यवस्था रहेको छ । यस व्यवस्थाको विश्लेक्षण गर्दा महानगरपालिकाले तालिम, गोष्ठी र सेमिनारजस्ता विषयमा परामर्श सेवा खरिद गर्ने सम्बन्धमा संघीय कानूनले तोकेको भन्दा बढी तथा असिमित रकमको परामर्श सेवा सोझै खरिद गर्न सक्ने गरी भएको कानूनी व्यवस्था उपयुक्त देखिएन ।

३३.३ नियमावलीको नियम ४१ को उप-नियम २ अनुसार उपभोक्ता समितिबाट संचालन हुने विकास निर्माण तथा सेवाको लागि लाभग्राही उपभोक्ताको लागत सहभागिता प्रतिशत लाभग्राहीको अवस्था र कामको प्रकृतिको आधारमा केन्द्रीय कार्यालयबाट संचालन गरिने योजनामा सम्बन्धित वडाको वडा अध्यक्षको सिफारिसमा प्रमुखले र वडा कार्यालयको हकमा वडा अध्यक्षले तोके बमोजिम हुने तर सम्पदा संरक्षणसम्बन्धी काममा लागत सहभागिता नजुट्ने भएमा त्यस्ता योजनाहरुमा जनसहभागिता अनिवार्य नमानिने उल्लेख छ । जस अनुसार महानगरपालिकाबाट भएका प्रायः सबै कार्यमा ५ प्रतिशत लागत सहभागिता र सम्पदा संरक्षणको कार्यमा शून्य लागत सहभागिता रहेको छ ।

३३.४ नेपाल सरकार तथा प्रदेश सरकार अन्तर्गतका निकायहरुले भने न्यूनतम् १० प्रतिशत लागत सहभागिता कायम गरेको तथा देशका अन्य ठाँउमा भन्दा महानगर भित्रका लाभग्राहीको आर्थिक अवस्था र विकासका सूचकमा समेत थप सवल रहेको अवस्थामा उपभोक्ता समितिबाट भएका कार्यमा संघीय र प्रदेश सरकारको तुलनामा न्यून सहभागिता हुनु तथा सबै निर्माण योजनामा समान रुपमा ५ प्रतिशत र सम्पदा सम्बन्धी योजनाहरुमा शुन्य लागत सहभागिता रहने गरी भएको कार्यलाई सार्वजनिक खरिद ऐनको मनसाय अनुरुप मितव्ययी भएका मान्न सक्ने अवस्था देखिएन ।

## सेवा प्रवाह स्थिति

३४ **सेवा प्रवाह स्थिति -** महानगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्न विषयमा २३,५८८ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ६५२६ |
| मृत्यु दर्ता | २९७२ |
| बसाइँ सराई दर्ता | ६७९८ |

| | |
|---|---|
| विवाह दर्ता | ६५५८ |
| सम्बन्ध बिच्छेद दर्ता | ७३४ |
| **जम्मा** | **२३,५८८** |

महानगरपालिकाले यस आर्थिक वर्षमा जन्म दर्ता ६,५२६, मृत्यू दर्ता २,९७२, बसाइँ सराई दर्ता ६,७९८, विवाह दर्ता ६,५५८ र सम्बन्ध बिच्छेद दर्ता ७३४ गरी कुल २३,५८८ जनालाई पञ्जीकरण सेवा प्रवाह गरेको देखिन्छ ।

## कोषहरुको स्थापना र संचालन

३५ **कोष स्थापना एवं संचालन -** महानगरपालिका अन्तर्गत विभिन्न कोषहरु फरक फरक सम्झौता र शर्त बमोजिम स्थापना र संचालन भएकोमा ती कोषहरु विगत वर्षहरु देखि नै प्रायः निष्क्रिय अवस्थामा रहेका छन् । महानगरले विषयगत कार्यहरु पालिकाकै नियमित बजेट व्यवस्थाबाट संचालन हुँदै आएकोमा यस्ता निष्क्रिय कोषहरुको आवश्यकता, औचित्य र त्यसको संचालन जोखिम समेतका विषयलाई विचार गरी त्यस्ता कोषमा रहेको मौज्दत रकम पालिका संचित कोषमा दाखिला गर्ने तर्फ ध्यान दिनुपर्दछ । यसरी स्थापना भई हाल निष्क्रिय रहेका केही प्रमुख कोषहरु देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कोषको नाम | मौज्दात रकम | संचालन अवस्था |
|---|---|---|---|
| १ | पर्यटन प्रवर्द्धन कोष | २३३८२००० | निष्कृय रहेको |
| २ | नेवा जातीय कोष | ५१२००६३४.३९ | |
| ३ | सम्पदा संरक्षण कोष | ६९७०४४८.७३ | |
| ४ | सडक मर्मत तथा संरक्षण कोष | ४१३११११७.६० | |
| **जम्मा** | | **१२२८६४२००।७२** | |

३६ **अक्षय कोष**

३६.१ पालिकाको स्वीकृत नीति तथा कार्यक्रम अनुसार आर्थिक वर्ष २०७७/७८ र २०७९/८० मा देहाय बमोजिमका अक्षय कोष स्थापनाका लागि भुक्तानी दिएको छ ।

| सि.नं. | मिति | अक्षय कोषको नाम | बजेट रु. | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७८/३/८ | ज्ञानमाला भजन खलः स्वयम्बु | २०,००,००० | २०,००,००० | कोष संचालन र व्यवस्थापन तथा रकम उपयोग बारे अनुगमन नभएको । |
| २ | २०७८/३/२३ | तारादेवी प्रतिष्ठान | १०,००,००० | १०,००,००० | |
| ३ | २०७८/१/१३ | नेपाल पत्रकार महासंघ का.जि.शाखा पत्रकार उपचार | १५,००,००० | १५,००,००० | |
| ४ | २०७८/३/४ | नातीकाजी स्मृती अक्षय कोष | २०,००,००० | २०,००,००० | |
| ५ | २०८०/२/१९ | परम्परागत बार्षिक रुपमा मनाइने पचली भैरव, नै अजिमा र रुद्र विनायक जात्राको लागि अक्षयकोष स्थापना | ५०,००,००० | ५०,००,००० | |
| ६ | २०७९/५/१५ | ईन्द्रजात्रा पर्व संरक्षण अक्षय कोष | १,५०,००,००० | १,५०,००,००० | |
| ७ | २०८०/२/२८ | नातीकाजी स्मृती अक्षयकोष | २०,००,००० | २०,००,००० | |
| ८ | २०८०/३/२२ | दुर द्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठान | ५,००,००० | ५,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | २०८०/३/२२ | नेपाल वाङमय फाउन्डेसन | ५,००,००० | ५,००,००० | |
| १० | २०८०/३/२४ | पदमरत्न लुमन्ति गुठी | ५,००,००० | ५,००,००० | |
| ११ | २०८०/३/२४ | श्री रत्न पुस्तकालय | ५,००,००० | ५,००,००० | |
| | | **जम्मा** | **३,०५,००,०००** | **३,०५,००,०००** | |

३६.२ अक्षय कोष व्यवस्थापन सम्बन्धमा देखिएका अन्य महत्वपूर्ण व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

- अक्षय कोष सम्बन्धी सम्झौता पत्रमा अक्षय कोषको रकम र खर्च विवरण निर्धारित कार्यक्रम समाप्त भएपछी प्रथम पक्ष समक्ष पेश गर्ने उल्लेख भएको ।
- पालिकाले विगत वर्षहरुमा समेत अक्षय कोष उपलब्ध गराएको मौखिक जानकारी दिएता पनि त्यसको अद्यावधिक विवरण सहितको लगत नराखेको ।
- अक्षय कोष खर्च नगरी त्यसको ब्याजबाट मात्र खर्च गर्ने उल्लेख भएता पनि त्यस्तो कोषको बैंक खाता खोल्ने तथा संचालन गर्ने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरेको
- अक्षय कोषको रकम सदुपयोग/उपयोग बारे सम्बन्धित विभागबाट अनुगमन नभएको ।
- अक्षय कोषको बिउपूँजीको स्वामित्व र अधिकार उपर स्पष्ट उल्लेख नभएको ।

प्रस्तुत सन्दर्भमा अक्षय कोषका लागि छुट्टाछुट्टै रकम उपलब्ध गराउँदा कोषको संरक्षण, सदुपयोग तथा अभिलेख समेतमा विश्वस्त हुन सक्ने अवस्था देखिएन । त्यसैले त्यस्ता अक्षय कोषमा रहेको रकम पालिकाकै स्वामित्व र नियन्त्रणमा ल्याई अक्षय कोषका लागि मात्र छुट्टै एक बैंक खाता संचालन गरी प्राप्त हुन आउने ब्याज रकम कोषको अनुपात र खर्चको बिल भर्पाईका आधारमा सम्बन्धित संस्थाहरुलाई भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ ।

## संघ-संस्थालाई अनुदान

### ३७ प्रतिष्ठान/फाउन्डेसन/संघसंस्थालाई अनुदान

३७.१ प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम र पालिकाबाट स्वीकृत नीति तथा कार्यक्रम अनुसार करिब १०० जना विशिष्ट व्यक्तिहरुका नाममा स्थापना भएका प्रतिष्ठान, फाउन्डेसन तथा अन्य संघसंस्थाहरुलाई अनुदान रकम वितरण गरेको छ । यसरी अनुदान वितरण गरेका केही उदाहरणहरु देहाय बमोजिम रहेका छन् :

| क्र.स. | प्रतिष्ठान/फाउन्डेसन/संघसंस्थाका नाम | रकम रु. |
|---|---|---|
| १ | मदनभण्डारी स्पोर्टस एकोडेमी | ३०,००,०००।०० |
| २ | वि.पि. कोईराला प्रतिष्ठान | १,२०,००,०००।०० |
| ३ | पुष्पलाल स्मृति प्रतिष्ठान | १,२०,००,०००।०० |
| ४ | गणेशमान सिंह प्रतिष्ठान | १,२०,००,०००।०० |
| ५ | जि.पि कोईराला प्रतिष्ठान | १,२०,००,०००।०० |
| ६ | सुशिल कोईराला प्रतिष्ठान | १,२०,००,०००।०० |

| | | |
|---|---|---|
| ७ | रामराजाप्रसाद सिंह प्रतिष्ठान | ७५,००,०००।०० |
| ८ | गजेन्द्रनारायण सिंह प्रतिष्ठान | ७५,००,०००।०० |
| ९ | पोष्टबहादुर बोगटी फाउण्डेशन | ७५,००,०००।०० |
| १० | शहिद प्रतिष्ठान नेपाल | ७५,००,०००।०० |
| ११ | शहिद तथा बेपत्ता योद्धा सन्तती फाउन्डेशन नेपाल | ७५,००,०००।०० |
| १२ | इन्द्रेणी सास्कृतिक विकास केन्द्र | ७५,००,०००।०० |
| १३ | प्रज्ञास्मृति प्रतिष्ठान चितवन का.म.पा. रुद्रमती | ७५,००,०००।०० |
| १४ | महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठान | ६०,००,०००।०० |
| | **जम्मा** | **१२,१५,००,०००।००** |

३७.२ उल्लेखित अनुदान वितरण सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय बमोजिम छन् :

- कतिपय फाउन्डेसन/प्रतिष्ठानहरुले भवन निर्माणका लागि अनुदान लगेकोमा निर्मित संरचना तथा भवनको प्रचलित कानूनी व्यवस्था अनुरुप नक्सा पास नभएको ।
- मुलुक/समाजलाई महत्वपूर्ण योगदान पुर्याएका विशिष्ट व्यक्तिका नाममा स्थापना/संचालन भएका फाउन्डेशन/प्रतिष्ठानमा जाने अनुदान रकमको सही सदुपयोग भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन नभएको ।
- संघीय तथा प्रदेश सरकार तथा पालिकाको सिमित आर्थिक स्रोतबाट विभिन्न व्यक्तिका नाममा खुलेका प्रतिष्ठान/फाउन्डेसन तथा संघ संस्थालाई अनुदान उपलब्ध गराउनुको आवश्यकता र औचित्य पुष्टि गर्नुपर्ने देखिएको ।

त्यसैले पालिकाबाट नक्सा स्वीकृत नै नगराई निर्माण गरिएका यस्ता संरचना कानूनी कारबाहीको दायरामा ल्याउनु पर्नेमा सार्वजनिक कोष मार्फत् अनुदान उपलब्ध हुनु तथा सिमित आर्थिक स्रोतलाई राज्यका आधारभूत क्षेत्रमा प्रयोग गर्नका लागि यस्तो अनुदान प्रणालीको आवश्यकता र औचित्य बारे समिक्षा एवं पूनरावलोकन गर्नुपर्ने देखिन्छ ।

## आन्तरिक आय तर्फ

३८ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर महानगरपालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर आन्तरिक आय संकलनका लागि साँग्रीला इन्फोटेक्स प्रा. लि. को सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु.५ अर्ब ८२ करोड ६५ लाख ६३ हजार राजस्व आम्दानी गरेको देखाएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वसत्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्नुपर्दछ ।

३९ **कर संकलन -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५**, **५७**, **५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | ४८५०१००००० | ५८२६५६३०२२.९७ | १२०.१३ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा १२०.१३ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ ।

४० **करको दायरा -** आर्थिक ऐन, २०७९ मा सम्पत्ति कर घरजग्गा कर लगाइने र करदातालाई करको दायरामा ल्याउने व्यवस्था गरेको छ । सम्पत्ति कर र व्यावसाय कर तिर्ने करदाताको विवरण देहाय बमोजिमका करदाताको विवरण देहायनुसार रहेको छः

| करको नाम | जम्मा करदाता | कर तिर्ने करदाता | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | ९९७०३ | ५९७०५ | ५९.८८ | ३९९९८ | ४०.११ |
| व्यवसाय कर | ९३५८७ | ५३४६४ | ५७.१२ | ४०१२३ | ४२.८७ |
| बहाल कर | १३०८३० | ७८७१७ | ६०.१६ | ५२११३ | ३९.८३ |
| **जम्मा** | **३२४१२०** | **१९१८८६** | **५९.२०** | **१३२२३४** | **४०.७९** |

उपरोक्त विवरण अनुसार पालिकाले सम्पत्तिकर यस आर्थिक वर्षमा संकलन गरेको देखिएन भने व्यवसाय कर तर्फ ४०.७९ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अतः पालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने नीति तथा कार्यक्रमको प्रभावकारी संचालनमा ध्यान दिनुपर्दछ ।

४१ **सम्पत्ति कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५** तथा काठमाडौं महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७९ को दफा २ बमोजिम महानगरपालिकाको क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गर्नुपर्ने व्यवस्था उल्लेख छ । महानगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका ठूला करदाताहरुको पहिचान गरी तिनिहरुलाई करको दायरामा ल्याउन थप प्रयत्न गर्नुपर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा बालाजु औद्योगिक क्षेत्र भित्र रहेका करिब १३८ वटा उद्योग/व्यवसाय लगायतले सम्पत्ति कर तिरेको देखिएन । उल्लेखित करदातालाई समेत करको दायरामा ल्याई लेखापरीक्षणको क्रममा पेश भएका स्रेस्ता कागजात तथा नमूना छनौटका आधारमा अनुसूची -३ मा उल्लेख भएनुसारको सम्पत्ति कर यकिन गरी असूल गर्नुपर्ने रु.

*४ .........(मिति २०८१।०१।३० को निर्णय अनुसार असूल हुन बाँकी सम्पत्ति करको बेरुजु अंक रु.७७,९२,३१,३७३।८२ लगत कट्टा गरी सैद्धान्तिक व्यहोरा कायम गरिएको)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२७,०९,४१७.९१ |

४२ **बहाल कर-** महानगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ४ बमोजिम वडा कार्यालयहरुले यो बर्ष बहाल कर वापत रु.२ अर्ब ५६ करोड २१ लाख २१ हजार आम्दानी गरेको देखिन्छ । वडाहरुले व्यक्तिगत आधारमा कर बुझाउन आउने सेवाग्राहीबाट स्वःघोषणाको आधारमा बहाल कर लिने गरेको देखिन्छ । पालिकाले घर बहाल व्यवस्था निर्देशिका, २०७९ कार्यान्वयनमा ल्याए तापनि वास्तविक बहाल आयको यथार्थ र पारदर्शि रुपमा घर बहाल कर संकलन भएको देखिदैन । त्यसैले घर बहाल कारोबारमा भएको न्यून आय घोषणा तथा कर चुहावटको अवस्थामा नियन्त्रण गर्नुपर्दछ ।

४३ **संस्थागत बहाल कर-** काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०७९ को दफा (४) र सोसँग सम्बन्धित अनुसूची ६ मा कुल बहाल रकमको १० प्रतिशतका दरले बहाल कर लगाई असूल गर्ने व्यवस्था छ । संस्थागत बहाल आय वापत प्राप्त हुने अग्रीम आयकरको रकम उपर संघीय सरकार वा महानगरपालिका मध्ये कसको अधिकार क्षेत्र भित्र पर्ने हो भन्ने विषयमा विवाद रहँदै आएको देखिन्छ । यस सम्बन्धमा देखिएका अन्य प्रमुख व्यहोराहरु देहाय बमोजिम छन्ः

- नेपालको संविधानको अनुसूची - ८ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ मा बहाल कर स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने संवैधानिक एवं कानूनी व्यवस्था रहेको ।
- नेपाल सरकार मन्त्रिपरिषद् २०७४/१२/१२ को निर्णयमा आ-आफ्नो क्षेत्राधिकार भित्र प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने बहाल कर नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रचलित कानूनको अधिनमा रही सम्बन्धित स्थानीय तहहरुले संकलन गर्ने उल्लेख गरेको ।
- तर काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०७९ तथा महानगरपालिकाको घर बहाल व्यवस्था निर्देशिका, २०७९ को व्यवस्था अनुसार संस्थागत घर बहाल कर समेत महानगरपालिकामा दाखिला गर्नुपर्ने कानूनी व्यवस्था गरेको ।
- महानगरपालिकाले २०७९/१२/८ मा सबै वडा कार्यालयलाई गरेको परिपत्र अनुसार संस्थागत घर बहाल आय वापत प्राप्त भएको अग्रिम आयकरको रकम संघीय सरकारको आन्तरिक राजस्व कार्यालयमा तिरेको अवस्थामा सो कर रकमलाई मिलान नगरी महानगरपालिकाबाट नै संकलन गर्न निर्देशन दिएको ।

प्रस्तुत सन्दर्भमा देहायका विषयमा पर्याप्त अध्ययन एवं छलफल गरी दुई सरकार बीच देखिएको संवैधानिक एवं कानूनी विवाद/असमझदारीको निरुपण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

- नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनमा उल्लेख भएको बहाल कर भन्ने शब्दलाई शाब्दिक रुपबाट मात्र व्याख्या गर्न उपयुक्त हुने/नहुने ।

- संघीय सरकारको निर्णय अनुरुप अन्तिम रुपमा कर कट्टी हुने प्राकृतिक व्यक्तिको बहाल आयको कर संकलन र प्रशासनमा स्थानीय तहबाट हुने व्यवस्था ।
- कानूनी व्यक्तिका लागि बहाल कर अग्रिम करको रुपमा कट्टी हुने र सो कर निकायको व्यवसायिक आय करमा मिलान हुने हुँदा निकायको हकमा अग्रिम आयकरको रुपमा कट्टा हुने बहाल कर निकायको व्यवसायिक आयकरको हिस्सामा परिणत हुने अवस्था ।
- महानगरपालिकाले बहाल कर संकलन गर्दा कानूनी व्यक्तिले आर्जन गर्ने आयमा कट्टी हुने करले निकायको व्यवसायिक आय र संस्थागत कर दायित्वको सम्बोधनको अवस्था ।
- कारोबारमा आधारित कर व्यवस्थाले व्यवसायको नोक्सानी, खर्च कट्टी, नोक्सानीको समायोजन तथा बढी कट्टी अग्रिम आयकर समायोजन/मिलान/फिर्ताको प्रणाली/व्यवस्थाको सम्बोधनको अवस्था ।
- बहाल कर विवादका कारण व्यवसाय नवीकरण र दर्तामा देखिएको समस्या र त्यसको असर ।
- कर विवादका कारण लगानी, नवप्रबर्तन, उद्यमशिलता र व्यवसायको भविष्य माथी पार्न सक्ने नकारात्मक असर/प्रभाव ।
- करदाताको हक, अधिकार र संरक्षणमा दुवै सरकार/निकायको भूमिका र दायित्व ।
- संस्थागत बहाल कर संकलनमा दुवै सरकारको स्वामित्व वा साझेदारी गर्न सकिने अन्य सम्भावित विधि/पद्दति/ तरिका ।
- संविधानको धारा २३२(१) अनुसार संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त ।
- संविधानको धारा २३२(८) अनुसार नेपाल सरकारले आफैं वा प्रदेश सरकार मार्फत् गाँउ कार्यालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानून बमोजिम आवश्यक सहयोग गर्न निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु गाँउ वा नगर कार्यपालिकाको कर्तव्य आदी ।

अतः संस्थागत बहाल कर संकलनमा देखिएको दुविधा एवं विवादको असर करदातामा पर्नु उपयुक्त नदेखिएकाले माथी उल्लेखित संवैधानिक एवं कानूनी व्यवस्था, हाल अवलम्बन गरिदै आएको अभ्यास एवं करदाता र कर प्रशासन संचालनको सहजता समेतका विषयलाई मध्यनजर गर्दै संघीय सरकारसँगको आपसी समन्वय र सहकार्यबाट विधिसम्वत् रुपमा विवादको निरुपण गर्ने तर्फ महानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४४ **घर बहाल कर असूल गर्नुपर्ने -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ बमोजिम महानगरपालिले आफ्नो अधिकार क्षेत्र भित्र बहाल कर लगाउन सक्ने व्यवस्था छ । महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७९ को दफा ४ बमोजिम पुरै वा आशिंक तबरले बहालमा लगाई हुने आम्दानीमा बहाल कर लगाई असुल उपर गनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पेश भएका स्रेस्ता कागजात तथा नमूना छनौटका आधारमा अनुसूची - ४ मा उल्लेख भए अनुसारको प्राकृतिक व्यक्तिले आर्जन गरेको बहाल कर यकिन गरी असूल गर्नुपर्ने रु.

*✤ ..........(मिति २०८१।०१।३१ को निर्णय अनुसार असूल हुन बाँकी घर बहाल करको बेरुजु अंक रु.९१,०७,७६८ लगत कट्टा गरी सैद्धान्तिक व्यहोरा कायम गरिएको)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,०४,१४९ |

४५ **व्यवसाय कर -** काठमाडौ महानगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ५ अनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति संघसंस्था वा निकायलाई व्यावसायिक प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा अनुसूची ७ बमोजिम व्यवसाय कर लगाई असूल उपर गरिने व्यवस्था छ । साथै व्यवसाय कर असूल गर्दा बैङ्क तथा वित्तीय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग एकाई मानी असूल उपर गरिने उल्लेख छ । लेखापरीक्षणको क्रममा पेश भएका स्रेस्ता कागजात तथा नमूना छनौटका आधारमा अनुसूची - ५ मा उल्लेख भएनुसारको व्यवसाय कर एकिन गरी असूल गर्नुपर्ने रु.

*✤ .................(मिति २०८१।०१।३१ को निर्णय अनुसार असूल हुन बाँकी व्यवसाय करको बेरुजु अंक रु. ५५,५२,००० लगत कट्टा गरी सैद्धान्तिक व्यहोरा कायम गरिएको)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,७७,५२० |

## करारीय आयतर्फ

४६ **निजी सार्वजनिक साझेदारी -** महानगरपालिका अन्तर्गत सार्वजनिक निजी सार्वजनिक साझेदारीको अवधारणा अनुरुप योजना तर्जुमा तथा कार्यान्वयनका लागि संस्थागत संयन्त्रका रुपमा निजी साझेदारी कार्यान्वयन ईकाई रहेको छ । उक्त इकाईको महानगर अन्तर्गत यस अवधारणा अनुसार हाल विभिन्न सम्झौताहरु भई कार्यक्रम संचालन भईरहेका तथा आगामी दिनमा संचालन हुन सक्ने योजनाहरुको अध्ययन सम्बन्धी कार्यक्षेत्र रहेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय बमोजिम छन् :

- संचालित कतिपय योजनाहरु तोकिए बमोजिमको समयमा सम्पन्न नभएको तथा ती बाट समय मै राजस्व रकम प्राप्त नभएको र कतिपय योजनाहरु कानूनी विवादमा परेको ।
- संचालित योजनाहरुको प्रगति र कार्यान्वयन अवस्था, महानगरलाई प्राप्त भएको लाभ, देखिएका समस्या तथा निराकरणका उपाय बारे सम्बन्धित ईकाईबाट प्रभावकारी अनुगमन/मूल्यांकन एवं अध्ययन कार्य नभएको ।
- सम्भाव्य नयाँ योजनाहरुको खोजी र पहिचान गर्ने तर्फ समेत ईकाई क्रियाशिन नरहेको ।

- विगतमा गरिएका सम्झौताहरुमा रहेका त्रुटी एवं कमी-कमजोरी पहिचान गरी प्रचलित कानूनी व्यवस्था बमोजिम सम्झौताका शर्तहरु संशोधन एवं पूनरावलोकन गर्ने तर्फ कारबाही नगरेको ।

त्यसैले उल्लेखित विषयहरुका अलवा यस क्षेत्रमा देखा परेका नवीन अवधारणाहरु बारे समेत अध्ययन/अनुसन्धान एवं विश्लेषण गर्दै साविकका सम्झौतामा भएका कमजोरीको पूनरावलोकन गरी निजी सार्वजनिक साझेदारी ईकाईको संस्थागत कार्य क्षमता सुधार गर्नुपर्दछ ।

४७ **सोलार बत्ति जडान गरी पोलमा विज्ञापन -** काठमाडौं महानगरपालिका र वि. को. ट्रेडर्स एण्ड सप्लायर्श बीच सार्वजनिक निजी साझेदारी कार्यक्रम अनुसार ए, बि र सि गरी तीन सेक्टरमा सोलार बत्ति जडान गरी पोलमा विज्ञापन राखे वापत १० वर्षे लिज अवधि भित्र देहाय अनुसार रु. ९ करोड ४३ लाख ९५ हजार (यस रकममा बार्षिक ५ प्रतिशत वृद्धि हुने) महानगरलाई बुझाउने गरी सम्झौता भएको देखिन्छ । शुरु सम्झौता अवधि देखि आर्थिक वर्ष २०७९/८० सम्म तीनवटै सेक्टरको गरी रु.६,४२,०६,६५४।०० बुझाइसक्नु पर्नेमा सेक्टर ए को एक किस्ता वापत रु. २०,००,०००.०० बाहेक कुनै पनि रकम बुझाएको देखिएन । विगतका वर्षहरुको लेखापरीक्षण प्रतिवेदनमा समेत रकम असूल हुन नसकोको व्यहोरा उल्लेख गर्दै आएकोमा यस वर्ष समेत सम्झौता अनुसारको रकम असूल गर्न सम्बन्धित ईकाईबाट उल्लेख्य काम-कारबाही भएको देखिएन । त्यसैले सम्झौता अनुसारको असुल हुनुपर्ने रकम मध्ये आर्थिक वर्ष २०७९/८० सम्म असूल हुनुपर्ने जम्मा रु.६,२२,०६,६५४।०० पुगेकोमा आर्थिक वर्ष २०७९/८० को रु.१,२०,४७,४६०।०० रहेको छ । त्यसैले देहाय बमोजिमको बाँकी रकम सम्बन्धमा गत विगत वर्षहरुमा उल्लेख भएको बेरुजु रकम समेत एकिन गरी असूल उपरको कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| **विवरण** | **सेक्टर** | | | **जम्मा** |
|---|---|---|---|---|
| | **ए** | **बि** | **सि** | |
| सम्झौता रकम | ३४८००००० | २६१००००० | ३३४९५००० | ९४३९५००० |
| यस वर्षसम्म बुझाउनुपर्ने | २३६७०६५६ | १७७५२९९२ | २२७८३००६ | ६४२०६६५४ |
| लेखापरीक्षण अवधिसम्म बुझाएको | २०००००० | ० | ० | २०००००० |
| यस वर्षसम्मको बुझाउन बाँकी | २१६७०६५६ | १७७५२९९२ | २२७८३००६ | ६२२०६६५४ |
| **आर्थिक वर्ष २०७९/८० को बाँकी** | **४४४१४६०** | **३३३१०९५** | **४२७४९०५** | **१२०४७४६०** |

४८ **आकासे पुलको व्यवसायिक संचालन -** महानगरपालिका र इन्नोभेटिभ कन्सेप्ट नेपाल प्रा. लि. बीच महानगर क्षेत्रमा १२ वटा आकासे पुलको २०५७।७।११ देखि २०६७।१।१० सम्म व्यवसायिक सञ्चालन गरी वार्षिक रु.१,२०,०००.०० बुझाउने गरी सम्झौता भएको देखियो । उक्त सम्झौता पुनः संसोधन गरी बहाल रहने अवधि २०८५।१।९ सम्म बार्षिक रोयल्टी रु.२२,००,०००।०० का दर कायम गरी सम्झौता गरेको छ । निज कम्पनीले सम्झौता गरेको अवधि २०५७/७/११ देखि २०८०।४।३१ सम्म किस्ता वापत रु.३,२७,४८,५५०।०० राजस्व दाखिला गर्नुपर्नेमा यस अवधिमा जम्मा रु.१,९७,८५,८५४।०० मात्र दाखिला गरेकोमा बाँकी किस्ता र जरिवाना समेत गरी रु.१,२९,६२,६९६।०० दाखिला गर्न बाँकी रहेको देखिन्छ । त्यसैले सम्झौता अनुसार बाँकी सम्बन्धमा

गत विगत वर्षहरुमा उल्लेख भएको बेरुजु रकम समेत एकिन गरी असूल उपरको कारबाही गर्नुपर्ने देखिन्छ ।

४९ **काठमाडौं टावर पूरानो बसपार्क -** साविक पुरानो बसपार्कमा काठमाडौं टावर निर्माण गर्न जलेश्वर स्वच्छन्द विकोइ जे. भि. सँग ३० वर्ष लिज अवधि कायम हुने गरी २०७१।११।२२ मा सम्झौता भएको पाइयो । सम्झौता अनुसार २०८०।४।२९ सम्ममा रु.१२,३२,०४,१६६।०० बुझाउनु पर्नेमा उक्त अवधिमा रु.७,७७,५३,३३२।०० मात्र दाखिला गरी रु.४,५४,५३,५२८।०६ प्राप्त गर्न बाँकी रहेको विवरण प्राप्त भएको छ । सम्झौता अनुसार ५ वर्षभित्र संरचना निर्माणको कार्य सम्पन्न गरी ३० वर्षसम्म भोगचलन गर्न सक्ने भए पनि लेखापरीक्षण अवधि सम्म भवनको निर्माण कार्य सम्पन्न गरेको छैन भने निर्माण कार्यको म्याद थप सम्बन्धमा विवरण माग गर्दा सम्बन्धित ईकाईबाट सो सम्बन्धी कागजात प्राप्त हुन सकेन । साथै निर्माण कार्य समयमा सम्पन्न नभएका कारण सोबाट पालिकाले पाउने सम्पत्ति कर समेत प्राप्त हुन नसकेको अवस्था छ । यस सम्बन्धमा गत विगत वर्षका प्रतिवेदनहरुमा समेत व्यहोरा उल्लेख भएता पनि सुधार भएको देखिएन । यद्यपी यथाशिघ्र निर्माण कार्य सम्पन्न गर्ने तर्फ आवश्यक प्रयत्न गरी निज कम्पनीसँग प्राप्त गर्न बाँकी राजस्व रु.४,५४,५३,५२८।०६ सम्बन्धमा गत विगत वर्षहरुमा उल्लेख भएको बेरुजु रकम समेत एकिन गरी असूल उपरको कारबाही गर्नुपर्ने देखिन्छ ।

५० **सिटी मार्केट संचालन ठेक्का -** काठमाडौं महानगरपालिका र गणेश ईलेक्ट्रोनिक्स बीच पूरानो बसपार्क स्थित सिटी मार्केट आय ठेक्का लगाउने सम्बन्धमा मिति २०७९।९।२२ मा ३ वर्षका लागि सम्झौता भएको देखिन्छ । दोस्रो पक्षले बार्षिक रु.२,७१,००,०००।०० राजस्व बुझाउने गरी सम्झौता गरेकोमा सम्झौताको शर्त अनुसार दोस्रो पक्षले उक्त स्थानमा लेखापरीक्षण अवधिसम्म पँहुच कायम गर्न नसकेको कारण एक वर्षको रु.२ करोड ७१ लाख राजस्व नोक्सानी भएको छ भने भविष्यमा दोस्रो पक्षसँग कानूनी तथा अन्य विवादका कारण थप आर्थिक क्षति हुन सक्ने अवस्था समेत विद्यमान रहेको छ । त्यसैले सम्झौता भएको स्थानमा तत्काल दोस्रो पक्षको पँहुच र नियन्त्रण कायम गर्न सहयोग र समन्वय गरी सम्झौता कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५१ **स्मार्ट पार्किङ्ग -** काठमाडौं महानगरपालिका र ह्विल ट्रुलि युअर्श बीच न्यूरोडको कोही भाग र दरबार मार्गमा इन्धन र समयको बचत गरी वातावरण प्रदुषणमा समेत न्यूनिकरण हुने गरी नयाँ प्रविधि मार्फत सावरी साधन छिटो, छरितो र सहज किसिमले पार्किङ्ग व्यवस्था मिलाउन स्मार्ट पार्किङ्ग प्रविधि प्रयोग गरी नमुनाको रुपमा सञ्चालन गरी लिज अवधि ५ वर्ष भित्र उठाएको पार्किङ शुल्कको पहिलो ३ वर्षमा २० प्रतिशत र त्यस पछिका वर्षमा ३० प्रतिशत महानगरलाई बुझाउने गरी २०७५।१०।८ मा सम्झौता भएनुसार सम्झौता अवधिमा रु.४ करोड २१ लाख ८० हजारबाट अग्रिम आयकर कट्टा गरी रु.३ करोड ५८ लाख ५३ हजार महानगरको राजस्व खातामा दाखिला भएको छ । दोस्रो पक्षले एक वर्षको अवधिमा उठेको रकम रु.५,५९,४३,३०९।७४ को ३० प्रतिशतले हुने रु.१,६७,८२,९९२।९२ मा १५ प्रतिशत अग्रिम आयकर कट्टा गरी रु.१,४२,६५,५४३।९९ राजस्व दाखिला गरेको छ । लेखापरीक्षण अवधिमा उक्त स्मार्ट पाकिङ्ग ठेक्काको म्याद समाप्त भएको छ ।

५२ **कवाडी कर संकलन ठेक्का तथा कार्यान्वयन -** महानगरपालिका र मारुती ढुवानी सेवा प्रा. लि. बीच काठमाडौं महानगर क्षेत्रभित्र कवाडी कर संकलन गर्ने सम्बन्धमा मिति २०७८/११/२६ मा आगामी ३ वर्षका लागि

सम्झौता गरेको छ । सम्झौता अनुसार बार्षिक रोयल्टी रु.८,११,११,१११।०० लाई १२ ले भाग गरी मासिक किस्ता रु.६७,५९,२५९।२५ कायम गरिएकोमा यस वर्ष सम्पूर्ण रोयल्टी रकम प्राप्त भई राजस्व दाखिला भएको छ ।

लेखापरीक्षणको समयमा महानगर भित्रका कवाडी संकलन गर्न सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता र नवीकरण भएका निजीस्तरका व्यवसायहरु बन्द गरेको एवं कवाडी सामान संकलन तथा व्यवस्थापनमा महानगरपालिका र व्यवसायी बीच विवाद देखिएको छ । प्रस्तुत सन्दर्भमा महानगरपालिकाले कवाडी कर संकलनका लागि लगाएको ठेक्का अवधि २०८१/८२ सम्म बहाल रहेकोमा उक्त ठेक्का सम्झौता फरफारक भएको देखिएन । साथै महानगरपालिकाको निर्णयका कारण ठेक्का सम्झौता कार्यान्वयनमा पर्ने असर/प्रभाव विश्लेषण गरी सिर्जना हुन सक्ने सम्भावित आर्थिक जोखिम एवं कानूनी चुनौती लगायतका विषयमा समेत ध्यान दिनुपर्दछ ।

५३ **भोटाहिटी सव-वे भाडा -** काठमाडौं महानगरपालिका साविकको वडा नं. ३० (हाल वडा नं. २७) र राजु श्रेष्ठ बीच भोटाहिटी सव-वेको भाडा सम्झौता सम्बन्धमा मिति २०५९।३।२१ मा २५ वर्षका लागि बार्षिक रु.१,४४,०००।०० का दरले रकम बुझाउने गरी सम्झौता भएको देखिन्छ । उक्त सम्झौता वापत प्राप्त हुने रकम पालिकाको राजस्व खातामा जम्मा भएको छैन भने सो रकम खर्चको विल भर्पाई समेत लेखापरीक्षणमा पेश हुन आएन । यस सम्बन्धमा भाडा वापत प्राप्त हुने रकम एक सहकारीको खातामा जम्मा गरी वडा कार्यालयसँग सम्बन्धित कार्य मै खर्च भएको वडा कार्यालयको भनाई छ । त्यसैले भाडा रकमको प्राप्ति र खर्च रकमको उपयोग सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ । साथै समय सापेक्ष भाडा दर कायम हुने गर्न उक्त सम्झौताको पूनरावलोकन गर्ने र प्राप्त राजस्व रकम पालिकाको संचित कोषमा दाखिला हुने व्यवस्था मिलाउनु पर्दछ । यस सम्बन्धमा राजश्व रकम प्राप्तिको सुनिश्चित गर्न एक समिति गठन भई सो समितिले कार्य अगाडी बढाएको व्यहोरा प्राप्त भएको छ ।

५४ **गोंगबु नयाँ बसपार्क**

५४.१ महानगरपालिका र लोहोत्से बहुउद्देश्यीय प्रा. लि. बीच महानगरपालिका वडा नं. २६ गोंगबुमा रहेको नयाँ बसपार्क निर्माण तथा विकास गरी संचालन गर्ने सम्बन्धमा भएको २०५६।१२।२९ को संझौता संशोधन गरी २०७२।४।२५ मा पुरक सम्झौता भएको छ । वार्षिक रोयल्टी रु. ५१,००,०००.०० का दरले ४५ वर्ष लिज अवधि भित्र रु.२७,५४,००,०००.०० र ५ बर्ष पछि वार्षिक ५ प्रतिशत थप रोयल्टी समेत बुझाउने गरी भएको सम्झौता भएकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन्ः

५४.२ <u>मिति २०५६।१२।२९ मा भएको मूख्य करार सम्झौताका मुख्य व्यवस्थाहरु</u>

- महानगरपालिकासँग भएको द्धिपक्षीय सम्झौताको बुँदा नं.६(य) अनुसार प्रचलित कानून बमोजिम मालपोत तथा घरजग्गा कर प्रथम पक्ष (महानगरपालिका) आफैंले व्यहोर्नु पर्ने प्रष्ट व्यवस्था भएका कारण यस वर्षको लेखापरीक्षणबाट सम्पत्ति करको बेरुजु कायम नगरिएको ।

- द्विपक्षीय सम्झौताको ६(घ) अनुसार नक्सा पास गरी स्वीकृति लिंदा लाग्ने आवश्यक दस्तुर प्रथम पक्षले मिनाहा दिन सक्ने र यदि प्रथम पक्षले व्यहोर्नु पर्ने कुनै शुल्क वा दस्तुर द्वितीय पक्षले तिरे बुझाएको अवस्थामा उक्त रकम द्वितीय पक्षले प्रथम पक्षलाई तिर्नु पर्ने दस्तुर (रोयल्टी) रकममा कट्टा गरी बुझाउन सक्ने ।
- द्विपक्षीय सम्झौताको ६(ढ) अनुसार लगानीकर्ताको लगानीलाई समुचित सुरक्षा प्रदान गर्नु प्रथम पक्षको कर्तव्य हुने ।
- द्विपक्षीय सम्झौताको ६(ढ) अनुसार यस करारनामा बमोजिमका कार्यहरु गर्दा दैविक प्रकोप वा काबु बाहिरको परिस्थितिले गर्दा तोकिएको निर्माण अवधिभरमा निर्माणको काम सम्पन्न हुन नसकेमा दुवै पक्षको आपसी सहमतिबाट समयावधि थप गर्न सकिने र कुनै त्यस्तो प्रकृत्तिको वा अन्य कुनै अवस्था पर्न गएको कारण द्वितीय पक्षले करार बमोजिमको कुनै अवधिको लागि बसपार्क वा यसको कुनै भाग भोग गर्न नपाएमा त्यस्तो भोग गर्न नपाएको अवधिको लागि द्वितीय पक्षले कुनै दायित्व व्यहोर्नु नपर्ने ।
- उल्लेखित शर्तहरुका अलवा करार सम्झौता पत्रमा करार सम्झौता भंग भएको अवस्थामा क्षतिपूर्ति, विवादको मध्यस्थद्धारा निरुपण, सम्झौताको संशोधन/पूनरावलोकन/पूरक सम्झौता लगायतको सम्बन्धमा शर्त एवं व्यवस्थाहरु गरिएको ।

<u>मिति २०७२।४।२५ मा भएको पुरक सम्झौताका मूख्य व्यवस्थाहरु</u>

महानगरपालिका र कम्पनी बीच मिति २०५६/१२/२९ मा भएको सम्झौतामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २०६६/९/९ को निर्णयबाट भएको निर्देशनको बुँदा नं. २ अनुसार शुरुको Conceptual Plan मा उल्लेख भए भन्दा केही थप संरचनाहरु निर्माण गरिएको हुँदा सो वापत काठमाडौं महानगरपालिका र लोहोत्से बहुउद्देश्यीय प्रा. लि. ले आपसी वार्ताद्धारा थप रोयल्टी वापतको रकम तय गर्ने तथा बुँदा नं. ७ अनुसार लामो दूरीमा चल्ने सबै बसहरु बसपार्क भित्र आउने र सोही स्थानबाट छुट्ने व्यवस्था मिलाउन काठमाडौं महानगरपालिकाले पहल गर्ने निर्देशन छ । यस निर्देशनका आधारमा भएको पूरक सम्झौताका मूख्य व्यवस्थाहरु देहाय बमोजिम छन्:

- त्यसै गरी महानगरपालिका र कम्पनी बीच मिति २०७२ श्रावण २५ मा भएको पुरक सम्झौता नं २(घ) मा संशोधित मास्टर प्लान अनुसार ४ वर्ष भित्र निर्माण सम्पन्न गरी बार्षिक रोयल्टी रु.१८,००,०००.०० थप गर्ने ।
- पूरक सम्झौताको बुँदा नं. ४ अनुसार बसपार्क भित्र अनिवार्य रुपमा बस, माईक्रो बस, टाटा सूमो तथा अन्य सार्वजनिक यातायातका साधनहरु प्रवेश गर्नुपर्ने, बसपार्क भित्रैबाट सबै बसहरु छुट्ने र यस कार्यका लागि सम्बद्ध सरकारी निकायमा समन्वय गर्ने, शान्ति सुरक्षाको प्रबन्ध मिलाउने, समन्वय गर्ने दायित्व प्रथम पक्षको हुने ।
- पूरक सम्झौताको बुँदा नं. ८ अन्तर्गत बसपार्क भित्र लिईने प्रवेश शुल्क, बस पार्किङ्ग शुल्क लगातयका अन्य शुल्क तथा दस्तुर दोस्रो पक्षले निर्धारण गरी प्रथम पक्षलाई जानकारी दिनुपर्ने ।

५४.३ मिति २०८०।८।२४ सम्म सम्झौता अनुसारले हुने किस्ता वापत रु.१९,६४,७५,५६०।८३ बुझाउनु पर्नेमा रु.१८,३६,८४,८६३।४२ चुक्ता गरी रु.१,२७,९०,६९७।४१ बुझाउन बाँकी रहेकोमा सो रकममा ब्याज/जरिवाना रु.२,७२,०८,३५७।५७ थप गरी बुझाउन बाँकी किस्ता रु.३,९९,९९,०५४।९८ पुगेको देखिन्छ । पालिकाबाट आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको जरिवाना छुट रु.७०,७०,७९६।५७ र कोभिड १९ भाडा छुट रु.५५,२१,४३३।०८ घटाई लिन बाँकी किस्ता रु.२,७४,०६,८२५।३४ रहेको प्रमाणित हिसाब पेश हुन आएको छ । यद्यपी प्राप्त हुनुपर्ने, प्राप्त भएको र बाँकी रकम यकिन गर्नुपर्ने देखिन्छ । त्यसैगरी विगत वर्षहरु देखि नै एउटै रकम हरेक वर्षको लेखापरीक्षण प्रतिवेदनमा दोहोरो/तेहोरो परेको सम्बन्धमा एकिन गरी बेरुजु फछ्र्यौट गरी सम्परीक्षणका लागि पेश हुनुपर्दछ ।

५४.४ **सम्झौता कार्यान्वयनको स्थिति** - यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन्:

- मूल सम्झौताको बुँदा नं. ६(घ) अनुसार नक्शा पासको बखत बुझाएको रकम रु.८३,८८,३१०।०० र सोलार बत्ति वापतको रु.१२,५३,५८०।०० समेत गरी जम्मा रु.९६,४१,९९०।०० दोस्रो पक्षको निवेदन प्राप्त भएको लामो अवधि भई सक्दा समेत सो रकम रोयल्टीबाट समयोजन तथा मिलान गर्ने सम्बन्धमा आवश्यक निर्णय नगरेको । जसबाट दोस्रो पक्षले पालिकासँग उक्त रकमको ब्याज समेत दाबी गर्न सक्ने अवस्था रहेको ।
- सम्झौताको अवधि देखि नै करिब १५ वर्ष बसपार्क क्षेत्रको केही भाग लामो समयसम्म अन्य पक्षहरुबाट भएको अतिक्रमण, २०७२ सालको भुकम्पको प्रभावका कारण करिब १ वर्ष, नाकाबन्दीका कारण करिब ६ महिना र कोभिड-१९ का कारण करिब २ बर्ष समेत गरी करिब १९ बर्ष ६ महिना बसपार्कको निर्बाध संचालनमा बाधा एवं अवरोध उत्पन्न भएको कारण जनाई उक्त अवधिको राजस्व छुट वा सोही अवधि बराबरको समयावधि थपका लागि दाबी सहितको परिपत्र दोस्रो पक्षबाट भएको ।
- पूरक सम्झौताको बुँदा नं. ४ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २०६६/९/९ को निर्देशनको बुँदा नं. २ मा उल्लेख भएनुसार बसपार्क भित्र अनिवार्य रुपमा बस, माईक्रो बस, टाटा सूमो तथा अन्य सार्वजनिक यातायातका साधनहरु प्रवेश गर्नुपर्ने, बसपार्क भित्रैबाट सबै बसहरु छुट्ने व्यवस्थाको कार्यान्वयन हुन नसकोको तथा जडिबुटी क्षेत्रबाट करिब ४०० र बालाजु वाईपास क्षेत्रबाट ३०० गरी दैनिक ७०० वटा भन्दा गाडीहरु नयाँ बसपार्कमा नआई छुट्ने गरेको दोस्रो पक्षको दाबी रहेको ।
- जसका कारण गाडीको पार्किङ्ग शुल्क वापत प्रति गाडी रु.४२५।०० का दरले दैनिक ७०० गाडीको दैनिक न्यूनतम् रु.२,९७,५००।०० ले बार्षिक न्यूनतम् रु.१०,८५,८७,५००।०० भन्दा बढीको आर्थिक क्षति भएको भनी दोस्रो पक्षले महानगरपालिकालाई विभिन्न मितिमा जानकारी गराएको ।
- सम्झौता पश्चात् बिष्णुमति लिंक रोड निर्माण हुने क्रममा करिब १० रोपनी क्षेत्रफल घटेकोले XYZ जस्ता ब्लक निर्माण गर्न नसकोको व्यहोरा दोस्रो पक्षले जानकारी गराएको ।

- माष्टर प्लान अनुसार डि बल्क बनाउनु पर्ने स्थानको करीब ५ रोपनी जग्गामा नेपाल प्रहरी बसेकोमा सो स्थान खाली गराउन निज कम्पनीले पत्राचार गरेकोमा हालसम्म उक्त स्थान खाली नहुँदा उक्त भवन बन्न नसकेको ।
- दोस्रो पक्षबाट हुने विभिन्न मागदाबी एवं जानकारी उपर महानगपालिकाबाट आपसी समन्वय मार्फत् समय मै उचित निर्णय हुने नगरेको ।
- यस सम्बन्धमा महानगरपालिकाको मिति २०८१।०१।०४ को च. नं. २८८५ को पत्र साथ प्राप्त प्रतिक्रियामा संलग्न नगर प्रमुखस्तरीय निर्णय अनुसार द्विपक्षीय करार सम्झौतामा उल्लेखित शर्तहरुको प्रभावकारी पालना र कार्यान्वयन गर्ने तर्फ महानगरपालिकाले कार्य अगाडी बढाइसकेको व्यहोरा उल्लेख गरेको ।

५४.५ प्रस्तुत सन्दर्भमा करार सम्झौताका शर्तहरुको कार्यान्वयनमा हुने समस्याले दोस्रो पक्षको लगानी र सोको प्रतिफल प्राप्तिमा नकारात्मक असर एवं प्रभाव पर्ने देखिन्छ । जसबाट दोस्रो पक्षलाई नियमित किस्ता/रोयल्टी भुक्तानीमा समस्या पर्नुका साथै स्वीकृत Master Plan को कार्यान्वयनमा समेत असर पर्न सक्दछ । साथै दोस्रो पक्षबाट गरिएका दाबी एवं माग उपर समय मै उचित निर्णय गरी सोको निरुपण हुनुपर्दछ । महानगरपालिकाबाट समयमै निर्णय नहुने तथा सम्झौताका शर्तहरुको कार्यान्वयनमा आउने समस्याका कारण पर्न सक्ने सम्भावित आर्थिक व्ययभार सार्वजनिक कोषमा पर्नु उचित देखिदैंन । त्यसैले उचित र शिघ्र निर्णय प्रक्रिया मार्फत् दोस्रो पक्षका माग उपर छलफल गरी निजको लगानीको सुरक्षा सहित सम्भावित नोक्सानी एवं क्षतिको न्यूनीकरण गर्दै महानगरपालिकाको दीर्घकालीन आर्थिक हितका लागि द्विपक्षीय करार सम्झौताका शर्तहरुको प्रभावकारी पालना र कार्यान्वयनमा ठोस प्रयत्न हुनुपर्दछ ।

५५ **अनधिकृत बसपार्क तथा बस बिसौनी** - महानगरपालिका र लोहोत्से बहुउद्देश्यीय प्रा. लि. बीच भएको द्विपक्षीय पूरक सम्झौताको बुँदा नं. ४ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन अनुसार नयाँ बसपार्क भित्र अनिवार्य रुपमा बस, माईक्रो बस, टाटा सूमो तथा अन्य सार्वजनिक यातायातका साधनहरु प्रवेश गर्नुपर्ने, बसपार्क भित्रैबाट सबै बसहरु छुट्ने उल्लेख छ । जस अनुसार महानगर क्षेत्र भित्र रहेका अन्य बसपार्क, बस पार्किङ्ग स्थलहरु उक्त द्विपक्षीय सम्झौता तथा उल्लेखित निर्देशन विपरित रहेको देखिन्छ । महानगरपालिकाबाट प्राप्त सूचना अनुसार हाल महानगर क्षेत्र भित्र कोटेश्वर/जडिबुटी, बालाजु/बाईपास, नयाँ बजार, कलंकी, बल्खु, चाबहिल, गौशाला लगायतका क्षेत्रमा छोटो तथा लामो दूरीका अनधिकृत बसपार्क तथा बस पार्किङ्ग स्थलहरु संचालनमा रहेको महानगरपालिकाबाट जानकारी प्राप्त हुन आएको छ ।

त्यस्ता अनधिकृत बसपार्क/पार्किङ्ग स्थलका कारण लोहोत्से बहुउद्देश्यीय प्रा. लि. ले महानगरपालिकासँग गरेको सम्झौता अनुसार निज कम्पनीको लगानीको सुरक्षा र अन्य व्यवसायजन्य क्रियाकलापमा नकारात्मक असर पर्ने, सम्झौता एवं लक्ष्य अनुसार निजलाई राजस्व प्राप्त नहुने, दोस्रो पक्षलाई पर्ने/परेको आर्थिक नोक्सानीको दाबी महानगरपालिका समक्ष गर्न सक्ने तथा निर्वाध रुपमा संचालन हुनुपर्ने महानगरपालिकाको महत्वपूर्ण सम्पत्ति र योजना अनावश्यक रुपमा कानूनी विवादमा पर्ने सक्ने अवस्था रहन्छ । त्यसैले हाल महानगरपालिका भित्र संचालित अनधिकृत बसपार्क र बस पार्किङ्ग स्थलमा पूर्णतः रोक लगाई त्यस्ता निकाय वा संस्थालाई तत्काल कानूनी कारबाहीको दायरामा ल्याउन तथा त्यस्ता बसपार्क तथा बिसौनीबाट परेको

आर्थिक क्षति समेतको मूल्याङ्कन गरी त्यस्ता निकाय वा संस्थाबाट असूल गर्ने तर्फ पालिकाले कानूनी कारबाही अगाडी बढाउनु पर्दछ । साथै यस सम्बन्धमा संघीय र प्रदेश सरकार तथा ती सरकारका निकाय सहित काठमाडौं उपत्यका भित्रका अन्तर पालिका समन्वय गरी द्विपक्षीय करार सम्झौतामा उल्लेखित शर्तहरुको प्रभावकारी पालना र कार्यान्वयनमा समेत महानगरपालिकाले विशेष ध्यान दिनुपर्दछ ।

## प्रदेश कर तर्फ

५६ **राजस्व बाँडफाँड -** बागमती प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ४ र ५ अनुसार मनोरञ्जन र विज्ञापन करको प्रशासन स्थानीय तहले गर्ने र संकलित करको ४० प्रतिशत रकम प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । जस अनुसार महानगरपालिकाले देहाय बमोजिम संकलन गरेको कर रु.७,६२,४९,१६२.९२ को ४० प्रतिशतले हुने रकम रु.३,०४,९९,६६५।०० प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेमा रु.३,०७,२६,८९३.९६ दाखिला गरेको देखिन्छ । महानगरपालिकाले प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने भन्दा रु.२,२७,०२८।०० बढी प्रदेश संचित कोषमा दाखिलाको देखिन्छ ।

| विवरण | असूली | ४० प्रतिशतले हुने रु. | दाखिला गरेको रु. | नपुग रु. |
|---|---|---|---|---|
| मनोरञ्जन कर | ३३४९९६०३ | १३३९९८४१ | १३५६७०७०.६० | ० |
| विज्ञापन कर | ४२७४९५५९.९२ | १७०९९८२४ | १७१५९८२३.९६ | ० |
| **जम्मा** | **७६२४९१६२.९२** | **३०४९९६६५** | **३०७२६८९३.९६** | **०** |

### ५७ मनोरञ्जन कर

५७.१ बागमती प्रदेश आर्थिक ऐन, २०७९ को दफा ४(१) अनुसार आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेश भित्रको चलचित्र घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुट्सल, जुम्बा, नाईट क्लब, मसाज एवं स्पा, जीपलाईन, बन्जिजम्प, स्विमिङ्ग पुल र पकर्क जस्ता मनोरञ्जन स्थलमा अनुसूची - ३ बमोजिमको मनोरञ्जन कर लगाईने र असूल उपर गरिने व्यवस्था छ । यस सम्बन्धमा केही करदाताको विवरण परीक्षण गर्दा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन्ः

५७.२ **उपरोक्त प्रदेश कानूनको अनुसूची -**

✂ ***............(मिति २०८१।०१।३१ को निर्णयबाट प्रदेश आर्थिक ऐन अनुसार फिल्महलहरुले संकलन गरी दाखिला नगरेको रु.१,१८,३३,४७५।१८ मनोरञ्जन करको बेरुजु अंक लगत कट्टा गरी सैद्धान्तिक कायम गरिएको)***

५७.३ ✂ ........... ***(मिति २०८०-११-१५ को निर्णय**बाट प्रदेश आर्थिक ऐन अनुसार क्यासिनोहरुको कारोबारका आधारमा **असूल हुनुपर्ने मनोरञ्जन करको बेरुजु अंक रु.८,९९,६०,५९३।८० लगत कट्टा गरी सैद्धान्तिक कायम गरिएको ।)***

५८

## वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

५८.१ महानगरपालिकाको वातावरण विभाग र यस अन्तर्गत महानगर क्षेत्र भित्र सरसफाईको कार्य गर्न ७३३ भन्दा बढी सफाई कर्मचारी, ६२ ट्रिपर, ५ कन्टेनर लगायतका सवारी साधन तथा निजी क्षेत्रका ३७ कम्पनी परिचालित भएकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

५८.२ **फोहोरमैला व्यवस्थापन शुल्क** - ऐनको दफा १५(४) अनुसार उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले स्थानीय तहसँग गरेको सम्झौताको अधिनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्ने व्यवस्था छ । तर महानगरपालिकाले सिसडोल ल्याण्ड फिल्ड साईडमा फोहोर बिसर्जन गर्ने सवारी साधनको बाहेक महानगरपालिका क्षेत्र भित्र अनुमति बेगर फोहोरमैला संकलन एवं व्यवस्थापन गरिरहेका कम्पनीको लागि शुल्क तोकोको छैन ।

५८.३ **फोहोरमैला व्यवस्थापनबाट आय प्राप्त नभएको** - ऐनको दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा महानगरले हालसम्म फोहरमैला व्यवस्थापनको शुल्क नतोकोको र अनुमति बेगर संचालित कम्पनीलाई कानूनी दायरामा नल्याएका कारण त्यस्ता संस्था/फर्महरुबाट कुनै पनि शुल्क/आम्दानी प्राप्त गरेको छैन । तर भरतपूर र विराटनगर महानगरपालिका लगायतका अन्य स्थानीय तहहरुले निजी क्षेत्र मार्फत् फोहोरमैला संकलनको ठेक्का व्यवस्थापन गरी संकलित शुल्कको २० देखि ४८ प्रतिशत सम्म राजस्व आम्दानी गरी रहेको देखिन्छ ।

५८.४ **आन्तरिक आयमा परेको क्षति** - उपरोक्त विवरण अनुसार महानगर क्षेत्र भित्र उल्लेखित ३७ कम्पनीहरुले आर्थिक वर्ष २०७९/८० मा २,३८,९६६ घरधुरीबाट मासिक न्यूनतम् रु.४००।०० का दरले भवनको संरचना र फोहोर सिर्जना हुन सक्ने मात्रा अनुसार अधिकतम् रु.१ लाख सम्म सेवा शुल्क लिने गरेको देखिन्छ । ति संस्था/फर्महरुले न्यूनतम् सेवा शुल्कका आधारमा पनि न्यूनतम् रु.१ अर्ब २४ करोड २६ लाख २३ हजार संकलन गरेको देखिन्छ । जस अनुसार उल्लेखित फर्महरुले संकलन गरेको न्यूनतम् रकमको अन्य महानगरपालिकाको आधारमा कम्तिमा पनि २० प्रतिशतले हुन आउने रकम रु.२४ करोड

८५ लाख २५ हजार महानगरपालिकाले थप आय प्राप्त गर्न सक्ने अवस्थाबाट महानगरपालिका बञ्चित भएको देखिन्छ ।

५८.५ **अनुमति बेगर फोहोरमैला व्यवस्थापन** - फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहोरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने र ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा हालसम्म पालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति नलिई बेगर विभिन्न ३७ भन्दा बढी निजी कम्पनीबाट फोहरमैला संकलन/व्यवस्थापनको कार्य भई रहेको देखिन्छ ।

५८.६ **फोहोरमैला संकलन वापत निजी फर्मले संकलन गरेको न्यूनतम् रकम** - महानगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार हाल देहाय बमोजिमका कम्पनीले महानगरपालिका क्षेत्रभित्र फोहोरमैला संकलन/व्यवस्थापनको कार्य गरिरहेका छन् :

| वडा संख्या | फोहोरमैला संकलन गर्ने संस्था/फर्म | घरधुरी संख्या | प्रति घरधुरी न्यूनतम् मासिक शुल्क रु. | संकलित न्यूनतम् बार्षिक रकम (दशै खर्च सहित) रु. |
|---|---|---|---|---|
| ३२ | ३७ वटा | २,३८,९६६ | ४००।०० | १,२४,२६,२३,२००।०० |

*(मासिक शुल्क न्यूनतम् रु.४००।०० देखि व्यापारिक प्रतिष्ठान, अस्पताल, मार्ट, सटर तथा सिर्जना हुने फोहोरमैलाका आधारमा अधिकतम् रु.१,००,०००।०० सम्म रहेको तथा बार्षिक रुपमा १ महिनाको शुल्क दशैं खर्चको रुपमा लिने गरेको जानकारी प्राप्त भएको छ । उल्लेखित न्यूनतम् रकममा महानगर भित्र रहेका व्यापारिक प्रतिष्ठान, अस्पताल, मार्ट, सटर लगायतबाट प्राप्त हुने शुल्क समावेश गरिएको छैन ।)*

५८.७ त्यसैले पालिकाले कानूनतः फोहोरमैला व्यवस्थापन शुल्क वापत प्राप्त गर्न सक्ने आम्दानी र त्यसको समुचित उपयोग गर्न सक्ने अवस्थामा परको प्रभावको विश्लेक्षण गर्दै पालिकाको आन्तरिक आयमा परेको असर विश्लेषण एवं एकिन गर्नुपर्दछ । साथै फोहोरमैला व्यवस्थापनको कार्यलाई प्रचलित कानूनी व्यवस्था अनुरुप नियमित र व्यवस्थित गरी हरेक बर्ष नोक्सान हुँदै गएको सेवा शुल्कलाई आन्तरिक आयको दायरामा ल्याउने तर्फ समेत महानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

## सहकारी संस्था तर्फ

५९ **सहकारी संस्थाको विवरण** - महानगरपालिकाबाट प्राप्त विवरण अनुसार महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | शेयर सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष रु. |
|---|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी संस्था लि. | १५९२ | ९३५९३ | १०३५१७३८११३ | ५३३१८३०९२५१ | ५९३२९८११०४४ | ० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | २९३ | ४५०७४ | १११७१४५९२ | ६९८२३१२८६९ | ५४५३४१४२४६ | ० |
| कृषि सहकारी संस्था लि. | १४ | ११८७ | २८४६४६०० | १०८४९००९८ | ११६८५८९७७ | ० |
| उपभेक्ता सहकारी संस्था लि. | १४ | २६७८ | १६२३८६०० | १३७२४५३२० | ९६९५५९९१ | ० |
| स्वास्थ्य सहकारी संस्था लि. | ६ | ७५९ | ४५०६०५०० | ५०१४४१६१९ | ३८०४५२५४९ | ० |
| सीपमूलक सहकारी संस्था लि. | ३ | १०२ | ३९३९५०० | ६६३१७९४ | २४९९१६१३ | ० |
| शिक्षा सहकारी संस्था लि. | २ | ७७ | ० | ० | ० | ० |
| संचार सहकारी संस्था लि. | १ | ३० | ० | ० | ० | ० |
| श्रमिक सहकारी संस्था लि. | ३ | ८१ | २६९३०० | ५३५८९ | २२६०५० | ० |
| पर्यटन सहकारी संस्था लि. | १ | २५८ | ७७०५२३०० | २४००९२७११ | ३२८०१८०७७ | ० |
| साझा सहकारी संस्था लि. | १ | ४२८ | ० | ० | ० | ० |
| चिया सहकारी संस्था लि. | १ | ३२ | ० | ० | ० | ० |
| अन्य | ४ | ५९३ | ० | ० | ० | ० |
| **जम्मा** | **१९३५** | **१८९५६६** | **१०६३४४७७५०५** | **६१२९४५७७२५३** | **६५७३०७२८५४९** | **०** |

आर्थिक वर्ष २०७९।८० सम्म जम्मा १९३५ वटा सहकारी संस्था मध्ये १९२६ सहकारी संस्थाको विवरण प्राप्त भएको छ । १९२६ वटा सहकारी संस्थामा १८८४०६ जना शेयर सदस्य रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयर पूँजी रु. १० अर्ब ६३ करोड ४४ लाख ७७ हजार, वचत रु.६१ अर्ब २९ करोड ४५ लाख ७७ हजार र ऋण लगानी रु.६५ अर्ब ७३ करोड ७ लाख २८ हजार रहेको छ ।

६० **समस्याग्रत घोषित सहकारी संस्था -** काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ७७ अनुसार सहकारी संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने र दफा ७८ मा व्यवस्थापन समितिको गठन सम्बन्धी कानूनी व्यवस्था छ । पालिकामा संचालनमा रहेका सहकारी संस्थामा ऋण असूली गर्न, वचत फिर्ता गर्न र ऋण लगानी गर्न नसकेको अवस्थामा कार्यपालिकाको निर्णयानुसार देहायका सहकारी संस्थाहरु समस्याग्रस्त घोषणा गरेको छ ।

| सहकारी संस्थाको नाम | अध्यक्षको नाम | सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष रु. |
|---|---|---|---|---|---|---|
| युनाइटेड सिटिजन्स बहुउद्देश्यीय सहकारी संस्था लि. | प्रविण कुमार शर्मा | ४२२ | ८३,८८,२०० | ८,५१,२३,५१२ | ८,२०,२५,१०७ | २८,८९,१५७ |
| हिरे बहुउद्देश्यीय सहकारी संस्था लि. | सन्तेष तामाङ | १९३ | | - | - | - |
| **जम्मा** | | **६१५** | **८३९०७००** | **८,५१,२३,५१२** | **८,२०,२५,१०७** | **२८,८९,१५७** |

उपरोक्त विवरण अनुसार युनाइटेड सिटिजन्स बहुउद्देश्यीय सहकारी संस्था लि. मा ४२२ जना शेयर सदस्यहरुको शेयर पूँजी रु. ८३ लाख ८८ हजार, बचत रु. ८ करोड ५१ लाख २३ हजार, ऋण लगानी रु. ८ करोड २० लाख २५ हजार र जगेडा कोष रु.२८ लाख ८९ हजार रहेको देखिन्छ । त्यस्तै हिरे बहुउद्देश्यीय सहकारी संस्था लि. मा १९३ जना शेयर सदस्यहरु रहेकोमा सोको अन्य विवरण प्राप्त हुन सकेन । त्यसैले महानगरपालिकाले समस्याग्रस्त घोषित गरेका उल्लेखित सहकारी संस्थाहरुको सम्पत्ति र दायित्व व्यवस्थापन लागि समिति गठन गरेकोमा गठित समितिहरुले तोकिए बमोजिम उक्त कार्य प्रारम्भ गरेको समेत देखिएन ।

६१ **सहकारी संस्थाको अनुगमन -** काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को परिच्छेद १६ अन्तर्गत पालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ । पालिकामा १९३५ सहकारी संचालनमा रहेकोमा सहकारी ऐनमा तोकिए बमोजिम कुनै पनि सहकारी संस्थाको अनुगमन गरेको देखिएन । त्यसैले सहकारी संस्थाको नियमानकारी निकायको रुपमा रहेको महानगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको वचत रकम र संस्थाहरुको ऋण लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

६२ **कारबाहीको लागि नेपाल प्रहरीमा सिफारिस -** काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ८५ अनुसार कसैले दफा ७९ बमोजिमको कसुर गरेको अवस्थामा ऐन बमोजिम अनुसन्धान गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था छ । महानगरपालिकाले हालसम्म नेपाल प्रहरी समक्ष कारबाहीको ८६ वटा सहकारी संस्थाहरुलाई ऐनको दफा ७२ अनुसार छानवीन समेत नगरी उजुरी प्राप्त भएकै आधारमा कारबाहीको लागि सिफारिस गरेको देखिन्छ । जसबाट देखिएका थप व्यहोराहरु देहाय बमोजिम रहेको देखिन्छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | उजुरीको मागदावी रकम रू. | कारबाहीको लागि सिफारिस गर्नुको कारण |
|---|---|---|---|
| बचत तथा ऋणसहकारी संस्था लि. | ७३ | १०५४३८४९१२ | सदस्यहरूको बचत फिर्ता गर्न अटेर गरेको तथा कतिपय सहकारी संस्थाका संचालकहरू संस्था बन्द गरी फरार रहेकोले । |
| बहुउद्देश्यीय सहकारी संस्था लि. | १३ | १३२०००५६९ | |
| **जम्मा** | **८६** | **११८६३८५४८१** | |

उपरोक्त विवरण अनुसार पालिकाले ८६ वटा सहकारी संस्थाहरुलाई कारबाहीको लागि नेपाल प्रहरी समक्ष लेखि पठाएको देखिन्छ । महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ८५ मा दफा ७९ अनुसार कसुर गरेको थाहा पाएमा अनुसन्धानको लागि तालुक निकायमा लेखी पठाउन सक्ने व्यवस्था भएता पनि पालिकाले सहकारी सदस्यहरुले दिएको उजुरी उपर न्युनतम/प्रारम्भिक अध्ययन एवं छानवीन नगरी नेपाल प्रहरीसँग कारबाहीको लागि सिफारिस गरेको उपयुक्त देखिएन । साथै प्रहरी समक्ष कारबाही सिफारिस गरेका सहकारी संस्थाको कारबाहीको अवस्था बारे समेत पालिकाले जानकारी लिएको छैन । त्यसैले

नियमक निकायको रुपमा रहेका पालिकाको क्षमता अभिवृद्धि गरी अनुसन्धान र तहकिकातको कार्यलाई प्रभावकारी र विश्वसनीय बनाउने तर्फ समेत ध्यान दिनुपर्दछ ।

६३ **सम्पति/जग्गा रोक्का र फुकुवाको विवरण -** काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ६२ मा संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनाको लागि कुनै व्यक्तिको खाता जायजेथाको स्वामित्व हस्तान्तरण नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्ष रोक्का राखेका र फुकुवा गरेका सहकारी संस्थाको विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ ।

अनुसूची ६ मा उल्लेखित विवरण अनुसार पालिकाले २६ वटा सहकारी संस्थाका संचालक वा निजको परिवारका नाममा रहेको जग्गा रोक्का गर्न आधिकारिक निर्णय बेगर सम्बन्धित मालपोत कार्यालयमा पत्राचार गरेको देखिन्छ । सहकारी संस्थाका शेयर सदस्यले दिएको निवेदन/उजुरी प्राप्त गरेकै आधारमा सो निवेदन/उजुरी उपर ऐनको दफा ७२ अनुसार सामान्य/प्रारम्भिक छानवीन एवं निर्णय बेगर महानगरपालिकाको सहकारी विभागले सहकारी संचालक र निजको परिवारको नाममा रहेको सम्पत्ति आधिकारीक निर्णय बेगर रोक्का गर्नु उपयुक्त देखिएन । साथै प्राप्त उजुरी तथा अनियमितता उपर समयमै छानवीन नगरी संचालक र निजको परिवारका नाममा रहेको आवश्यकता भन्दा बढी सम्पत्ति र असीमित अवधिसम्म रोक्का गरिरहनु समेत उचित देखिएन ।

त्यसैले प्राप्त उजुरीको समयमै निरुपण गरी आवश्यक कारबाही गर्नुपर्दछ अन्यथा न्यूनतम् छानवीन बेगर असिमित अवधि र आवश्यकता भन्दा बढी रकमको सम्पत्ति रोक्का गर्दा नेपालको संविधानले मौलिक हकको रुपमा प्रदत्त गरेको सम्पत्तिको हक, सोको बेचबिखन तथा भोगचलन समेतमा संकुचन आउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । साथै त्यसरी सम्पत्ति रोक्का र फुकुवा गर्नुपर्ने अवस्थामा निश्चित प्रकृया एवं कार्यविधिको अवलम्बन गर्ने तर्फ ध्यान दिनुपर्दछ । **विस्तृत विवरण अनुसूची – ६ मा संलग्न छ ।**

## शिक्षा तर्फ

६४ **विद्यालय र विद्यार्थी संख्या -** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ८९ | ४८,९७४ |
| २ | संस्थागत विद्यालय | ६०५ | २,०२,४८८ |
| **जम्मा** | | **६९४** | **२,५१,४६२** |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विद्यार्थी संख्या २,५१,४६२ जना रहेकोमा १९.४७ प्रतिशत सामुदायिक र ८०.५३ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

६५ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती -** आर्थिक वर्ष २०७९।०८० मा पालिका भित्रका ८९ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

| विद्यालयको तह | स्वीकृत दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| प्राथामिक तह | ८९९ | ५०८ | ६६ | ३२५ |
| निम्नमाध्यामिक तह | ४७७ | ४२० | ५७ | ० |
| माध्यामिक तह | ४२१ | ३७१ | ४९ | १ |
| **जम्मा** | **१७९७** | **१२९९** | **१७३** | **३२६** |

उक्त विवरण अनुसार पालिकामा जम्मा १७९७ स्वीकृत दरबन्दी रहेकोमा १२९९ जना स्थायी पदपूर्ती र १७३ जना राहत/करारमा नियुक्त गरी जम्मा १४७२ पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि ३२६ पद रिक्त रहेका छन । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

६६ **शिक्षक विद्यार्थी अनुपात -** संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० मा कोही विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.स. | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १. | श्री नन्दी माध्यमिक विद्यालय | ३३ | ३३५ | १:११ |
| २. | श्री शिवपुरी माध्यमिक विद्यालय | ३३ | ८६७ | १:३३ |
| ३. | श्री ज्ञानोदय माध्यमिक विद्यालय | ४६ | १९२१ | १:४२ |
| ४. | श्री जनकल्याण माध्यमिक विद्यालय | २३ | १०१२ | १:४४ |
| ५. | श्री श्रम राष्ट्रिय माध्यमिक विद्यालय | २४ | ६६० | १:२८ |
| ६. | श्री सरस्वती निकोतन माध्यमिक विद्यालय | २२ | ५१८ | १:२४ |
| ७. | श्री नीलवाराही माध्यमिक विद्यालय | २५ | ५२५ | १:२१ |
| ८. | श्री गितामाता माध्यमिक विद्यालय | ३२ | १३९८ | १:४४ |
| ९. | श्री तरुण माध्यमिक विद्यालय | ४३ | १५०९ | १:३५ |
| १०. | श्री कोटेश्वर सरस्वती माध्यमिक विद्यालय | ३५ | ७७० | १:२२ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ८९ वटा विद्यालय १,७९७ जना शिक्षक र ४८,९७४ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:२८ रहेको छ ।

६७ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन -** पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२८ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वायन गरेको देखिएन । पालिकाले

शिक्षक दरबन्दी मिलान तथा प्रध्यानाध्यापक व्यवस्थापन कार्यविधि, २०८० निर्माण गरी कार्यान्वयनको प्रक्रियामा लगेको जानकारी प्राप्त भएको छ ।

६८ **संस्थागत विद्यालयको शुल्क निर्धारण र त्यसको अनुगमन -** पालिकाको शिक्षा ऐन, २०७५ मा तोकिए बमोजिम संस्थागत विद्यालयले शुल्क निर्धारण गर्ने तथा सो बमोजिम शुल्क निर्धारण गरे नगरेको पालिकाले अनुगमन गर्ने व्यवस्था छ । पालिकाले संस्थागत विद्यालयले लिनुपर्ने र लिएको शिक्षण शुल्क बारे अनुगमन गरेको देखिएन । त्यसले स्वीकृत शुल्कको कार्यान्वयन अवस्थामा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

६९ **प्रति विद्यार्थी लागत -** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट/खर्च रकम रु. | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १,५९,१०,५०,००० | ४८,९७४ | ३२,४८७.६४ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.३२,४८७.६४ रहेको छ ।

७० **शैक्षिक गुणस्तर -** महानगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा २२,२६५ विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा विद्यार्थी | उत्तिर्ण विद्यार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ११११५६ | ११००६ | १५० | ९८.६५ | १.३५ |
| २ | ३.२१ - ३.६० | ५०७४ | ४५८६ | ४८८ | ९०.३८ | ९.६२ |
| | **जम्मा** | **१६२३०** | **१५५९२** | **६३८** | ९६.०७ | ३.९३ |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जि.पि.ए. ल्याउने ११,१५६ विद्यार्थी मध्ये १५० जना, ३.२१ - ३.६० जि.पि.ए. ल्याउने ५०७४ विद्यार्थी मध्ये ४८८ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जि.पि.ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

७१ **संस्थागत विद्यालयको छात्रवृत्ति**

७१.१ काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५१(१) अनुसार संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थि संख्याको कम्तिमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्ने र दफा ५१(२) मा उपदफा (१) बमोजिमको १० प्रतिशतलाई सय प्रतिशत मानी त्यसको ५० प्रतिशत रकम महानगर शिक्षा विकास कोषमा जम्मा गर्नुपर्ने र बाँकी ५० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । त्यसैगरी दफा ५१(३) मा उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थि छनौट गर्न प्रत्येक विद्यालयमा सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा विद्यालयको प्रधानाध्यापक, महानगरपालिका शिक्षा विभागको सम्बन्धित क्षेत्र हेर्ने विद्यालय निरीक्षक र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि समेत सदस्य रहेको एक

छात्रवृत्ति छनोट समिति रहने व्यवस्था देखिन्छ । त्यसैगरी काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची १३ सेवा शुल्क दस्तुरको (घ)(१६) मा संस्थागत विद्यालयको छात्रवृत्ति कोष योगदान कुल शिक्षण शुल्कको ५ प्रतिशत हुने उल्लेख रहेकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् ।

७१.२ उल्लेखित संघीय व्यवस्था अनुसार संस्थागत विद्यालयबाट यस शैक्षिक सत्रमा देहाय बमोजिम छात्रवृत्रि वितरण भएको देखिन्छ :

| क्र.सं. | विद्यालय | विद्यालय संख्या | विद्यार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | संस्थागत | ६०५ | २०२४८८ | २०२४९ |

अतः महानगरपालिकाले संस्थागत विद्यालयले तोकिए बमोजिम २०,२४९ जना जेहेन्दार, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, दलित वा जनजाति विद्यार्थीले छात्रवृत्ति वितरण गरेको विवरण पेश गरेको छ ।

७१.३ **संघीय शिक्षा ऐनसँग प्रतिकुल हुनेगरी महानगर शिक्षा ऐन** - संघीय शिक्षा ऐन, २०२८ को दफा १६(ञ)(१) अनुसार संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थि संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थिलाई निःशुल्क छात्रवृत्रि उपलब्ध गराउनु पर्ने व्यवस्था छ । तर उक्त संघीय कानूनसँग फरक हुने गरी स्थानीय शिक्षा ऐनमा १० प्रतिशत छात्रवृत्रि मध्ये ५ प्रतिशत जेहेन्दार, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, दलित वा जनजाति विद्यार्थीलाई र शिक्षण शुल्कको ५ प्रतिशत रकम महानगरको शिक्षा विकास कोषमा दाखिला गर्ने गरी व्यवस्था छ । यद्यपि उक्त कोषमा रकम जम्मा नभएको र संघीय कानुनको व्यवस्था अनुसार संस्थागत विद्यालयहरुले विद्यार्थि संख्याको १० प्रतिशत विद्यार्थिलाई नै तोकिए बमोजिम छात्रवृत्रि उपलब्ध गराएको उल्लेख गरेता पनि सोको अनुगमन गरेको एवं छात्रवृत्ति पाउने विद्यार्थीको अद्यावधिक अभिलेख राखेको पाइएन । त्यसैले संघीय कानुनसँग अनुकुल हुने गरी शिक्षा ऐन परिमार्जन एवं संशोधन गर्ने तथा छात्रवृत्ति प्राप्तिको सुनिश्चितता गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७२ **बढी ग्रेड रकम भुक्तानी** - शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदनको आधारमा भुक्तानी गर्नु पर्दछ । देहायका शिक्षकहरुको शैक्षिक सत्र २०७९ को तलब भत्ता भुक्तानी गर्दा पारित तलबी प्रतिवेदन भन्दा वार्षिक ग्रेड (कर्मचारी संचयकोष र चाडपर्व खर्च समेत) रु.३,९७,५४०/- बढी भुक्तानी भएको देखिन्छ । देहायका विद्यालयमा कार्यरत देहायका शिक्षकहरुलाई बढी निकासा भएको ग्रेड रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| सिनं | विद्यालयको नाम | शिक्षकको नाम | भुक्तानी हुनुपर्ने ग्रेड रकम रु. | भुक्तानी भएको ग्रेड रकम रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | शहिद शुक्र माध्यामिक विद्यालय | तुलसा गुरागाई | ५७२४ | ६६७८ | १३५४७ |
| २ | भानु मा.वि. | देवकी आचार्य | ६९४८ | ८१०६ | १६४४४ |
| ३ | भानु मा.वि. | शान्ता सुवेदी | ९२६४ | ११५८० | ३२८८७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भानु मा.वि. | शम्भु प्रसाद गौतम | ९२६४ | ११५८० | ३२८८७ |
| ५ | गुह्येश्वरी बाल शिक्षा मा.वि. | होम बहादुर केसि | १०६९६ | १२२२४ | २१७२७ |
| ६ | टंगाल मा.वि. | सुशिला पौडेल | ९३१० | १०६४० | १८८८६ |
| ७ | शिवपुरी मा.वि. | धना कुमारी | ७०४९ | ८०५६ | १४२९९ |
| ८ | रानी देविआ.वि. | सानुमैया केसी | २१९४ | ३२९१ | १५५७७ |
| ९ | | प्रज्वल चन्द्र काफ्ले | २३१६ | ३४७४ | १६४४४ |
| १० | कमल आ.वि. | फुलकुमारी खड्का | ८७३६ | १०१९२ | २०६७५ |
| ११ | | तारा प्रेमी | ५८२४ | ७२८० | २०६७५ |
| १२ | नन्दी मा.वि. | मोहन बहादुर कार्की | ४८०० | ६००० | १७०४० |
| १३ | नेपाल राष्ट्रिय आ.वि. | लक्ष्मी खरेल | ६९४८ | ८१०६ | १६४४३ |
| १४ | अरुणोदय आ.वि. | बिमला पाण्डे | २३१६ | ३४७४ | १६४४३ |
| १५ | कन्या मन्दिर मा.वि. | कल्पना कु कोइराला | ४६३२ | ५७९० | १६४४३ |
| १६ | जन कल्याण मा.वि. | मन्जु मग्राती | २९१२ | ४३६८ | २०६७५ |
| | | दिपक घिमिरे | ८१०६ | ९२६४ | १६४४३ |
| १७ | महेन्द्र राष्ट्रिय मा.वि. | कोपिला भण्डारी | ७२८० | ८७३६ | २०६७५ |
| १८ | महेन्द्र बोद्ध मा.वि. | रविन्द्र राज लम्साल | २३१६ | ३४७४ | १६४४३ |
| | | तारा कार्की | ५७९० | ८१०६ | ३२८८७ |
| **जम्मा** | | | | | **३९७५४०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९७,५४० |

७३ **स्यानिटरी प्याड वितरण -** ११७।२०७९।१२।१७ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदा नं. २०(६) मा सेनिटरी प्याड वितरणको कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्ने सन्दर्भमा स्थानीय तहले विद्यालयको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग सत्यापन गरी स्यानीटरी प्याड आवश्यक पर्ने छात्राहरुको संख्याको आधारमा विद्यालयको खातामा रकम निकासा गर्न सकिने व्यवस्था छ । पालिकाले स्यानिटरी प्याड खरिदको लागि ठेक्का प्रक्रिया अगाडी बढाएकोमा तोकिएको गुणस्तरमा सामान उपलब्ध नगराएको कारण ठेक्का रद्द गरी कार्यविधिमा भएको व्यवस्था अनुसार छात्राहरुको संख्याको आधारमा ९१ विद्यालयको खातामा रु.१,६४,६५,८००/- रकम निकासा गरेको देखिन्छ । पालिकाले उक्त कार्यविधिमा तोकिए अनुसार स्यानिटरी प्याडको गुणस्तर, वितरणको अवस्था र विद्यालयको खरिद प्रकृया र सेनेटरी प्याड वितरण सम्बन्धमा अनुगमन गरी सोको प्रतिवेदन पेश गरेको छैन ।

## स्वास्थ्य तर्फ

७४ **निःशुल्क स्वास्थ्य उपचार सेवा -** काठमाडौं महानगरपालिकाको जनस्वास्थ्य ऐन, २०८० को दफा २८(१) अनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्र स्थापना र संचालन भएका अस्पताल तथा स्वास्थ्य संस्थाहरुले प्रचलित मापदण्ड बमोजिम कुल शैयाको १० प्रतिशतमा नेपालको जुनसुकै स्थानका विपन्न, असहाय, बेबारिसे लगायतका लक्षित वर्गका व्यक्तिलाई अनिवार्य रुपमा निःशुल्क उपचार सेवा उपलब्ध गराउनु पर्ने व्यवस्था छ ।

यस व्यवस्थाको कार्यान्वयन तथा अनुगमनका लागि महानगरपालिकाले "एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली" कार्यान्वयनमा ल्याएको छ । त्यसैले महानगरपालिकाले निजी अस्पतालहरुले ऐनको दफा २८ बमोजिम प्रदान गर्ने निःशुल्क उपचार सेवाको प्रत्याभूत र सुनिश्चत गर्न प्रभावकारी अनुगमन संयन्त्रको विकास र परिचालनमा ध्यान दिनुपर्दछ ।

## कर्मचारी दरबन्दी र पदपूर्ती

७५ **दरबन्दी र पदपूर्ती -** पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्र.स. | स्वीकृत पद | सख्या | पदपूर्ती | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | दशौं/एघारौं | १७ | १७ | – | ० |
| २ | आठौं/नवौं तह | १११ | १११ | – | ० |
| ३ | सातौ तह | ७० | ७० | – | ० |
| ४ | छैठौं तह | २२९ | २२४ | ५ | ० |
| ५ | पाँचौं तह | १८६ | १४७ | ३९ | ० |
| ६ | चौथौ तह | ९१ | ६३ | २८ | ० |
| ७ | नगर प्रहरी | २१२ | २१२ | - | ० |
| ८ | कार्यालयसहयोगी र कुचिकार | ८०६ | ७७० | ३६ | ० |
| ९ | सवारी चालक | १४१ | १२१ | २० | ० |
| **जम्मा** | | **१८६३** | **१७३५** | **१२८** | |

पालिकामा कुल १८६३ स्वीकृत दरबन्दी भएकोमा १७३५ जना स्थायी र १२८ जना करारमा नियुक्त गरी पदपूर्ती गरेको देखिन्छ । करार सेवा मार्फत पदपूर्ती गरेका पदहरु मध्ये लोक सेवा आयोग मार्फत पदपूर्ती हुने पदहरुमा प्रचलित कानून बमोजिम स्थायी पदपूर्ती गरी सेवा प्रवाह गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७६ **रिक्त पदको सूचना -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी १८६३ जना रहेकोमा १७३५ जना स्थायी, १२८ जना करारमा मार्फत पदपूर्ती गरेको देखिन्छ । पालिकाले करार सेवा मार्फत दपपूर्ती गरेका पदहरु मध्ये स्थायी पदपूर्ती हुने पदहरुमा तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयसँग समन्वय गरी स्थायी पदपूर्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## चालु खर्च तर्फ

७७ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी

प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी १७३५ जना कर्मचारीलाई रु.८९ करोड २२ लाख ४ हजार तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

७८ **ई. सि. डि. स्तरोन्नती कार्य** - भौचर नं. १०।२०८०।३।१५ विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. ९.५ मा विद्यालयको लागी आवश्यक पर्ने फर्निचरहरु जस्तैः पुस्तक र्‍याक र बसाई व्यवस्थाका लागी कुर्सी टेबुल लगायतका सामाग्रीको सूची अनिवार्य रुपमा स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था छ ।साथै खरिद गरिएका सामाग्रीहरुको जिन्सी दाखिला गराई प्रधानाध्यापकले प्रमाणित गरी अभिलेख राख्ने उल्लेख छ ।पालिकाबाट स्वीकृत कार्यक्रम अनुसार आई.सि.टी. ल्याव निर्माण कार्यका लागि प्रति विद्यालय रु.६,५०,०००/- का दरले ८ वटा विद्यालयलाई जम्मा रु.५२,००,०००/- विद्यालयको प्रस्ताव अनुसार भुक्तानी गरेको देखियो । तर देहायका विद्यालयहरुबाट उक्त कार्य सम्पन्न गरी तयार गरेको सामाग्रीको सूची पेश भएको देखिएन ।

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | महेन्द्र सरस्वती आधारभुत विद्यालय | ६,५०,०००/- |
| २ | ज्ञान ज्योति महिला मा. वि. | ६,५०,०००/- |
| ३ | गुहेश्वरी बाल शिक्षा मा. वि. | ६,५०,०००/- |
| ४ | श्रम राष्ट्रिय मा. वि. कुमारीगाल | ६,५०,०००/- |
| ५ | नेपाल अटिज्म विद्यालय | ६,५०,०००/- |
| ६ | उत्प्रेरणा महिला मा. वि. | ६,५०,०००/- |
| ७ | जनजाग्रिति ज्ञानरश्मी मा. वि. | ६,५०,०००/- |
| ८ | बाल विकास आधारभुत विद्यालय | ६,५०,०००/- |
| **जम्मा** | | **५२,००,०००/-** |

७९ **विद्यालयमा आई.सि.टी. ल्याब व्यवस्थापन** - भौचर नं. २७०९।२०८०।१।१२ विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.८.२.१ बाल विकास कार्यका लागी शैक्षिक सामाग्री, बालमैत्री कक्षा व्यवस्थापन तथा पोर्टफोलियो निर्माण गर्नका लागी बाल विकास कक्षालाई एकमुष्ट अनुदान दिने र त्यसबाट सञ्चालित कार्यक्रम र सिकाई सामाग्रीको प्रभावकारी प्रयोगका लागी नियमित निरीक्षण र अनुगमन स्थानीय तहबाट गराउने व्यवस्था छ । साथै प्रत्येक वर्ष खरिद एवं संकलन गरिएका सामाग्रीहरुको प्रधानाध्यापकले प्रमाणित गरी अभिलेख राख्ने व्यवस्था गर्ने उल्लेख छ । पालिकाबाट स्वीकृत कार्यक्रम अनुसार लागत अनुमान तयार गरी ८१ विद्यालयलाई ई. सि. डि. स्तरोन्नती कार्यका लागी प्रति विद्यालय रु.२,५०,०००/- का दरले जम्मा रु. २,०२,५०,०००/- भएको छ । तर उक्त रकमको उपयोग सम्बन्धमा पालिकाबाट निरीक्षण एवं अनुगमन गरी सोको प्रतिवेदन पेश भएको देखिएन ।त्यसैले तोकिए बमोजिमको कार्य सम्पन्न भएको रकमको अनुगमन एवं निरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

८० **जोखिम भत्ता** - नगरकार्यापालिकाको निर्णयानुसार महानगर प्रहरी बलका जवान/प्रहरी कर्मचारी कार्यस्थलमा खटाइए वापत दैनिक रु.५००।०० का दरले जोखिम भत्ता दिने निर्णय गरेको छ । नगरप्रहरी बलले कार्य सम्पादन गरे वापत तलब भत्ता र राशन खर्च भुक्तानी पाईरहेको अवस्थामा नगर प्रहरी बलले सम्पादन

गर्नुपर्ने तोकिएको र नियमित कार्य गरे वापत थप जोखिम भत्ता भुक्तानी हुनु उपयुक्त देखिएन । त्यसैले पालिकाले आर्थिक वर्ष २०७९/८० मा प्रहरी कर्मचारीलाई दैनिक रु.५००।०० का दरले यस वर्ष रु.१,०८,९३,१००।०० भुक्तानी दिएको छ । त्यसैले जोखिम भत्ता बापतको रकम प्रचलित कानुनी व्यवस्था अनुकुल भए नभएको एकिन गरे पश्चात मात्र भुक्तानी दिने तर्फ ध्यान दिनुपर्दछ ।

८१ **कर्मचारी प्रोत्साहन भत्ता -** बाग्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । तर पालिकाले कार्य सम्पादन सूचक, कार्य प्रगति र कार्यक्षमताको मूल्यांकन बेगर नगर कार्यपालिकाको निर्णयका आधारमा अतिरिक्त समय कार्य गरे वापत आधारभूत तलबको अधिकतम् मासिक ५० प्रतिशत सम्मका दरले हुन आउने रकम रु.२३ करोड १४ लाख ४८ हजार यस वर्ष प्रोत्साहन भत्ता वापत भुक्तानी गरेको छ । त्यसैले प्रोत्साहन भत्ता भुक्तानी गर्दा प्रदेश कानूनले तोके अनुसार स्पष्ट कार्यविधि सहित त्यस्तो भत्तालाई सम्बन्धित विभाग/महाशाखा/शाखागत कार्य सम्पादन सूचक, कार्य प्रगति स्थिति र कर्मचारीको कार्य सम्पादन क्षमतासँग आवद्ध गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८२ **आन्तरिक पर्यटन/भ्रमण कार्यक्रम -** बाग्मती प्रदेशको स्थानीय तहका पदिधकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२, १३ र १४ मा पदिधकारी सुविधमा सम्बन्धी व्यवस्था गरिएको छ । जस अनुसार पालिकाले यस ऐनले तोकेको भन्दा बढी सुविधा निर्धारण गर्न नसक्ने तथा यस ऐनमा भए बाहेकका अन्य सुविधमा प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुने उल्लेख छ । तर महानगरपालिकाले आन्तरिक पर्यटन प्रबर्द्धन तथा पूनःताजकी गर्ने उद्देश्यले जनप्रतिनिधका लागि काठमाडौं महानगरपालिका जनप्रतिनिधि आन्तरिक पर्यटन/भ्रमण कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७ स्वीकृत गरी यस वर्ष रु.१ करोड बजेट व्यवस्था भएकोमा रु.६ लाख ३२ हजार खर्च गरेको छ । महानगरपालिकाले प्रचलित प्रदेश कानूनसँग प्रतिकुल हुने गरी स्थानीय कानूनका आधारमा पदाधिकारीलाई गरेको उक्त खर्च नियम सम्वत् नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,३२,००० |

८३ **महानगर भत्ता एवं संचार सुविधा -** बाग्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(२) अनुसार उपदफा (१) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । महानगरपालिकाले प्रदेश कानूनमा व्यवस्था भएको बाहेक महानगरमा कार्यरत कर्मचारीहरुलाई मासिक रु.३,०००।०० दरले महानगर भत्ता वापत रु.६ करोड ८ लाख १९ हजार ७०६ र विभिन्न तहका २०२ कर्मचारीलाई सञ्चार सुविधा वापत रु.२७ लाख ४६ हजार ५०० समेत गरी यस वर्ष जम्मा रु.६ करोड ३५ लाख ६६ हजार २०६ खर्च लेखेको छ । त्यसैले कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५(१)(घ) र दफा १५(३) को व्यवस्था समेत विचार गर्दै बाग्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को व्यवस्था अनुकुल हुने गरी मात्र कर्मचारीलाई सेवा सुविधा थप उपलब्ध गराउने तर्फ ध्यान दिनुपर्दछ ।

८४ **करार कर्मचारीलाई महंगी भत्ता -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु. १० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । त्यसैगरी संघीय सरकार, अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा गरेको निर्णयको जानकारी सम्बन्धित स्थानीय तहहरुलाई गराएको देखिन्छ । तर पालिकाले करार सेवामा कार्यरत १५२ कर्मचारीलाई रु.३६ लाख ४८ हजार महंगी भत्ता भुक्तानी गरेको छ । त्यसैले स्पष्ट कानूनी व्यवस्था बेगर सेवा करार सम्झौताका आधारमा महंगी भत्ता भुक्तानी गर्नु उपयुक्त देखिएन ।

८५ **सामाजिक सुरक्षा कोष कट्टी -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४/१/२५ पत्र र संघीय सरकार, अर्थ मन्त्रालयको मिति २०७९/१/२१ को परिपत्र अनुसार अस्थायी/करार सेवामा कार्यरत कर्मचारीलाई उपलब्ध गराउने थप सेवा/सुविधा बारे उल्लेख गरिएको छ । कार्यपालिकाको मिति २०७९/५/१२ को निर्णयानुसार सामाजिक सुरक्षा कोष ऐन, २०७४ तथा सामाजिक सुरक्षा संचालन कार्यविधि, २०७५ तथा संघीय सरकारको आर्थिक बर्ष २०७७/७८ बजेट वक्तव्यको बुँदा नं. २८६ को व्यवस्थालाई आधार लिई पालिकामा कार्यरत करार सेवाका कर्मचारीको तलबबाट ११ प्रतिशत रकम कट्टा गरी उक्त रकममा तलबको २० प्रतिशत रकम पालिकाले थप गरी हुन आउने तलबको ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा दाखिला गरेको छ । त्यसैले यो वर्ष १५२ भन्दा बढी कर्मचारीको पालिकाको तर्फबाट सामाजिक सुरक्षा कोषमा १५२ जना भन्दा बढी करारका कर्मचारीलाई पालिकाको तर्फबाट भुक्तानी दिएको रकम रु.१,०७,८०,८३०।६० प्रचलित कानूनी व्यवस्था एवं संघीय र प्रदेश सरकारले अवलम्वन गरेको अभ्यास अनुकुल समेत देखिएन । त्यसैगरी पालिकाले यस्तो निर्णय गर्दा त्यसले संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तह समेतलाई पार्न सक्ने आर्थिक दायित्व र ती निकायहरुको क्षमता समेतका आधारमा विश्लेषण हुनुपर्दछ । त्यसैले उक्त खर्च सम्बन्धमा नेपाल सरकारबाट निर्णय भई नसकेको अवस्थामा पालिकाबाट भुक्तानी भएको रकम असूल गरी पालिकाको संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०७,८०,८३०.६ |

८६ **आन्तरिक पर्यटन/पूनःताजकी कार्यक्रम -** बाग्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(२) अनुसार उपदफा (१) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा नतोकोसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । महानगरपालिकाले आन्तरिक पर्यटन प्रर्बद्धन तथा पूनःताजकी गर्ने उद्देश्यले आन्तरिक पर्यटन प्रबर्द्धन कार्यविधि, २०७९ स्वीकृत गरी आन्तरिक पर्यटन भ्रमण/काज वापत यस वर्ष रु.३ करोड बजेट व्यवस्था भएकोमा रु.१ करोड ९ लाख ९५ हजार खर्च गरेको छ । महानगरपालिकाले प्रचलित प्रदेश कानूनसँग प्रतिकुल हुने गरी स्थानीय कानूनका आधारमा गरेको उक्त खर्च नियम सम्वत् नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०९,९५,४२९ |

८७ **वैदेशिक भ्रमण -** स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ बुँदा नं. ४(१)(ख) अनुसार स्थानीय तहका पदाधिकारीको विदेश भ्रमणका लागि मनोनयन गर्ने अधिकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको हुने उल्लेख छ । साथै निर्देशिकाको बुँदा नं. ८(१) मा दफा ५ को बमोजिम सम्बन्धित स्थानीय तहको सिफारिसमा मनोनयन भएको पदाधिकारीले सम्बन्धित स्थानीय तहबाट भ्रमण खर्च पाउने र यस बमोजिम बाहेक विदेश भ्रमण गर्ने पदाधिकारीले भ्रमण वापतको खर्च कुनै पनि सरकारी कोषबाट नव्यहोरिने उल्लेख छ । तर पालिकाबाट पदाधिकारी तथा कर्मचारी गरी देहायका देश र कार्यक्रमका लागि वैदेशिक भ्रमण गर्दा निर्देशिकामा तोकिए बमोजिम मनोनयन बेगर भएको वैदेशिक भ्रमण खर्च वापतको रकम नियमसम्वत् नदेखिएको रु.

| **क्र.स.** | **भौ. नं. र मिति** | **भ्रमणको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | ३२५९/०८०/३/५ | १२ जना जनप्रतिनिधि र ६ जना कर्मचारी सम्मिलित टोलीले फोहोरमैला व्यवस्थापन सम्बन्धी अध्ययनका लागि २०८०/२/१९ देखि २/२२ सम्म भारतको बम्बै, पुणे र ईन्दोर भ्रमणको हवाई टिकट खर्च रु. | ९,९५,०००।०० |
| २ | ३९५५/०८०/३/२२ | माथी उल्लेखित भारत बम्बै, पुणे र ईन्दोर भ्रमणको दैनिक भ्रमण खर्च भुक्तानी रु. | ८,२२,२३४।०० |
| ३ | ३११३/०८०/२/२१ | ४ पदाधिकारीको भारतको मुम्बई र पुणे भ्रमणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सहमति माग गरेकोमा भ्रमणको सहमति प्राप्त नभएको अवस्थामा भएको वैदेशिक भ्रमणको हवाई टिकट खर्च रु. | २,६६,८००।०० |
| | | **जम्मा** | **२०,८४,०३४।००** |

| | |
|---|---|
| अनियमित भएको | २०,८४,०३४ |

८८ **सुरक्षाकर्मी आपूर्ति र रासन खर्च -** पालिकाले बोलपत्रको माध्यमद्धारा न्यून कबोल गर्ने यूनिक सेक्यूरिटी सर्भिस प्रा. लि. सँग १६२ जना सुरक्षाकर्मी आपूर्तिका लागि रासन बाहेक मूल्य अभिवृद्धि कर सहित रु.५,१२,४१,७३२।३३ मा सम्झौता गरेको छ । निज फर्मसँग भएको सम्झौता अनुसार खटाईएका सुरक्षाकर्मीको दैनिक ८ घण्टा कार्य अवधि तोकिएको छ भने अतिरिक्त समय कार्य वापत थप भुक्तानी हुने उल्लेख गर्दै सुरक्षाकर्मीलाई तोकिए बमोजिम दैनिक रासन भत्ता उपलब्ध हुने गरी सम्झौता भएको छ । उक्त सम्झौता अनुसार १६२ जना सुरक्षाकर्मीको रासन वापत मूल्य अभिवृद्धि कर सहित बार्षिक रु.१,३४,३०,१९६।९० आपूर्तिकर्तालाई भुक्तानी हुने देखिन्छ । त्यसैले पालिकाले सुरक्षाकर्मी आपूर्ति गर्दा नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक प्राप्त गर्ने अवस्थाको सुनिश्चित गर्दै ८ घण्टा कार्य अवधि वापत भुक्तानी दिएको रासन भत्ता खर्चको आवश्यकता र औचित्य उपर पूनरावलोकन गरी आगामी दिनमा ठेक्का व्यवस्थापन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८९ **सामाजिक सुरक्षा -** आर्थिक वर्ष २०७९।८० मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|---|
| १ | ८,६२,४०० | ३८६३५ | ४.४७ | १५८२२४००३८ |

उपरोक्त विवरण अनुसार पालिकामा २०७८ सालको जनगणना अनुसार लाभग्राहीको संख्या पालिकाको कुल जनसंख्याको ४.४७ प्रतिशत रहेको छ । पालिकाले सामाजिक सुरक्षा लाभग्राहीको लगत अद्यावधिक, हिसाब मिलान तथा अनुगमन निरीक्षणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

९० **प्रमाण पेश गर्नुपर्ने -** रामघाट स्वास्थ्य क्लिनिकमा कार्यरत ११ स्थायी तथा ११ अस्थायी कर्मचारीहरुलाई मासिक ३ हजारको दरले महानगर भत्ता र आठौं तह भन्दा माथिको कर्मचारीलाई मासिक रु.१००० को दरले संचार भत्ता वापत यस वर्ष रु.३,९७,७००/- भुक्तानी गरेको देखिन्छ । महानगरपालिकाले आन्तरिक बजेटबाट भुक्तानी गर्नुपर्ने महानगर भत्ता र संचार भत्ता संघीय सरकारको बजेटबाट भुक्तानी गरेको देखिएकोले उक्त भत्ता संघीय संचितमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९७,७०० |

९१ **ईन्टरनेटको बढी भुक्तानी (५९३/२०७९/६/१४) -** महानगरपालिकाको विभिन्न ४९ स्थानबाट Intranet Connectivity Service उपलब्ध गराउने सम्बन्धमा मिति २०७३/३/२७ मा सुबिसु केबलनेट प्रा. लि. सँग बार्षिक मूल्य अभिवृद्धि कर बाहेक रु.२९,४०,०००।०० मा भएको सम्झौताको अवधि समाप्त भएकोमा सोही पूनः दर र स्थानमा सेवा उपलब्ध गराउने प्रस्ताव अनुसार करार सम्झौता भएको छ । पछिल्ला वर्षहरुमा सूचना प्रविधि सेवाको मूल्यमा देखिएको तिव्र गिरावटका बाबजुद समेत पालिकाले विगत ६ वर्ष अगाडीको दर घटाउने प्रयत्न नगरी निजको प्रस्ताव अनुसार सोही मूल्यमा गरेको सम्झौता उचित मान्न सकिएन । त्यसैगरी निज कम्पनीको विजक अनुसार ४९ वटा स्थानमा सेवा उपलब्ध गराए वापत मूल्य अभिवृद्धि कर बाहेक रु.३६,७४,४००।०० भुक्तानी भएकाले सम्झौता अनुसार बढी भुक्तानी भएको रकम रु.७,३४,४००।०० मा मूल्य अभिवृद्धि कर रु.९५,४७२।०० समेत थप गरी हुने रु.८,२९,८७२।०० असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,२९,८७२ |

९२ **बिल भरपाई वेगर भुक्तानी -** २४३।२०७९।६।४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिल भरपाई, प्रमाण, कागजात सहित लेखा राख्नुपर्ने तथा सोही नियमावलीको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले फ्यूचर हब मिडिया मल्टिपर्पोज प्रा.लि.लाई रु.९५,८९६/- भुक्तानी गरेकोमा खर्च पुष्टि गर्ने बिल भरपाई संलग्न नरहेकोले बिल भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९५,८९६ |

९३ **जिन्सी दाखिला -** ३५३।२०७९।६।५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी मालसामानको लगत तयार गरी जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । तर

पालिकाले पिक्सेल स्क्वायर इन्टरनेशनल प्रा.लि. लाई नेपाल भाषामा २ डि एनिमेटेड श्रव्य दृष्य सामाग्री निर्माण गरे वापत रु.४,४०,७००/- भुक्तानी गरेको छ । कार्यालय र उक्त फर्म बिच भएको सम्झौताको बुँदा नं. ३ मा कार्य सम्पन्न पश्चात ३ थान डि.भि.डी. र ३ थान पेन ड्राइभ उपलब्ध गराउने उल्लेख रहेकोमा कार्यालयले उक्त श्रव्य दृष्य सामाग्रीको डि.भि.डी. तथा पेन ड्राईभ बुझेको तथा जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४०,७०० |

## पूँजीगत खर्च तर्फ

९४ **भवन निर्माण सम्झौता रद्ध -** महानगरपालिकाले नेपाली सेनाको नाममा कायम रहेको वडा नं. ३ बाँसबारी स्थित कित्ता नं. ६२ मा कानून बमोजिम उक्त जग्गाको स्वामित्व र भोगाधिकारी नलिई Fire Bridge Building निर्माणका लागि महालक्ष्मी/बटु सफल निर्माण जे. भि. सँग मिति २०७८/३/२१ मा रु.५ करोड १ लाख ४८ हजारमा ठेक्का सम्झौता गरेकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्ः

- महानगरपालिकाले भवन निर्माण सम्झौता गरे पश्चात् उच्च अदालत पाटनमा दायर भएको मुद्दा उपर अन्तिम सुनुवाई हुँदा उक्त जग्गामा भवन निर्माण कार्य नगर्न मिति २०७८/१२/२ मा निषेधाज्ञा आदेश जारी भएको ।
- अदालतको निशेधाज्ञा आदेश पश्चात् ठेक्का सम्झौता रद्ध गरी निर्माण व्यवसायीले पेश गरेको प्रथम रनिङ्ग विल वापत रु.१४,२२,०६९।५३ भुक्तानी भएको ।
- साथै निज निर्माण व्यवसायीलाई बैंक कमिशन र क्रेडिट कमिशनको क्षतिपूर्ति वापत रु.२,३५,१२५।०० समेत भुक्तानी भएको ।

तसर्थ सार्वजनिक र सरकारी जग्गा संरक्षणको जिम्मेवारी पाएको महानगरले नियमानुसार सरकारी जग्गाको स्वामित्व र भोगाधिकार विना नक्सा पास नगरी भवन निर्माण सम्झौता गरेका कारण महानगरपालिकालाई रु.१६,५७,१९४।५३ अनावश्यक नोक्सानी/व्यभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,५७,१९४.५३ |

९५ **प्रशासकीय भवन निर्माण**

९५.१ महानगरपालिकाले वडा नं. १२ स्थित टेकुमा प्रशासकीय भवन निर्माणका लागि ७९,०५,५३,८९१।८३ को लागत अनुमान तयार गरी समानान्तर निर्माण सेवा प्रा. लि. बिच निजले कबोल गरेको अंक रु.७७,९४,९५,८७६।१२ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८/४/११ मा भवन निर्माण सम्झौता भएकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् ः

९५.२
- निर्माण अवधि मिति २०८०/३/१५ सम्म रहेकोमा त्यस पश्चात् निर्माण कार्यको म्याद थप नभएको तथा ठेक्का सम्झौता कायम रहेको अवस्थामा विगत देखि नै निर्माण कार्य सुचारु हुन नसकेको ।
- मोविलाईजेशन पेश्की वापत निर्माण व्यवसायीले लगेको रु.६,९०,००,०००।०० को बैंक जमानतको मान्य अवधि समाप्त भएको ।
- हाल भवनको Concrete, Piling र Foundation को कार्य सम्पन्न भई पहिलो र दोस्रो रनिङ्ग बिलबाट निर्माण व्यवसायीले क्रमशः रु.८,१७,९१,५९२।६४ र ५,१३,२१,०१०।११ समेत गरी जम्मा रु.१३,३१,१२,६०२।७६ भुक्तानीका लागि बिल पेश गरेकोमा लेखापरीक्षण अविधसम्म उक्त रकम भुक्तानी नभएको ।
- भवन निर्माणको मूल्यांकन प्रक्रिया सम्बन्धमा संलग्न पदाधिकारीहरुलाई अर्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मुद्दा दायर भई विशेष अदालतबाट अख्तियारको पक्षमा फैसला भएकोमा दुवै निकायबाट भवन निर्माण सम्पन्न गर्ने प्रक्रिया सम्बन्धमा सम्बोधन/निर्देशन नभएका कारण महानगरपालिका अन्योलमा रहेको ।
- हाल भवन निर्माणमा प्रयोगमा भएका संरचनाको Quantity and Quantity Test का लागि पूल्चोक ईन्जिनियरिङ्ग कलेज अन्तर्गतको Department of Civil Engineering, Research and Training Unit (RTU) जिम्मेवारी दिएकोमा निजले मिति २०८०/४/२६ मा निर्मित संरचनाको गुणस्तर ठिकै रहेको र निर्माण कार्य अगाडी बढाउँदा डण्डीमा लागेको खियाँ हटाई कार्य गर्न सकिने निष्कर्ष सहितको प्रतिवेदन दिएता पनि निर्माण कार्य सुचारु नभएको ।
- निर्माणाधीन प्रशासकीय भवनको निर्माण कार्यसँग सम्बन्धित कागजातहरुको छानवीन गर्न गठित समितिले मिति २०८०/२/३१ मा पेश गरेको प्रतिवेदनको सुझाव तथा निष्कर्ष अनुसार "उल्लेखित कानूनी आधार, सम्मानित विशेष अदालतको फैसला एवं अन्य प्रकरणका आधारमा प्रशासकीय भवन निर्माण कार्यका सम्बन्धमा काठमाडौं महानगरपालिका र समानान्तर निर्माण सेवा प्रा. लि. बीच भएको सम्झौतामा उल्लेखित शर्त अनुसार कार्यान्वयन गर्न समिति सिफारिस गर्दछ" भन्ने सुझाव/सिफारिस गरेको ।
- हाल महानगरपालिकाले नेपाल ट्रष्टको भवन भाडामा लिई मासिक ६० लाखको दरले वार्षिक ७ करोड २० लाख भाडा सहित मर्मत संभार र कार्यकक्ष व्यवस्थापनमा उल्लेख्य रकम खर्च गरी रहेको ।

९५.३ प्रस्तुत सन्दर्भमा प्रशासकीय भवन निर्माण कार्य यथास्थितिमा रहँदा देहायका समस्या एवं असर पर्न सक्ने देखिएकाले प्रचलित खरिद कानूनको परिधि भित्र रही समयमै उचित र उपयुक्त निर्णय हुनुपर्दछ ।

- महानगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य अधुरो नै रहने अवस्था ।
- हाल संरचना निर्माण भई सकेको करिब ६ रोपनी भन्दा बढी जग्गा र संरचना उपयोग बिहीन हुने स्थिति ।
- लामो समय निर्णय नहुँदा निर्मित संरचनाको गुणस्तरमा पर्न सक्ने नकारात्मक असर/प्रभाव ।

- रु.१३ करोड भन्दा बढीको संरचना निर्माण भई सकेको अवस्थामा उक्त संरचना प्रयोगमा नआउँदा तथा गुणस्तर कमजोर हुँदै जाँदा संरचना भत्काउन उल्टै सार्वजनिक कोषको प्रयोग हुन सक्ने अवस्था ।
- Department of Civil Engineering, Research and Training Unit (RTU) र महानगरपालिकाको छानवीन समितिले पेश गरेका प्रतिवेदनहरुको निष्कर्ष एवं सिफारिस ।
- नयाँ ठेक्का व्यवस्थापनका लागि लाग्ने समयावधि तथा नयाँ प्रक्रियाबाट ठेक्का व्यवस्थापन गर्दा लागतमा पर्न सक्ने सम्भावित असर ।
- मूल्यांकनकर्ताले गरेको त्रुटीको कारबाही सम्बन्धित पदाधिकारीलाई भएको र निर्माण व्यवसायी तथा निर्माण कार्य प्रकृया बारे उल्लेख नभएको अवस्थामा निर्माण व्यवसायीको सम्भावित कानूनी हैसियत ।
- निर्माण व्यवसायीबाट प्रथम र दोस्रो रनिङ्ग बिलबाट माग भएको रु.१३ करोड भन्दा बढी रकम भुक्तानी नहुँदा महानगरपालिका र निर्माण व्यवसायीलाई पुग्न सक्ने सम्भावित आर्थिक क्षति ।
- निर्माण व्यवसायीको बिल भुक्तानी नभएको र निर्माण प्रक्रिया बारे निर्णय नहुँदा भविष्यमा आउन सक्ने कानूनी विवाद र त्यसले महानगरलाई पार्न सक्ने सम्भावित आर्थिक क्षति/दायित्व ।
- भवन निर्माण प्रक्रिया आगाडी बढाउने सम्बन्धमा प्रचलित कानूनी प्रक्रिया र विधि ।
- भवन निर्माण नभएका कारण महानगरपालिकालाई घरभाडा वापत लाग्ने बार्षिक भाडा रु.७ करोड २० लाख तथा कार्य कक्ष व्यवस्थापन र भवन मर्मत सम्भार खर्चबाट आउने निरन्तर व्ययभार ।

अतः उल्लेखित पृष्ठभूमि र सम्भावित समस्या एवं असर समेतका आधारमा निर्माण कार्य सम्पन्न गर्ने सम्बन्धमा भविष्यमा आउने सक्ने कानूनी विवादसँगै थप आर्थिक क्षतिको निराकरण गर्ने तथा सम्बन्धित निकायहरुसँग समन्वय गरी प्रशासकीय भवन निर्माण कार्य प्रकृया यथाशिघ्र अगाडी बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

९६ **२९ नं. वडा कार्यालय भवन निर्माण -** महानगरपालिकाले नेपाल सरकारका नाममा रहेको कित्ता नं. ८ को जग्गामा स्वामित्व र भोगाधिकारी नलिई Construction of Ward Office Building at Anamnagar, KMC 29 (ठेक्का नं. ११२/०७६/७७) निर्माणका लागि के. एण्ड के. जी./रमिता कन्स्ट्रक्सन जे. भि. सँग मिति २०७७/६/१५ मा रु.३ करोड ५० लाख ६१ हजारमा ठेक्का सम्झौता गरेकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्ः

- उक्त जग्गामा भवन निर्माण गर्न प्रचलित कानूनी व्यवस्था अनुसार भोगाधिकार प्राप्त नभएको ।
- स्थानीय सरकार संचालन ऐनको दफा २७(१) को व्यवस्था अनुसार भवनको नक्सा पास नभएको ।
- उक्त भवनको शुरु लागत अनुमान रु.५,४८,९६,७५९।१४ रहेकोमा संशोधित लागत अनुमान रु.६,०३,७३,२३५।८१ का आधारमा नयाँ ठेक्का सम्झौता अंक रु.४,५२,८८,३२६।१६ कायम भएको ।

त्यसैले प्रचलित कानूनी व्यवस्था अनुसार उक्त सरकारी जग्गाको भोगाधिकार प्राप्त गरी निर्मित संरचनाको नक्सा समेत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

९७ **कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८९(३) (क) अनुसार कुनै बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गत कुनै गैर बासिन्दा व्यक्तिलाई दिने भुक्तानीबाट पाँच प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले PT Ziegler, ईन्डोनेसियासँग Fire Fighter Trucks खरिदका लागि रु.७,०५,१०८७४।४७ मा सम्झौता गरी नेपाल राष्ट्र बैंक मार्फत् उक्त रकम भुक्तानी गरेकोमा आयकर ऐनको दफा ८९(३)(क) अनुसार ५ प्रतिशत कर कट्टी गरेको छैन । त्यसैले गैर बासिन्दा व्यक्तिलाई गरेको उक्त भुक्तानीको ५ प्रतिशतले हुने रकम रु.३५,२५,५४३।७२ असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,२५,५४३.७२ |

९८ **महानगरपालिकाको पेश्की बाँकी -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले विभिन्न प्रयोजनको लागि अनुसूची-९ अनुसारको व्यक्ति, फर्म र संस्थालाई उपलव्ध गराएको म्याद ननाघेको पेश्की रु.२६ करोड ९० लाख ३० हजार आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्यौंट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ । **विस्तृत विवरण अनुसूची-७ मा संलग्न छ ।**

***✂ .......(विभिन्न मितिको निर्णयानुसार रु.३,२०,३६,२४० को पेश्की फछ्र्यौंट गरी पेश हुन आएको प्रमाण कागजातका आधारमा लगत कट्टा गरिएको ।)***

| | |
|---|---|
| पेश्की | १४,६९,९४,६५२.७ |

९९ **वडा तर्फका व्यहोराहरु -** यस वर्षको वित्तीय लेखापरीक्षणबाट ३२ वटा वडाहरु तर्फ औंल्याइएका व्यहोराहरु मध्ये प्रमाण कागजात पेश हुन बाँकी रही कायम रहेका देहाय बमोजिमका व्यहोराहरु असूल फछ्र्यौंटको कारबाही गर्नुपर्ने रु.

| **क.स** | **वडा नं** | **बेरुजूको संक्षिप्त व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| १ | ३ | **सटर भाडा -** वडा नं ३ को वडा कार्यालयको भवनको भुँइतलाको एक सटरमा हाम्रो कोशेली घरले २०७८।०४।१८ देखि व्यापार गर्दै आएकोमा हालसम्म सोको भाडा दर निर्धारण नगरेका कारणले बहाल रकम असूल हुन सकेको छैन । त्यसैले हाम्रो कोशेली घरसँग आर्थिक वर्ष २०७८।७९ देखि नै लागु हुने गरी चलन चल्तिको सटर भाडा निर्धारण गरी असूल हुनुपर्दछ । | |
| २ | ९ | **फरक व्यवसायीको भ्याट विल पेस** – ✂ ........... *(मिति २०८१।०१।१४ को निर्णयानुसार प्राप्त प्रमाण कागजातका आधारमा रु.१९,८६,०१५ सम्परीक्षण गरी लगत कट्टा गरिएको ।)* | |

<table>
<tr><td>३</td><td>९</td><td>हिसाब भिडान- यस वडा कार्यालयले खाता अनुसार बाँकी धरौटी रकम रु.९२,९७,५२५।०४ र बैंक अनुसार बाँकी रकम रु.९२,७८,६७६।०० भएकोले फरक पर्नाको कारण सहितको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१८८४९</td></tr>
<tr><td>४</td><td>१०</td><td>प्रमाण पेश नगरेको –<br>...........(मिति २०८०।१२।२२ को निर्णयानुसार प्राप्त प्रमाण कागजातका आधारमा रु. १,०६,१८६ सम्परीक्षण गरी लगत कट्टा गरिएको ।)</td><td></td></tr>
<tr><td>५</td><td>१४</td><td>धरौटी फिर्ता – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ६८ बमोजिम प्रयोजन समाप्त भएका धरौटी रकम म्याद भित्र फिर्ता लिन नआएमा वा नामनामेसी नखुलेको धरौटी रकम यस नियमावलीमा भएको कार्यविधि पुरा गरी कार्यालय प्रमुखले सदरस्याहा गरी राजश्वमा आम्दानी बांध्नुपर्ने ब्यबस्था छ । तर कार्यालयबाट प्रयोजन समाप्त भएका तथा नामनामेसी नखुलेका ब्यक्ति तथा संस्थाबाट राखेको धरौटी रकम एकिनर सदरस्याहा गरी राजश्वमा आम्दानी बांधी धरौटी स्रेस्तालाई व्यवस्थित गर्नुपर्नेदेखिएको रु.</td><td>६९८६३१.१३</td></tr>
<tr><td>६</td><td>१६</td><td>प्रमाण पेश नगरेको – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यसलाई पुष्टि गर्ने आवश्यक विल भरपाई पेस गर्नुपर्ने व्यवस्था रहेको छ । वडाले निम्नानुसारको देहायको विभिन्न कार्यक्रममा खर्च लेखेकोमा उक्त खर्च पुष्टि गर्ने प्रमाण पेस गर्नुपर्ने रु.
<table>
<tr><th>गो भौ नं./ मिति</th><th>व्यहोरा</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१७७।२०८०।१।२०</td><td>बालाजु बाईसधारा मेला कार्यक्रमको खर्च</td><td>३४९८४८</td><td>का.स. शम्भु कुमार श्रेष्ठको नाममा भुक्तानी</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३४९८४८</td><td></td></tr>
</table>
.......(मिति २०८०।१२।२२ को निर्णयानुसार प्राप्त प्रमाण कागजातका आधारमा रु. ६०,००० सम्परीक्षण गरी लगत कट्टा गरिएको ।)</td><td>३४९८४८</td></tr>
<tr><td>७</td><td>१६</td><td>सामाजिक सुरक्षातर्फ - सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि,२०७७ को बुदा नं १८(३)मा भत्ता वितरणका लागी बैकमा निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा नेपाल सरकारको संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । विभिन्न चौमासिकमा वैकमा निकासा भएको रकमभन्दा बैकले उपलब्ध गराएको रिभर्स फिडको रकम घटी देखिएकोले घटी देखिएको रु.२८०३७४ संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२८०३७४</td></tr>
<tr><td>८</td><td>२१</td><td>सडक बत्ती – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली नियम ३९(५) अनुसार यस वर्ष निम्नानुसारका भौचरबाट जडानको लागि रु.३१,४६,९६८ खर्च गरेको देखिन्छ । तर कार्यालयले उक्त कुन ठाउँमा जडान गरेको हो खुल्ने कागजात संलग्न गरेकोले नदेखिएकोले खुल्ने प्रमाण कागजात पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं मिति</th><th>विवरण</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२।०७९।५।१०</td><td>सडक बत्ति जडानको लागि ४० थान क्याल्म्प ४० थान लगायत अन्य</td><td>कुण्डलिनी सप्लायर्स</td><td>४७०३६२</td></tr>
</table></td><td>३१,४६,९६८</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | आवश्यक सामाग्री खरिद | | |
| ३।०७९।५।१० | सडक बत्ति जडानको लागि ५० थान लगायत अन्य आवश्यक सामाग्री खरिद | विमोहन इन्टरप्राइजेज | ४८०२५० |
| ४।०७९।५।१० | सडक बत्ति जडानको लागि ५० थान लगायत अन्य आवश्यक सामाग्री खरिद | अक्ष्यलोक ट्रेड लिंक | ४८७६५१.५० |
| ४५।०७९।८।१६ | सडक बत्ति जडानको लागि ५० थान लगायत अन्य आवश्यक सामाग्री खरिद | अन्नपूर्ण इन्टरनेशनल जनरल सप्लायर्स प्रालि | ४९९९१२ |
| ४६।०७९।८।२७ | सडक बत्ति जडानको लागि ३५ थान क्याल्म्प ६० थान लगायत अन्य आवश्यक सामाग्री खरिद | सुब्बा जनरल सप्लायर्स | ४९०३०४ |
| ६५।०७९।१०।१९ | सडक बत्ति जडानको लागि ३० थान क्याल्म्प ३० थान लगायत अन्य आवश्यक सामाग्री खरिद | विमोहन इन्टरप्राइजेज | ४०१०१५ |
| १२१।०८०।२।२ | सडक बत्ति जडानको लागि ६० थान क्याल्म्प ६० थान लगायत अन्य आवश्यक सामाग्री खरिद | फ्रिडम इन्टरप्राइजेज | ८०५१२५ |
| **जम्मा** | | | ३१,४६,९६८ |

<table>
<tr><td>९</td><td>२७</td><td>विल भरपाई पेश नभएको - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार वडाले निम्नानुसारको विभिन्न जात्रा पर्व सञ्चालनको लागी भुक्तानी दिएकोमा त्यसलाई पुष्टि गर्ने कागजात संलग्न नभएकोले सो को प्रमाण पेस हुनुपर्ने रु.
<table>
<tr><th>गो भौ नं/मिति</th><th>भुक्तानी पाउने</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>४।२०७९।५।२६</td><td>ज्याठा युवा तथा सामुदायिक विकास क्लव</td><td>१००००</td><td rowspan="11">जात्रा पर्व सञ्चालन</td></tr>
<tr><td>५।२०७९।५।२८</td><td>नेपाल रेडक्रस सोसाईटी</td><td>१५०००</td></tr>
<tr><td>६।२०७९।५।२८</td><td>नेवार राष्ट्रिय मञ्च</td><td>४०००</td></tr>
<tr><td>४१।२०७९।९।१७</td><td>मित्र युवा क्लव</td><td>१००००</td></tr>
<tr><td>५६।२०७९।११।१२</td><td>धलासिक मानन्धर सना गु खल</td><td>१००००</td></tr>
<tr><td>६३।२०७९।११।२८</td><td>ज्याठा पञ्चदान गुठी प्रजापति खल</td><td>१५०००</td></tr>
<tr><td>६४।२०७९।११।२८</td><td>महावु तमोवहा</td><td>१००००</td></tr>
<tr><td>७५।२०७९।१२।१७</td><td>धलासिक मानन्धर</td><td>१००००</td></tr>
<tr><td>७६।२०७९।१२।२२</td><td>जम वहा सुधार समिति</td><td>१००००</td></tr>
<tr><td>७७।२०७९।१२।२२</td><td>भू मल अजिमा संरक्षण समाज</td><td>८०००</td></tr>
<tr><td>७८।२०७९।१२।२२</td><td>तलाही टोल सुधार समाज</td><td>१००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११२०००</td><td></td></tr>
</table></td><td>११२०००</td></tr>
<tr><td>१०</td><td>२७</td><td>विद्युत महसुल - २३।२०७९।७।२९आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत महसुल वापत रु.४८,००० भुक्तानी भएकोमा जरिवाना बापत रु.९६,०० भुक्तानी भएको देखिन्छ । वडाले समयमै विद्युत महसुल नबुझाई जरीवाना भुक्तानी गरेकोले वडालाई थप व्ययभार परेको हुँदा आगामी दिनमा समयमै विद्युत महसुल बुझाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td>२७</td><td>गत आर्थिक बर्षको भुक्तानी - १४।२०७९।६।३१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वडाले भुक्तानी दिन बाँकीको फारम समावेश नगराई अघिल्लो आर्थिक वर्षको आषाढ महिनाको पदाधिकारी बैठक भत्ता वापत भुक्तानी दिएकोले अनियमित देखिएको रु.</td><td>२०४००</td></tr>
</table>

<table>
<tr><td>१२</td><td>२७</td><td>प्रमाण पेश - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार वडामा निम्नानुसारको गो भौ नं बाट विभिन्न कार्यक्रमको लागी भुक्तानी दिँदा कार्यक्रमको माईन्युट, सहभागीको उपस्थिति संख्या, हाजिरी आदि संलग्न नरहेकोले सो खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो भौ नं/मिति</th><th>कार्यक्रमको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१२।२०७९।६।२६</td><td>स्तन तथा पाठेघर सम्बन्धी सचेतना कार्यक्रम</td><td>१७२००</td></tr>
<tr><td>४०।२०७९।९।१२</td><td>महिला उद्योषण तालिम कार्यक्रम</td><td>१००००</td></tr>
<tr><td>५१।२०७९।११।२</td><td>डेङ्गु महामारीको समयमा डेङ्गु सम्बन्धी सचेतना कार्यक्रम</td><td>५००००</td></tr>
<tr><td>८९।२०८०।१।२५</td><td>जेष्ठ नागरिक भ्रमण कार्यक्रम</td><td>२५६२८२</td></tr>
<tr><td>११७।२०८०।३।२८</td><td>वरिष्ठलाई सम्मान कार्यक्रम</td><td>९३०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४२६४८२</td></tr>
</table></td><td>४२६४८२</td></tr>
<tr><td>१२</td><td>२७</td><td>जिन्सी दाखिला - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार वडाले देहायका सामान खरिद गरी भुक्तानी दिँदा उक्त सामानको जिन्सी दाखिला तथा हस्तान्तरण फाराम संलग्न नरहेकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो भौ नं/मिति</th><th>व्यहोरा</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>९४।२०८०।३।६</td><td>भिन्तुना गुठीलाई खेलकुद सामाग्री खरिद गरी हस्तान्तरण गरेको</td><td>४०९९९.७९</td></tr>
<tr><td>१०२।२०८०।३।२२</td><td>खेलकुद सामाग्री खरिद गरी विभिन्न क्लवलाई वितरण</td><td>५६४३२.२</td></tr>
<tr><td>११३।२०८०।३।२४</td><td>खेलकुदका सामाग्री खरिद</td><td>२७१७९३.२५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६९२२५.२४</td></tr>
</table></td><td>३६९२२५.२४</td></tr>
<tr><td>१३</td><td>२७</td><td>संयोजन तथा प्रशिक्षण भत्ता - अर्थ मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७ को आठौं सस्करण अनुसार तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सवै प्रकारका तालिममा प्रशिक्षकलाई कार्यपत्रबापत रु. १००० र कक्षा सञ्चालन बापत रु.६०० का दरले प्रशिक्षण भत्ता दिन सकिने व्यवस्था रहेको छ । साथै बुँदा नं ७.१.१५ बमोजिम तालिम तथा गोष्ठी तथा कार्यशाला सञ्चालन गर्दा प्रतिदिन रु.४०० का दरले कार्यक्रम संयोजन गरेबापत संयोजन भत्ता पाउने व्यवस्था रहेको छ ।वडाले गृहिणी महिलाको लागी मकैको खोष्टाबाट विभिन्न वस्तु बनाउने तालिम सञ्चालन गरेबापत भौचर नं.९५।२०८०।३।७ बाट नेपाल हस्तकला महासंघलाई रु.१००००० भुक्तानी दिएकोमा संयोजन भत्ता बापत रु.१५०० का दरले र प्रशिक्षण भत्ता बापत रु.३००० का दरले ८ दिनको भुक्तानी दिएको देखिएकाले संयोजन भत्ता बापत प्रतिदिन रु.११०० का दरले बढी भुक्तानी भएको रु.८८०० र प्रशिक्षण भत्ता बापत प्रतिदिन रु.१५००</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>दरले बढी भुक्तानी भएको रु.१२००० गरी जम्मा रु.२०८०० बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>२०८००</td></tr>
<tr><td>१४</td><td>२७</td><td>विजक नं. उल्लेख नभएको - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(४) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्तिले प्रापकलाई तोकिएको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था रहेको छ ।त्यसैगरी आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० मा कर विजक नं. हातले लेख्न नहुने व्यवस्था रहेको छ ।वडाले निम्नानुसारको गो.भौ. नं. बाट विजुली बत्ती लगायतका सामान खरिद गरेकोमा पेस भएको विलमा विजक नं. नै समावेश नभएकोले मू.अ. कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गौ भौ नं/मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>मू.अ. कर रकम</th></tr>
<tr><td rowspan="2">९१।२०८०।३।११</td><td>श्री रिद्धि सिद्धि ईलेक्ट्रिक्स</td><td>५०८५०</td><td>५८५०</td></tr>
<tr><td>त्रिशक्ति केवुल ईण्डस्ट्रिज प्रा लि</td><td>९९८३५</td><td>११४२५.५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७२७५.५०</td></tr>
</table></td><td>१७२७५.५०</td></tr>
<tr><td>१५</td><td>२९</td><td>जिन्सी मालसामान —<br>........... (मिति २०८१।०१।१४ को निर्णयानुसार प्राप्त प्रमाण कागजातका आधारमा रु. १,९८,४३८ सम्परीक्षण गरी लगत कट्टा गरिएको ।)</td><td></td></tr>
<tr><td>१६</td><td>३२</td><td>प्रमाण पेश नभएको - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ अनुसार वडाले गो.भौ.नं. ४७।२०८०।१।१४ बाट फागु पूर्णिमाका दिन होली पर्व मनाउनका लागी कोटेश्वर पुरानो सिनामंगल उपभोक्ता समितिलाई रु.६३५६२ भुक्तानी भएकोमा K. M. व्याङ्केटमा १२५ जनालाई खाजा खुवाएको भनि खर्च लेखेकोमा उपस्थिति संख्या खुल्ने आवश्यक प्रमाण पेस नभएकोले सोको प्रमाण पेस हुनुपर्ने रु.</td><td>६३५६२</td></tr>
<tr><td>१७</td><td>३२</td><td>सूचना प्रशारण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यसलाई पुष्टि गर्ने विल भरपाई संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । वडाले गो.भौ. नं. ७२।२०८०।३।२४ बाट प्रायाग मिडिया नेटवर्क प्रा. लि.लाई ३२ वडाको कार्यालयको गतिविधिबारे सूचना प्रशारण गरेवापत रु. ४०००० भुक्तानी दिएकोमा सूचना प्रशारणको Schedule लगायतको उक्त मिडियासँगको सम्झौता समावेश नभएकोले सोको प्रमाण पेस गर्नुपर्ने रु.</td><td>४००००</td></tr>
<tr><td>१८</td><td>३२</td><td>विजक नं. हातले लेखेको - मूल्य अभिवृद्धि कर ऐन ,२०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । वडाले गो.भौ. नं. ८५।२०८०।३।१ बाट जय दुर्गा निर्माण सेवालाई शिव मार्ग भित्रि बाटो सुमन थापाको घरतर्फ गल्ली र महादेवस्थान मार्ग केशु थापाको घरतर्फको सडक स्तरोन्नतीको कार्य गरेबापत रु.८,९३,०२८।४९ भुक्तानी भएकोमा विजक नं ०२ हातले लेखेको पाईएकोले मूल्य अभिवृद्धि कर बापतको रु.१,०२,७३७।७९ को मूल्य अभिवृद्धि कर समायोजनको पत्र पेस गर्नुपर्ने रु.</td><td>१०२७३७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५६६७१५२</td></tr>
</table>

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५६,६७,१५१ |

१०० **वडागत पेश्कीको विवरण -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । देहायका वडा कार्यालयको म्याद नाघेको पेश्की रु.१४,२७,८४४.१८ निर्धारित समय भित्र फछ्र्यौट नभइ बाँकी रहेको देखिन्छ । वडा कार्यालयहरुले प्रचलित कानूनी व्यवस्थाको पालना गरी निर्धारित समय भित्र फछ्र्यौट हुँनाबाँकी पेश्की फछ्र्यौट गराउने पर्ने रु.

| क.स. | वडा नं. | भौ.नं. मिति | पेश्की लिनेको विवरण | पेश्कीको विवरण/प्रयोजन | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ०१ | - | वडा सदस्य श्री रसला तण्डुकार | वडा महिला संजाल कार्यक्रम | ५०००० | ० | ५०००० |
| ३ | १० | - | वडा सदस्य श्री उद्धव थापा | वडा कार्यालयको सार्वजनिक सुनुवाई कार्यक्रम | १२५००० | ० | १२५००० |
| ४ | ३२ | ५८।२०८०।२।५ | कमान सिंह आर सि | | ३५००० | ० | ३५००० |
| ५ | ३२ | ७०।२०८०।३।२४ | सिता विसुङ्के | सामाजिक विकास कार्यक्रमका लागि | ८००००० | ० | ८००००० |
| ६ | ३२ | ७०।२०८०।२।१० | नेपाल विद्युत प्राधिकरण | | ३९७८४४.१८ | ० | ३९७८४४.१८ |
| जम्मा | | | | | १४२७८४४.१८ | ० | १४२७८४४.१८ |

*........(मिति २०८१-१-१४ को निर्णयानुसार प्राप्त प्रमाण कागजातका आधारमा रु.२०,००० पेश्की फछ्र्यौट गरी प्रमाण पेस भएको आधारमा सम्परीक्षण गरी लगत कट्टा गरिएको )*

| | |
|---|---|
| पेश्की | १४,०७,८२४.१८ |

१०१

## हनुमान ढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम

१०१.१ **परिचय —** नेपालको सामाजिक, साँस्कृतिक तथा धार्मिक इतिहास बोकेको हनुमानढोका दरबार क्षेत्रको संरक्षण, सम्बर्द्धन, व्यवस्थापन तथा आन्तरिक र बाह्य पर्यटकहरुलाई सहजिकरण गर्ने उद्देश्यले यस कार्यक्रमको स्थापना २०५८ सालमा भएको हो । हाल यस कार्यक्रमले दरबार क्षेत्रमा आउने बाह्य पर्यटकबाट प्रवेश शूल्क संकलन तथा दरबार क्षेत्रको व्यवस्थान र जात्रा पर्व व्यवस्थापन गर्दै आएको छ ।

१०१.२ **आर्थिक विवरण (आर्थिक वर्ष २०७९।८०)**

| सि.नं. | आय | रकम | सि.नं. | व्यय | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको मौज्दात** | | | तलब पारिश्रमिक तथा अन्य | ३०१९९१४६.५० |
| | खर्च खाता | २९७८५१७२.१४ | २. | कार्यालय संचालन खर्च | १९४६२२८५.७३ |
| | धरौटी तर्फ | ८८५६९०२.३८ | ३. | पूँजीगत खर्च | ६९०८७२ |
| २ | **खर्च खाता** | | ४. | सांस्कृतिक जात्रा पर्व संचालन खर्च | ११७५२६७० |
| | केन्द्रबाट निकासा | ११००००००० | ५. | सांस्कृतिक सम्पदा संरक्षण तथा पर्यटन प्रवर्द्धन र क्षमता अभिवृद्धि विविध कार्यक्रम | १४२९४६५० |
| | आन्तरिक ऋण | ३००००००० | ६. | जनचेतना अभिवृद्धि तथा सैन्दर्य अभिवृद्धि कार्यक्रम | १५३५८०८ |
| | अन्य आम्दानी | १९६७१० | ७. | हनुमानढोका दरबार संग्राहलय विकास समितिलाई एकल टिकटको रकम भुक्तानी | ३७०२६८५० |
| | गत वर्षको पेश्की समायोजन | २३४५५२० | ८. | सार्वजनिक निर्माण तथा पूँजीगत सुधार | ४८३६०७७७ |
| ३ | **धरौटी खाता** | | ९. | धरौटी फिर्ता | २०४१९४१ |
| | धरौटी आम्दानी | २०३०३९८ | १०. | **बैंक मौज्दात** | |
| | | | | खर्च खाता | ९००४३४२.९१ |
| | | | | धरौटी खाता | ८८४५३५९.३८ |
| | **जम्मा** | १८३२१४७०२।५२ | | **जम्मा** | १८३२१४७०२।५२ |

१०१.३ **राजश्वको लक्ष्य र प्रगति -** यस हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको आर्थिक वर्ष २०७९।८० को राजश्वको लक्ष्य र प्रगतिको विवरण देहाय बमोजिम रहेको छ ।

| सि नं | राजश्वको शिर्षक | लक्ष्य | प्रगति | लक्ष्यको तुलनामा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | पर्यटन सेवा शूल्क | ५,००,००,००० | ९,८५,८१,१०० | १९७.१६ |
| २ | छायाँकन शूल्क तथा अन्य | ५,००,००० | ४,८६,००० | ९७.२० |

उपरोक्त विवरण अनुसार यस कार्यक्रमले पर्यटन सेवा शूल्कमा ५ करोड राजश्व संकलनको लक्ष्य राखेकोमा ९ करोड ८५ लाख ८१ हजार संकलन गरेको देखिन्छ भने छायाँकन शूल्क तथा अन्यमा ५ लाखको राजश्व संकलनको लक्ष्य राखेकोमा ४ लाख ८६ हजार संकलन गरेको देखिन्छ । पर्यटन सेवा शूल्कमा राजश्व संकलनको लक्ष्यको तुलनामा १९७.१६ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ भने छायाँकन शूल्क तथा अन्यमा लक्ष्यको तुलनामा ९७.२० प्रतिशत प्रगति हासिल गरेको देखिन्छ ।

१०१.४ **पर्यटक संख्या —** यस हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रममा आर्थिक वर्ष २०७९।८० घुम्न आउने पर्यटक संख्या देहाय बमोजिम रहेको छ ।

| आर्थिक वर्ष | सार्क र विम्स्टेकबाट | अन्य राष्ट्र | जम्मा संख्या |
|---|---|---|---|
| २०७९।८० | ४६,८३४ | ९१,०७० | १,३७,९०४ |

उपरोक्त विवरण अनुसार यस आर्थिक वर्षमा सार्क र विम्स्टेकबाट ४६,८३४ र अन्य राष्ट्रबाट ९१,०७० गरी जम्मा १,३७,९०४ जनाले यस हनुमानढोका दरबार क्षेत्रको भ्रमण गरेको देखिन्छ ।

१०१.५ **निर्माण कार्य व्यवस्थापन —** यस हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको आर्थिक वर्ष २०७९।८० मा ठेक्का र कोटेशन मार्फत् सम्पन्न गरेको निर्माण कार्यको विवरण देहाय बमोजिम छ ।

| योजना संख्या | ठेक्का मार्फत |  | कोटेशन मार्फत |  |
|---|---|---|---|---|
| ८ | संख्या | रकम | संख्या | रकम |
|  | ६ | ५१,८२,५६६ | २ | १३,२१,७३५ |

उपरोक्त विवरण अनुसार यस आर्थिक वर्षमा वडा कार्यालयले सञ्चालन गरेका कुल ८ योजनामा मध्ये ठेक्का मार्फत् ६ वटा योजनामा रु.५१ लाख ८२ हजार र कोटेशन मार्फत् २ योजनामा रु.१३ लाख २१ हजार समेत गरी जम्मा रु.६५ लाख ४ हजार खर्च गरेको छ ।

१०१.६ **ठेक्का प्रतिस्पर्धा -** यस आर्थिक वर्षमा भएका निर्माण कार्यका ठेक्का/सम्झौतामा भएको प्रतिस्पर्धाको विवरण देहाय बमोजिम रहेको छ ।

| सि नं | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | ठेक्का मूल्याङ्कनमा प्रतिस्पर्धी संख्या | घटी प्रतिशत | ठेक्का सम्झौता गरेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १. | जुद्ध बारुणयन्त्र परिसर मर्मत तथा विभिन्न मर्मत कार्य | ५७५६८४ | ५४०७८० | ३ | ६.०६ | विपान कन्स्ट्रक्सन प्रा.लि. |
| २. | इन्द्रजात्रा र दशैं तिहारको लागि सडक ढुंगा छपाई कार्य | ४७४१९७ | ४४१७७० | ३ | ६.८४ | श्रेष्ठ ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. |
| ३. | हनुमानढोका क्षेत्र परिसरमा तथा सम्पदा मार्ग मर्मत कार्य | १२१५५७७ | ११३२१७७ | २ | ६.८६ | श्रेष्ठ क्वालिटी निर्माण सेवा |
| ४. | मठ मन्दिरहरुमा रंगरोगन कार्य | ११२४२३८ | ६६८५७५ | ५ | ४०.५३ | सुस्मन कन्स्ट्रक्सन एण्ड सप्लायर्स |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | मठ मन्दिरहरुमा झल्लर राख्ने कार्य | ११३९६३७ | ७३७६४५ | ३ | ३५.२७ | सि.एन. ईन्टरप्राइजेज |
| ६. | कार्यालय मालसामान मसलन्द तथा विजुली बत्ति खरिद कार्य | ११६५०७० | १००४३७५ | ३ | १३.७९ | राज एण्ड रिवाज सप्लायर्स प्रा.लि. |
| **जम्मा** | | **५६,९४,४०६** | **४५,२५,३२३** | | २०.५३ | |

उपरोक्त विवरण अनुसार हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमले ठेक्का मार्फत ६ वटा कार्यको जम्मा रु.५६,९४,४०६।३० को लागत अनुमान तयार गरी रु.४५,२५,३२३।५६ मा ठेक्का सम्झौता गरेको देखिन्छ । जस अनुसार लागत अनुमानको तुलनामा न्यूनतम् -६.०६ देखि अधिकतम् -४०.५३ प्रतिशत सम्ममा ठेक्का सम्झौता भई समग्र निर्माण कार्यमा औसतमा -२०.५३ प्रतिशत न्यूनमा सम्झौता भएको देखिन्छ ।

## १०२ चःमती जग्गा एकीकरण आयोजना

१०२.१ **परिचय -** काठमाडौं महानगरपालिका भित्र रहेको अव्यवस्थित संरचना र बसोबासलाई व्यवस्थित गर्ने क्रममा छरिएर रहेका जग्गाका कित्ताहरुलाई जग्गा एकीकरण योजनाको माध्यमबाट विकासको लागि समानुपातिक प्रतिशतका दरले जग्गा कट्टा गरी सुविधा सम्पन्न घडेरीमा परिणत गरी सम्बन्धित जग्गा धनीलाई नै फिर्ता दिने कार्यक्रम अनुसार चःमती क्षेत्रमा जग्गा विकास कार्यक्रम लागु गरिएको हो । यो आयोजना काठमाडौं महानगरपालिका वडा नं. १५ र १६ मा पूर्वमा विष्णुमती नदी, पश्चिममा स्वयम्भु भगवान पाउ वनस्थली सडक, उत्तरमा बालाजु वनस्थली चक्रपथ र दक्षिणमा स्वयम्भु भगवानपाउ विजेश्वरी हुँदै भोभा भगवती मन्दिर सम्म रहेको छ । यो कार्यक्रम लागु गर्न नेपाल सरकार बाट २०६०।०१।०५ गते आयोजना क्षेत्रको जग्गा अधिग्रहण गरिएको हो । यसको बाटोको नेटवर्क प्लान र डि.पि.आर. स्थानीय सहयोग समितिको सिफारिस अनुसार नेपाल सरकारबाट मिति २०६०।०८।०१ मा स्वीकृत भएको हो । १७ ब्लकमा नक्सा स्वीकृत गरी आगामी २ वर्षमा आयोजना सम्पन्न गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने उद्देश्य रहेको देखिन्छ ।

### १०२.२ चःमती जग्गा एकीकरण आयोजनाको आर्थिक विवरण (आर्थिक वर्ष २०७९।८०)

| सि.नं. | आय शीर्षक | रकम | सि.नं. | व्यय शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १. | गत वर्षको जिम्मेवारी | २२८५३३०४२.३७ | १. | तलब, भत्ता र अन्य सुविधा | १४९२७३६७.२६ |
| २. | उपभोक्ता जग्गा धनिको योगदानबाट प्राप्त रकम | ६९५७७८९३ | २. | कार्यालय संचालन खर्च | ६०२२५६९.०७ |
| ३. | अन्य विविध आम्दानी | ८६२०० | ३. | सार्वजनिक निर्माण खर्च | ६९९५३९७८.९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | ब्याज आम्दानी | ३१४७१३७.३९ | ४. | पेश्की खर्च (गत वर्षको) | ३१०६३२४.६२ |
| ५. | खर्च खाताको ब्याज आम्दानी | ७४९३३.९३ | ५. | पेश्की खर्च | ९८२४३८ |
| ६. | गत वर्षको पेश्की रकम अल्या | ४६८३६५४.६२ | ६. | मौज्दात रकम आम्दानी खाता | २३१३४४२७२.७६ |
| | गत वर्षको खर्च खातामा बैंक रकम अल्या | २२४३८५५६.८१ | ७. | मौज्दात रकम खर्च खाता | २२०४४६७.७६ |
| | **जम्मा** | **३२८५४१४१८.१२** | | **जम्मा** | **३२८५४१४१८.१२** |

१०२.३ **करार कर्मचारीको सेवा अवधि -** काठमाडौं महानगरपालिकाको करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी कार्यविधि, २०७९ को दफा १२(३) मा करारमा कर्मचारी नियुक्ती गर्दा करार अवधि सामान्यतः एक वर्षको हुने व्यवस्था छ । तर आयोजनाको मिति २०६८ कार्तिक २ गतेको बोर्डको १५ औं बैठकले आयोजनाको स्वीकृत दरबन्दीमा करारमा कर्मचारी नियुक्ती गर्दा कर्मचारीहरुको करार अवधिलाई आयोजनाको अवधि भर बनाउने निर्णयनुसार असिमित अवधिको करार सम्झौता गरेको देखिन्छ । जुन करार सम्झौताहरु महानगरपालिकाको करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी कार्यविधि, २०७९ को प्रतिकुल देखिएको तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१०२.४ **आयोजना हस्तान्तरण र सम्पत्तिको स्वामित्व -** महानगरपालिकाले आयोजना संचालन गरेको २१ वर्षको अवधि सम्म पनि आयोजना सम्पन्न गरी हस्तान्तरण गर्ने सम्बन्धी नीतिगत एवं कानूनी व्यवस्था कार्यान्वयनमा ल्याएको पाईएन । पालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रममा संचालित आयोजनाहरु यथाशिघ्र सम्पन्न गरी हस्तान्तरण गर्ने उल्लेख छ । उक्त व्यवस्थाका लागि मनोहरा जग्गा एकिकरण आयोजनाको जग्गा व्यवस्थापन उप-समितिको मिति २०७९/५/२ को ३१ औं बैठकले २०६७/६/१४ मा माननीय उपप्रधानमन्त्री स्तरबाट स्वीकृत “जग्गा विकास आयोजना हस्तान्तरण कार्यविधि, २०६७” यस आयोजनाका हकमा समेत लागु हुने गरी संशोधनका लागि काठमाडौं उपत्यका विकास प्राधिकरण मार्फत् नेपाल सरकारलाई अनुरोध गर्ने निर्णयानुसार परिपत्र गरेकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त कार्यविधि स्वीकृत भएको देखिएन ।

त्यसैले आयोजना हस्तान्तरणका क्रममा आयोजनाका नाममा रहेको मौज्दात रकम, निर्मित संरचना र त्यसले ओगटेको जग्गा, कुनै शिक्षण संस्था वा विद्यालय प्रयोजनको लागि व्यवस्था गरेको जग्गा लगायतका सम्पत्तिको स्वामित्व आयोजना संचालन गर्ने निकायका नाममा रहने तथा बिक्री गर्न बाँकी घडेरी आयोजना संचालन गर्ने निकायले नै प्रतिस्पर्धात्मक तरिकाबाट बिक्री गर्ने गरी आवश्यक कानूनी व्यवस्थाको तर्जुमा एवं कार्यान्वयनका लागि महानगर पालिकाले थप ध्यान दिनुपर्ने देखिन्छ ।

१०२.५ **करार कर्मचारीलाई सञ्चय कोष -** संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई

आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । तर आयोजनाले करार सेवामा राखिएका कर्मचारीलाई स्थायी कर्मचारी सरह कर्मचारी संचय कोष वापत १० प्रतिशत रकम कट्टी गरी सोही बराबरको रकम आयोजनाबाट थप गरी कर्मचारी संचय कोषमा जम्मा गर्दै आएको छ । यस वर्ष करार सेवामा कार्यरत देहायका कर्मचारीका लागि संचयकोष वापत आयोजनाले रु.६,०७,१६३।३० भुक्तानी गरेको छ । आयोजनाले यस्तो प्रकारको खर्च गर्दा संघीय सरकारले अवलम्बन गरेको अभ्यास र यसले पार्न सक्ने दूरगामी असर बारे समेत विश्लेषण गरेको छैन । त्यसैले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र र संघीय सरकारले अपनाएको अभ्यास विपरित हुने गरी भुक्तानी गरेको संचय कोष वापतको रकम असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| सि.नं. | नाम पद | थप संचय कोष |
|---|---|---|
| १. | कानूनअधिकृत श्री समिता श्रेष्ठ (रावत) | ५६,७९५.७ |
| २. | ना.सु. श्रीदिलन कुमार शाक्य | ४५,१४९ |
| ३. | ना.सु. श्रीरामेश्वर महर्जन | ४५,१४९ |
| ४. | ना.सु. श्रीविजय कुमार भण्डारी | ४५,१४९ |
| ५. | जु.ई. श्रीनवराज जोशी | ४५,१४९ |
| ६. | जु.ई. श्रीप्रकाश थापा | ४५,१४९ |
| ७. | अमिन श्रीभिम बहादुर गुरुङ्ग | ४२,७७० |
| ८. | अमिन श्रीकृष्ण बहादुर तिमिल्सेना | ४२,७७० |
| ९. | प्रशासनसहायक श्री दिपा तिवारी | ४२,७७० |
| १०. | प्रशासनसहायक श्री कुमार प्र. तिमिल्सेना | ४२,७७० |
| ११. | सुपरभाईजरश्री शिव कुमार महर्जन | ४२,७७० |
| १२. | प्रशासनसहायक श्री भगवती अधिकारी | ४२,७७० |
| १३. | का.स. श्रीबिजय तिमिल्सेना | ३२,११० |
| १४. | हलुकासवारी चालक श्री राजु लामा | ३५,८९५.६० |
| | **जम्मा** | **६,०७,१६६.३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०७,१६५ |

१०२.६ **आयोजना भत्ता** - मिति २०६२ बैशाख ५ सम्म २ वर्षको अवधिमा आयोजना सम्पन्न गर्ने उद्देश्यका साथ २०६० बैशाख ०५ मा स्थापना भएकोमा मिति २०६४ साल फाल्गुन ३ गतेको बोर्डको नवौं बैंठकको निर्णय अनुसार आयोजनामा कार्यरत कर्मचारीलाई मासिक खाइपाइ आएको तलबको ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भएको देखिन्छ । तर आयोजना सम्पन्न गर्ने अवधिको १८ बर्ष अर्थात् ३०० प्रतिशत भन्दा बढी समयावधि व्यतित भई सक्दा समेत सम्पन्न हुन सकेको छैन भने आयोजनाको लागत २०७९/८० सम्ममा रु.१,३७,२५,८५,०५५।१५ रहेको छ । उपर्युक्त अवस्थामा आयोजनामा कार्यरत १८ कर्मचारीहरुलाई आयोजना भत्ता वापत यस वर्ष रु.३७,९७,४४८।०० भुक्तानी गरेको छ । त्यसैले

तोकिएको समय भन्दा १८ बर्ष भन्दा बढी समयावधि व्यतित भई सकेको अवस्थामा आयोजनामा कार्यरत कर्मचारीहरुलाई लागि आयोजना भत्ता भुक्तानी हुनु उपयुक्त र औचित्यपूर्ण देखिएन ।

१०२.७ **महानगर भत्ता -** महानगरपालिकाको नगरपरिषद्को २०६८।६९ को निर्णय नं ९८ मा महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउँदै आएको महानगर भत्तामा थप गरी निरन्तर गर्ने निर्णय गरेको देखिन्छ । महानगरपालिकामा कार्यरत कर्मचारीहरुको हकमा भएको निर्णयका आधारमा आयोजनामा कार्यरत १४ करारका कर्मचारीहरुलाई समेत महानगर भत्ता उपलब्ध गराएको देखिन्छ । त्यसैले आयोजनाको बोर्डको निर्णय बेगर महानगरपालिकामा कार्यरत कर्मचारीलाई दिने गरी निर्णय भएको महानगर भत्ता रु.५,०४,०००।०० आयोजनामा कार्यरत देहायमा कर्मचारीलाई समेत समान रुपमा भुक्तानी गर्नु उपयुक्त देखिएन ।

१०२.८ **करार सेवाका कर्मचारीलाई महंगी भत्ता -** संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. २१७ मिति २०७४।१।२५ को पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र भुक्तानी गर्न पाइने व्यवस्था छ । त्यस्तै गरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करार सेवामा कार्यरत कमाचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा पत्राचार गरेको देखिन्छ । तर आयोजनाले करार सेवामा कार्यरत कर्माचारीलाई बोर्डको निर्णय बमोजिम स्थायी कर्मचारी सरह मासिक रु.२,०००।०० महंगी भत्ता भुक्तानी गर्दै आएको छ । आयोजनाले बोर्डको निर्णय अनुसार यस वर्ष १४ जना करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता वापत रु.३,३६,०००।०० भुक्तानी गरेको छ । त्यसैले स्पष्ट कानूनी व्यवस्था बेगर सेवा करार सम्झौताका आधारमा महंगी भत्ता भुक्तानी गर्नु उपयुक्त देखिएन ।

१०२.९ **उपभोक्ता समितिबाट निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम खुलाउनु पर्ने तथा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. १७ को अनुसूची × ४ मा उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा लागत सहभागिता (नगद/श्रमदान/वस्तुगत) कम्तिमा १० प्रतिशत नघट्ने गरी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै काठमाडौं महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ४१ अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा उपभोक्ता समितिको सहभागिता अनिवार्य हुनुपर्ने व्यवस्था छ । उल्लेखित कानूनी व्यवस्था अनुसार लागत सहभागिता बेगर उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गर्न सक्ने अवस्था देखिदैन । तर आयोजनाले देहायको निर्माण कार्यहरु गर्ने क्रममा उपभोक्ता समितिको योगदान बेगर सम्पूर्ण रकम आयोजनाले नै व्यहोर्ने गरी प्रचलित कानूनी व्यवस्था विपरित खरिद सम्झौता वापत यस वर्ष रु.२ करोड १९लाख ३५ हजार ६७९ भुक्तानी गरेको छ । त्यसैले महानगरपालिका अन्तर्गतका निर्माणको कार्यमा जनसहभागिताको अंश न्यूनतम् ५ प्रतिशत कायम गर्ने गरेको अवस्थामा आयोजनाले समेत सोही

अनुपातमा हुन आउने रकम रु.१० लाख ९६ हजार ७८३ देहायका उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| सि.नं. | उपभोक्ता समितिको नाम | कार्य विवरण | लागत अनुमान/सम्झौता रकम रु. | भुक्तानी रकम रु. | उपभोक्ता समितिले व्यहोर्नुपर्ने रु. | उपभोक्ता समितिले व्यहोरेको रु. |
|---|---|---|---|---|---|---|
| १. | श्री भचातगी टोल सुधार उपभोक्ता समिति | बाटो ढलान, ढल विछ्याउने र रिटेनिङ्ग वाल | ३६,३४,०२१ | ३६,०४,६४१ | १,८०,२३२.०५ | ० |
| २. | श्री नवयुग निर्माण उपभोक्ता समिति | बाटो ढलान, ढल विछ्याउने र रिटेनिङ्ग वाल | ४७,७९,७८८ | २९,४५,१८२ | १,४७,२५९.१० | ० |
| ३. | ढल तथा सडक पेटी निर्माण उपभोक्ता समिति | ढल तथा सडक पेटी निर्माण | ४५,०७,९८४ | ४३,८९,४२९ | २१९४७१.४५ | ० |
| ४. | चामती दवु निर्माण तथा संरक्षण उपभोक्ता समिति | दवु निर्माण | ३४,४९,४९७ | ३४,४१,७३३ | १७२०८६.६५ | ० |
| ५. | भचाखुशी उपभोक्ता समिति | नयाँ ट्र्या, सडक ढलान र वाल निर्माण | ७५,८३,२७६ | ७५,५४,६९४ | ३७७७३४.७० | ० |
| **जम्मा** | | | **२,३९,५४,५६६** | **२१९३५६७९** | **१०९६७८३.९५** | **०** |

| असुल गर्नुपर्ने | १०,९६,७८३.९५ |
|---|---|

१०३ **मनोहरा जग्गा एकिकरण आयोजना**

१०३.१ **परिचय -** काठमाडौं महानगरपालिकाको साविक वडा नं. ३५ अन्तर्गत सिनामंगल १क, १ख, कोटेश्वर १ख, १ग, २ख, २ग, ५क, ५ख, ५ग, ९ख, ९ग, ९घ र ७क साथै मध्यपुर ठिमी नगरपालिका वडा नं. १६ र १७ अन्तर्गत साविक दिव्येश्वरी ६क, ५ख, ४ख१ र ७ख मा पर्ने मनोहरा क्षेत्रभित्र भइरहेको अनियन्त्रित तथा अव्यवस्थित आवास क्षेत्रलाई योजनाबद्ध तथा व्यवस्थित बसोबासको योजना बनाई कार्यान्वयन गर्ने मिति २०५९ असार ३२ को काठमाडौं महानगरपालिकाको बोर्ड बैठकबाट निर्णय भइ जग्गा एकिकरण कार्यक्रम लागु गर्न काठमाडौं उपत्यका नगर विकास समितिबाट मिति २०५९ चैत्र २६ मा योजना स्वीकृत भएको थियो । ५ वर्ष भित्र कार्य सम्पन्न गर्ने लक्ष्य सहित संचालित उक्त कार्यक्रमको अनुमानित लागत रु.७०

करोड ९५ लाख रहेकोमा तोकिएको अवधि भन्दा करिब १६ वर्ष भन्दा बढी समयावधि ब्यतित भएको छ ।

१०३.२ **मनोहरा जग्गा एकिकरण आयोजनाको आर्थिक विवरण (आर्थिक वर्ष २०७९।८०)**

| सि.नं. | आय शीर्षक | रकम | सि.नं. | व्यय शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १. | गत वर्षको जिम्मेवारी | ९,९५,८३,१८७।८४ | १. | तलब, भत्ता र अन्य सुविधा | १,५९,९१,९१८।२३ |
| २. | महानगरपालिकाबाट ऋण सापटी | ९,८५,००,०००।०० | २. | कार्यालय संचालन खर्च | १,०१,९८,४५४।८५ |
| ३. | अन्य विविध आम्दानी | १६,२२,५६,६१२।०० | ३. | सार्वजनिक निर्माण खर्च | २४,८९,१७,२१३।८२ |
| ४. | खर्चतथा आम्दानी खाताकोब्याजआम्दानी | १७,३८,००७।६८ | ४. | पेश्की खर्च (गत वर्षको) | ३,७७,८८,३६५।०० |
| ५. | खर्च खाताको व्याज आम्दानी | | ५. | पेश्की खर्च | २,९०,३८,०९७।६९ |
| ६. | गत वर्षको पेश्की रकम अल्या | ३,७८,३८,३६५ | ६. | मौज्दात रकम आम्दानी खाता | ४,५२,६५,५१३।८४ |
| ७. | गत वर्षको खर्च खातामा बैंक रकम अ.ल्या. | | ७. | मौज्दात रकम खर्च खाता | १,२७,१६,६०९।०९ |
| | **जम्मा** | **३९,९९,१६,१७२।५२** | | **जम्मा** | **३९,९९,१६,१७२।५२** |

१०३.३ **आयोजना हस्तान्तरण र सम्पत्तिको स्वामित्व -** महानगरपालिकाले आयोजना संचालन गरेको २१ वर्षको अवधि सम्म पनि आयोजना सम्पन्न गरी हस्तान्तरण गर्ने सम्बन्धी नीतिगत एवं कानूनी व्यवस्था कार्यान्वयनमा ल्याएको पाईएन । पालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रममा संचालित आयोजनाहरु यथाशिघ्र सम्पन्न गरी हस्तान्तरण गर्ने उल्लेख छ । उक्त व्यवस्थाका लागि मनोहरा जग्गा एकिकरण आयोजनाको जग्गा व्यवस्थापन उप-समितिको मिति २०७९/५/२ को ३१ औं बैठकले २०६७/६/१४ मा माननीय उपप्रधानमन्त्री स्तरबाट स्वीकृत "जग्गा विकास आयोजना हस्तान्तरण कार्यविधि, २०६७" यस आयोजनाका हकमा समेत लागु हुने गरी संशोधनका लागि काठमाडौं उपत्यका विकास प्राधिकरण मार्फत् नेपाल सरकारलाई अनुरोध गर्ने निर्णयानुसार परिपत्र गरेकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त कार्यविधि स्वीकृत भएको देखिएन ।

त्यसैले आयोजना हस्तान्तरणका क्रममा आयोजनाका नाममा रहेको मौज्दात रकम, निर्मित संरचना र त्यसले ओगटेको जग्गा, कुनै शिक्षण संस्था वा विद्यालय प्रयोजनको लागि व्यवस्था गरेको जग्गा लगायतका सम्पत्तिको स्वामित्व आयोजना संचालन गर्ने निकायका नाममा रहने तथा बिक्री गर्न बाँकी घडेरी आयोजना संचालन गर्ने निकायले नै प्रतिस्पर्धात्मक तरिकाबाट बिक्री गर्ने गरी आवश्यक कानूनी व्यवस्थाको तर्जुमा एवं कार्यान्वयनका लागि महानगर पालिकाले थप ध्यान दिनुपर्ने देखिन्छ ।

१०३.४ **करार कर्मचारीलाई संचय कोष -** संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । तर आयोजनाले करार सेवामा राखिएका कर्मचारीलाई स्थायी कर्मचारी सरह कर्मचारी संचय कोष वापत १० प्रतिशत रकम कट्टी गरी सोही बराबरको रकम आयोजनाबाट थप गरी कर्मचारी संचय कोषमा जम्मा गर्दै आएको छ । आयोजनाले यस्तो प्रकारको खर्च गर्दा संघीय सरकारले अवलम्बन गरेको अभ्यास र यसले पार्न सक्ने दूरगामी असर बारे समेत विश्लेषण गरेको छैन । त्यसैले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र र संघीय सरकारले अपनाएको अभ्यास विपरित हुने गरी २०६८ साल कार्तिक २ गतेको निर्णय अनुसार देहायका करार सेवामा कार्यरत कर्मचारीलाई संचय कोष वापत भुक्तानी गरेको रु.५,८५,७३३।२० असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| सि नं | कर्मचारी नाम र पद | कर्मचारी संचय कोष वापत थप १० प्रतिशत रकम रु. |
|---|---|---|
| १ | मनोजकुमार भेटवाल/कानून अधिकृत | ५२४२६।८० |
| २ | पुर्णकृष्णश्रेष्ठ/जु.ई. | ४१६७६।०० |
| ३ | सिद्धिकृष्णश्रेष्ठ/जु.ई. | ४१६७६।०० |
| ४ | प्रेमबहादरखड्का/ना.सु. | ४१६७६।०० |
| ५ | गीता देवी बुढाथोकी/स्टोरकिपर | ३९४८२।४० |
| ६ | घनश्यामगौतम/सुपरभाईजर | ३९४८२।४० |
| ७ | मदन बहादुर साउद/सुपरभाईजर | ३९४८२।४० |
| ८ | संजिव पुरी/सुपरभाईजर | ३९४८२।४० |
| ९ | सुवित राजवंशी/कम्प्यूटर अपरेटर | ३९४८२।४० |
| १० | युवराज खनाल/अमिन | ३९४८२।४० |
| ११ | प्रकाश चन्द्र पौडेल/अमिन | ३९४८२।४० |
| १२ | शान्ति सुवेदी/सुपरभाइजर | ३९४८२।४० |
| १३ | अम्बिरलो/ह.स.चा. | ३३१३४।४० |
| १४ | जसोधा महतो/का.स. | २९६४२।४० |
| १५ | सरिता पुन/का.स. | २९६४२।४० |
| | **जम्मा** | **५८५७३३।२०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८५,७२८ |

१०३.५ **करार कर्मचारीको सेवा अवधि -** काठमाडौं महानगरपालिकाको करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी कार्यविधि, २०७९ को दफा १२(३) मा करारमा कर्मचारी नियुक्ती गर्दा करार अवधि सामान्यतः एक वर्षको हुने व्यवस्था छ । तर आयोजनाको मिति २०६८ कार्तिक २ गतेको बोर्डको १५ औं बैठकले आयोजनाको स्वीकृत दरबन्दीमा करारमा कर्मचारी नियुक्ती गर्दा कर्मचारीहरुको करार अवधिलाई आयोजनाको अवधि भर बनाउने निर्णयनुसार असिमित अवधिको करार सम्झौता गरेको देखिन्छ । जुन

करार सम्झौताहरु महानगरपालिकाको करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी कार्यविधि, २०७९ को प्रतिकुल देखिएको तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१०३.६ **आयोजना भत्ता -** मिति २०६४ चैत्र २६ सम्म ५ वर्षको अवधिमा आयोजना सम्पन्न गर्ने उद्देश्यका साथ २०५९ चैत्र २६ मा स्थापना भएकोमा मिति २०६४ साल फाल्गुन ३ गतेको बोर्डको नवौं बैंठकको निर्णय अनुसार आयोजनामा कार्यरत कर्मचारीलाई मासिक खाइपाइ आएको तलबको ५० प्रतिशत आयोजना भत्ता उपलब्ध गराउने निर्णय भएको देखिन्छ । तर आयोजना सम्पन्न गर्ने अवधिको १६ बर्ष अर्थात् ३०० प्रतिशत भन्दा बढी समयावधि व्यतित भई सक्दा समेत सम्पन्न हुन सकेको छैन । उपर्युक्त अवस्थामा आयोजनामा कार्यरत कर्मचारीलाई निजहरुको नियमित कार्य सम्पादनका लागि आयोजना भत्ता वापत यस वर्ष २५ कर्मचारीहरुलाई रु.४२,९९,१९४।०० भुक्तानी गरेको छ । त्यसैले तोकिएको समय भन्दा १६ बर्ष भन्दा बढी समयावधि व्यतित भई सक्दा समेत आयोजना सम्पन्न हुन नसकेको अवस्थामा आयोजनामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप आयोजना भत्ता भुक्तानी हुनु उपयुक्त र औचित्यपूर्ण देखिएन ।

१०३.७ **करार सेवाका कर्मचारीलाई महंगी भत्ता -** संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. २१७ मिति २०७४।१।२५ को पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र भुक्तानी गर्न पाइने व्यवस्था छ । त्यस्तै गरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करार सेवामा कार्यरत कमाचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा पत्राचार गरेको देखिन्छ । तर आयोजनाले करार सेवामा कार्यरत कर्माचारीलाई बोर्डको निर्णय बमोजिम स्थायी कर्मचारी सरह मासिक रु.२,०००।०० महंगी भत्ता भुक्तानी गर्दै आएको छ । आयोजनाले बोर्डको निर्णय अनुसार यस वर्ष १५ जना करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता वापत रु.३,६०,०००।०० भुक्तानी गरेको छ । त्यसैले स्पष्ट कानूनी व्यवस्था बेगर सेवा करार सम्झौताका आधारमा महंगी भत्ता भुक्तानी गर्नु उपयुक्त देखिएन ।

१०३.८ **महानगर भत्ता -** महानगरपालिकाको नगरपरिषद्को २०६८।६९ को निर्णय नं ९८ मा महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउँदै आएको महानगर भत्तामा थप गरी निरन्तर गर्ने निर्णय गरेको देखिन्छ । महानगरपालिकामा कार्यरत कर्मचारीहरुको हकमा भएको निर्णयका आधारमा आयोजनामा कार्यरत करारका कर्मचारीहरुलाई समेत महानगर भत्ता उपलब्ध गराएको देखिन्छ । त्यसैले आयोजनाको बोर्डको निर्णय बेगर महानगरपालिकामा कार्यरत कर्मचारीलाई दिने गरी निर्णय भएको महानगर भत्ता रु.५,४०,०००।०० आयोजनामा कार्यरत १५ करार कर्मचारीलाई समेत समान रुपमा भुक्तानी गर्नु उपयुक्त देखिएन ।

१०३.९ **निर्माण कार्य व्यवस्थापन -** आयोजनाले आर्थिक वर्ष २०७९।८० मा उपभोक्ता समिति र ठेक्का मार्फत् सम्झौता गरेका कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

| जम्मा योजना संख्या | उपभोक्ता समिति मार्फत | | ठेक्का मार्फत | |
|---|---|---|---|---|
| | योजना संख्या | रकम | योजना संख्या | रकम |
| २८ | १७ | १४,०४,९२,६२७ | ११ | ५,०५,२१,५८८ |

यस आर्थिक वर्षमा आयोजनाले सञ्चालन गरेका कुल २८ योजनामा मध्ये ठेक्का मार्फत् ११ वटा योजनामा रु.५ करोड ५ लाख २१ हजारको सम्झौता गरेको छ भने उपभोक्ता समिति मार्फत् सञ्चालित १७ योजनामा रु.१४ करोड ४ लाख ९२ हजारको योजना संचालन सम्झौता गरेको छ । अर्थात् आयोजनाले २८ योजनामा भएको खर्च मध्ये २६.४५ प्रतिशत ठेक्का प्रक्रिया र ७३.५५ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गर्ने गरी सम्झौता गरेको देखिन्छ । आयोजनाले उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेतको विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

१०३.१० **उपभोक्ता समितिबाट निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम खुलाउनु पर्ने तथा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. १७ को अनुसूची - ४ मा उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा लागत सहभागिता (नगद/श्रमदान/वस्तुगत) कम्तिमा १० प्रतिशत नघट्ने गरी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै काठमाडौं महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ४१ अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा उपभोक्ता समितिको सहभागिता अनिवार्य हुनुपर्ने व्यवस्था छ । उल्लेखित कानूनी व्यवस्था अनुसार लागत सहभागिता बेगर उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गर्न सक्ने अवस्था देखिदैन । तर आयोजनाले देहायको निर्माण कार्यहरु गर्ने क्रममा उपभोक्ता समितिको योगदान बेगर सम्पूर्ण रकम आयोजनाले नै व्यहोर्ने गरी प्रचलित कानूनी व्यवस्था विपरित खरिद सम्झौता वापत यस वर्ष रु.११ करोड ७८ लाख १३ हजार ७५ भुक्तानी गरेको छ । त्यसैले महानगरपालिका अन्तर्गतका निकायहरुले निर्माण कार्यमा जनसहभागिताको अंश न्यूनतम् ५ प्रतिशत कायम गर्ने गरेको अवस्थामा आयोजनाले समेत सोही अनुपातमा हुन आउने रकम रु.५८ लाख ९० हजार ६५५ देहायका उपभोक्ता समितिबाट असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| सि.नं. | उपभोक्ता समितिको नाम | कार्य विवरण | लागत अनुमान/ सम्झौता रकम रु. | भुक्तानी रकम रु. | उपभोक्ता समितिले व्यहोनुपर्ने रकम रु. | उपभोक्ता समितिले व्यहोरेको रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | सिद्धिकाली उपभोक्ता समिति | ढुंगाको पर्खाल लगाउने कार्य | ८४०२५१३ | ७२०४६६० | ३६०२३३ | ० |
| २. | बंगलामुखी उपभोक्ता समिति | खुल्ला क्षेत्र ११ मिटर तथा ८ मिटर मा बाटो खोल्ने कार्य | ८४४२३३३ | ७०८५०१२ | ३५४२५१ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | नाट्यश्वरी उपभोक्ता समिति | ब्लक छाप्ने तथा बाटो सिमांकन कार्य | ८४६१९३१ | ७३७७९६७ | ३६८८९८ | ० |
| ४. | बंगलामुखी उपभोक्ता समिति | ढुंगाको पर्खाल लगाई बाटो खोल्ने कार्य | ८३७००४६ | ७०२६४५८ | ३५१३२३ | ० |
| ५. | जय दिव्यश्वरी उपभोक्ता समिति | बाटो खोल्ने कार्य | ८२९२५४६ | ६६०६४७८ | ३३०३२४ | ० |
| ६. | सिद्धिगणेश उपभोक्ता समिति | ढुगांको पर्खाल लगाउने कार्य | ८१५९२९८ | ७१८७४५१ | ३५९३७३ | ० |
| ७. | पुरानो मनोहरा सभ्यता उपभोक्ता समिति | ढुगांको पर्खाल लगाउने कार्य | ६८०५८४७ | ५५२८९१७ | २७६४४६ | ० |
| ८. | महाकाली उपभोक्ता समिति | ११ मिटर सडकमा ढुंगाको पर्खाल लगाई माटो भने कार्य | ७६११७०१ | ७२९३९८७ | ३६४६९९ | ० |
| ९. | पाँच कुमारी उपभोक्ता समिति | ढुंगाको पर्खाल लगाउने कार्य | ८५८५६४८ | ४७७८०४५ | २३८९०२ | ० |
| १०. | जय दिव्यश्वरी उपभोक्ता समिति | सुकुम्बासी क्षेत्रमा ढुंगाको पर्खाल लगाई माटो भर्ने कार्य | ८५०२८१३ | ६३२५२५४ | ३१६२६३ | ० |
| ११. | पाल्पाकोट मनोहरा उपभोक्ता समिति | ढुंगाको पर्खाल लगाउने कार्य | ८५३०८०१ | ७४९८७८१ | ३७४९३९ | ० |
| १२. | सिद्धिकाली उपभोक्ता समिति | ढुंगाको पर्खाल लगाउने कार्य | ८२३२६२८ | ७२८१५१४ | ३६४०७६ | ० |
| १३. | श्री गणेश उपभोक्ता समिति | ढुंगाको पर्खाल लगाउने कार्य | ८४०३०२० | ७७२२४९४ | ३८६१२५ | ० |
| १४. | नगदेश उपभोक्ता समिति | ढुंगाको पर्खाल लगाउने कार्य | ८५५४९३७ | ७३४१२७७ | ३६७०६४ | ० |
| १५. | पाल्पाकोट मनोहरा उपभोक्ता समिति | विभिन्न ब्लकमा ढुंगाको पर्खाल लगाउने कार्य | ८२८८६५४ | ७४९५४२६ | ३७४७७१ | ० |
| १६. | श्री गणेश उपभोक्ता समिति | ढुंगाको पर्खाल लगाई बाटो खोल्ने कार्य | ८६१२५९० | ७१३२७३२ | ३५६६३७ | ० |
| १७. | मनोहरा एकता उपभोक्ता समिति | विभिन्न ब्लकमा ढुंगाको पर्खाल लगाउने कार्य | ८२३५३२१ | ६९२६६२२ | ३४६३३१ | ० |
| **जम्मा** | | | **१४०४९२६२७** | **११७८१३०७५** | **५८९०६५५** | ० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,९०,६५५ |

१०३.११ **पेश्की बाँकी -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी, व्यक्ति, फर्म, संस्थाले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । आयोजनाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई उपलब्ध

गराएको म्याद नाघेको पेश्की रु.२,८९,८८,०९६ आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.

| भौ.नं. मिति | पेश्की लिनेको विवरण | पेश्कीको प्रयोजन | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|---|
| ३४९/२०८०/०३/२० | श्री गणेश उपभोक्ता समिति | पर्खाल लगाई बाटो निर्माण कार्य | २५७१४११ | ० | २५७१४११ |
| ३५०/२०८०/०३/२० | श्री सिद्धिकाली उपभोक्ता समिति | ढुंगाको वाल लगाउने बाटो निर्माण कार्य | २६६४५८१ | ० | २६६४५८१ |
| ४६/२०७९/०६/०९ | श्री सिद्धि गणेश उपभोक्ता समिति | ढुंगाको सिमानामा पर्खाल निर्माण कार्य | २६९३३४० | ० | २६९३३४० |
| ३१५/२०८०/०३/०६ | श्री मनोहरा एकता समाज उपभोक्ता समिति | ढुंगाको पर्खाल लगाई बाटो निर्माण कार्य | २५६७३६० | ० | २५६७३६० |
| २१७/२०७९/१२/०५ | श्री राम उपभोक्ता समिति | माटो फिलिङ गर्ने र ढुङगाको वाल लगाउने कार्य | २७५९४५० | ० | २७५९४५० |
| २७४/२०८०/०२/०२ | श्री लक्ष्मण उपभोक्ता समिति | ११ मिटर सडकमा माटो भर्ने कार्य | २५४२४०१ | ० | २५४२४०१ |
| ३१४/२०८०/०३/०६ | श्री निलवाराही उपभोक्ता समिति | बाटो खोल्ने र ढुंगाको वाल लगाउने कार्य | २५७०५८६ | ० | २५७०५८६ |
| ३५८/२०८०/०३/२२ | श्री मनोहरा सरोकार उपभोक्ता समिति | ढुंगाको पर्खाल लगाई सिमाङ्कन गर्ने कार्य | २५३०७३० | ० | २५३०७३० |
| १२७/२०७९/०९/१३ | श्री वल्ड वाईड सुसन जे भी | गाभ्रेल र ह्युम पाईप राख्ने कार्य | ३११३९५२ | ० | ३११३९५२ |
| २९२/२०८०/०२/१९ | श्री नेपाल विद्युत प्राधिकरण | विद्युत पोलहाल्ने कार्य | ४९७४२८५ | ० | ४९७४२८५ |
| **जम्मा** | | | **२८९८८०९६** | **०** | **२८९८८०९६** |

| पेश्की | २,८९,८८,०९६ |
|---|---|

## आन्तरिक लेखापरीक्षण तर्फ

१०४ **आन्तरिक लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण गर्नु अगावै फछ्र्यौट गराउनु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका र यस प्रतवेदनका अन्य दफाहरुमा समावेश नभएका उल्लेख्य व्यहोराहरु मात्र समावेश गरिएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भई फर्छ्यौट हुन बाँकी देहायको बेरुजु असूल फछ्र्यौटको कारबाही गर्नुपर्ने रु.

<table>
<tr><th>क्र.स.</th><th>वडा नं.</th><th>भौ.नं. मिति</th><th>बेरुजुको संक्षिप्त व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१</td><td>-</td><td>प्रतिमा थापा फाइल नं. (०१-२३-००४८) को घरमा बहालमा बस्ने बहालवाला प्रेसिडेन्ट ईन्टरनेशनल प्रालि बीच मिति २०७४।५।१२ मा भएको सम्झौता अनुसार निजले आर्थिक वर्ष २०७७।७८ मा रु.७१,२८०आर्थिक वर्ष ०७८।८९ मा रु.७७,२२० र अर्थिक वर्ष ०७९।८० मा रु.७८,४०८ समेत रु.२,२६,९०८ कार्यालयको अभिलेख अनुसार तिर्न बाँकी देखिएकोले सम्बन्धितबाट असूल गर्नुपर्ने रु.</td><td>२२६९०८</td></tr>
<tr><td>२</td><td>३</td><td>८१/०८०/२/१४</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार जात्रा पर्व सञ्चालनको लागि मदन देउलालाई भुक्तानी गरेकोले खर्च पुष्ट्याई गर्ने प्रमाणकागजात पेश गर्नुपर्ने रु.</td><td>१५१२०</td></tr>
<tr><td>४</td><td>१०</td><td>५२/०७९/१०/४</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार वडाको मिति २०७९।९।२३ को कार्यक्रमको भिडियो उत्पादन गरे वापत रेडियो अडियो प्रालिलाई रु.१०,००० भुक्तानी गरेकोमा उक्त भिडियोको जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिला प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>१००००</td></tr>
<tr><td>५</td><td>१०</td><td>१२४/०८०/३/२३</td><td>विपन्न बालबालिकाहरुलाई स्टेशनरी सामान सहयोग गरे वापत ग्रामीण विकासका लागि चेतना र समाजलाई रु.१,१६,०५० भुक्तानी गर्नुपर्नेमा रु.१,२०,००० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.३,९५० सम्बन्धितबाट असुल गर्नुपर्नेरु.</td><td>३९५०</td></tr>
<tr><td>६</td><td>१०</td><td>१२४/०८०/३/२३</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार विपन्न बालबालिकाहरु. लाई स्टेशनरी सामान सहयोग गरे वापत ग्रामीण विकासका लागि चेतना र समाजलाई रु.१,१६,०५०भुक्तानी गरेकोमा उक्त सामाग्री वितरण गरेको नदेखिएकोले वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>११६०५०</td></tr>
<tr><td>७</td><td>१०</td><td>१२५/०८०/३/२३</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार बानेश्वर एकता समाजलाई कार्यक्रम वापत रु.५९,००० भुक्तानी हुनुपर्नेमा रु.६०,००० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१,००० सम्बन्धितबाट असूल गरी प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१०००</td></tr>
<tr><td>८</td><td>१०</td><td>विभिन्न</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिल भरपाई,प्रमाण, कागजात सहित लेखा राखुपर्ने तथा सोही नियमावलीको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस वडा कार्यालयले देहायको भौ.न. र मितिमा विभिन्न कार्यक्रम सञ्चालन गरेवापत भुक्तानी गरेकोमा देहाय बमोजिम प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>विवरण</th><th>भुक्तानी पाउनेको नाम</th><th>रकम रु.</th><th>पेश गर्नुपर्ने विवरण</th></tr>
<tr><td>१३।०७९।६।१२</td><td>जात्रा पर्व सञ्चालन</td><td>बद्री प्रसाद ढकाल</td><td>५६०००</td><td>कार्यक्रम विवरण</td></tr>
</table></td><td>७७९३४७</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>३१।०७९।८।८</td><td>आर्थिक सहयोग</td><td>पञ्चकुमारी समाज</td><td>१९९००</td><td>कार्य सम्पन्न प्रतिवेदन</td></tr>
<tr><td>३४।०७९।८।१६</td><td>खेलकुद सामग्री वितरण</td><td></td><td>२०००००</td><td>क्लवको माग निवेदन, क्लव दर्ता, वडा समितिको निर्णय</td></tr>
<tr><td>९४।८०।२।७</td><td rowspan="2">सुचना प्रविधि परामर्श सेवा प्रदान गरे वापत भुक्तानी</td><td rowspan="2">आरोमा टेक्नोलोजिज प्रा.लि.</td><td>६६६६५</td><td rowspan="2">परामर्शदाताको नियुक्ति पत्र, हाजिरी विवरण</td></tr>
<tr><td>१०६।८०।३।५</td><td>३३३३३</td></tr>
<tr><td>१०८।८०।३।६</td><td>खेलकुद सामग्री खरिद</td><td>न्यू सदिक्षा ट्रेडर्स</td><td>५७६३०</td><td rowspan="2">खरिदगरिएका खेलकुद सामग्रीहरु. खेलकुद क्लबहरु. लाई हस्तान्तरण गरेको फाराम संलग्नगर्नुपर्ने ।</td></tr>
<tr><td>११६।८०।३।२१</td><td>खेलकुद सामग्री खरिद</td><td>सिल्भर माउण्टेन इन्टरनेशनल प्रा.लि.</td><td>२९५८३४</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७७९३४७</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>९</td>
<td>१०</td>
<td></td>
<td>
धरौटी तर्फ - वडा कार्यालयलेधरौटी फिर्ता व्यक्तीगत धरौटी प्राविधिक सिफारिसको आधारमा र व्यवसायीक फर्मको धरौटी फिर्ता गर्दा करचुक्ता, कर समायोजन र प्राविधिक सिफारिसको आधारमा गर्नुपर्नेमा देहायको धरौटी फिर्ता गर्दा करचुक्ता, कर विवरण र प्राविधिक सिफारिस बेगर भएको देखिएकाले व्यतिगत धरौटी फिर्ता गर्दा प्राविधिक सिफारिस संलग्न गर्नुपर्ने तथा व्यवसायीक फर्मको धरौटी फिर्ता गर्दा प्राविधिक सिफारिस कर चुक्ता तथा कर समायोजन विवरण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./ मिति</th><th>व्यक्तिको नाम</th><th>रकम रु.</th></tr>
<tr><td colspan="3">व्यक्तिगतधरौटी फिर्ता</td></tr>
<tr><td>११४।८०।१।२७</td><td>गोपीराम अधिकारी</td><td>१००००</td></tr>
<tr><td>१२०।८०।२।९</td><td>नानीमैयाँ प्रधान</td><td>१००००</td></tr>
<tr><td>१२५।८०।३।१</td><td>विष्णु प्रसाद आत्रेय</td><td>११०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३१०००</td></tr>
<tr><td colspan="3">निर्माण व्यवसायी तर्फको धरौटी फिर्ता</td></tr>
<tr><td>१३०।८०।३।१८</td><td>ॐबुद्ध निर्माण सेवा</td><td>१३१४०</td></tr>
<tr><td>१३१।८०।३।१८</td><td>योगल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>३१०५३</td></tr>
</table>
</td>
<td>९८०५९</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१३२।०८०।३।१८</td><td>बाबा कन्स्ट्रकसन एण्ड सप्लाई प्रा.लि.</td><td>२२८६६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६७।५९</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>९८०५९</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td>१६</td><td>१२५/२०८०/३/२३</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार नारी उत्थान समूहलाई सीपमूलक तालिम सञ्चालनको लागि रु.६०,००० भुक्तानी भएकोमा तालिम सम्पन्न भएको प्रमाण कागजात पेश गर्नुपर्ने देखिएको रु.</td><td>६००००</td></tr>
<tr><td>११</td><td>१६</td><td>१६७/२०७९/१२/२९</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार सामुदायिक महिला जागरण मञ्चलाई उद्घोषण तालिम सञ्चालन वापत रु.५०,००० भुक्तानी गरेकोमा तालिम भएको खुल्ने प्रमाण कागजात पेश गर्नुपर्ने रु.</td><td>५००००</td></tr>
<tr><td>१२</td><td>१७</td><td>२/०७९/७/३</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार लुमन्ती जनरल सप्लायर्सबाट सडक बत्ती खरिद गरेकोमा उक्त बत्ती जडान गरेको प्रमाण संलग्न नरहेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४७९१२</td></tr>
<tr><td>१३</td><td>१७</td><td>९/०७९/९/६</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार लुमन्ती जनरल सप्लायर्सबाट सडक बत्ती खरिद गरेकोमा उक्त बत्ती जडान गरेको प्रमाण संलग्न नरहेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>५३२२३</td></tr>
<tr><td>१४</td><td>१७</td><td>१०/०७९/९/१८</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार मेघा कि स्टोन सर्भिसेज प्रालिबाट सडक बत्ती खरिद गरेकोमा उक्त बत्ती जडान गरेको प्रमाण संलग्न नरहेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४७२९३</td></tr>
<tr><td>१५</td><td>१७</td><td>-</td><td>हरिकृष्ण श्रेष्ठ(फाइल नं. (१७-३२-००९६) को घरमा बहालमा बस्ने बहालवाला चाहाना डान्सघरको स्वघोणा पत्र अनुसार निजले आर्थिक वर्ष ०७९।८० मा वार्षिक रु.१,४०,०००बहाल कर तिर्नुपर्नेमा कार्यालयको अभिलेख अनुसार नतिरेको देखिएकोले सम्बन्धितबाट असूल गर्नुपर्ने बाहल कर बापतको रु.</td><td>१४००००</td></tr>
<tr><td>१७</td><td>२७</td><td></td><td>धरौटी फिर्ता – निम्नानुसारको निर्माण व्यवसायीहरुलाई देहाय अनुसार रु. ३,३६,८९०।०५ धरौटी फिर्ता गरेकोमा आन्तरिक राजश्व कार्यालयबाट कर विवरण पत्र वेगर धरौटी फिर्ता भएकाले कर विवरण पेश हुनुपर्ने रु.<table>
<tr><th>गो.भौ.नं.</th><th>मिति</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>४</td><td>०७९।०६।३१</td><td>ओमस्टोन कन्स्टक्सन प्रा.लि.</td><td>३९१४१</td></tr>
<tr><td>५</td><td>०८९।७।३</td><td>ओमस्टोन कन्स्टक्सन प्रा.लि.</td><td>४३८०८</td></tr>
<tr><td>६</td><td>०८९।७।३</td><td>ओमस्टोन कन्स्टक्सन प्रा.लि.</td><td>१७३४६</td></tr>
</table></td><td>३३६८९०</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ७ | ०८९।७।३ | ओमस्टोन कन्स्टक्सन प्रा.लि. | १०६७४ | |
| | | | ८ | ०८९।७।३ | जलसुरी देवी निर्माण सेवा | १३१३५ | |
| | | | ९ | ०८९।७।१७ | ख्युङ्गवा निर्माण सेवा | ११५५० | |
| | | | १० | ०८९।७।१७ | ख्युङ्गवा निर्माण सेवा | २१९८७ | |
| | | | ११ | ०८९।७।२८ | लोलाङ्ग निर्माण सेवा | २७२१७ | |
| | | | १२ | ०७९।७।१८ | सपना कन्स्ट्रक्सन | ३९८१५ | |
| | | | १३ | ०७९।७।२७ | एस. वान्तवा कन्स्ट्रक्सन | २४९६९ | |
| | | | १४ | ०७९।७।२८ | नक्साल भगवती कन्स्ट्रक्सन प्रा.लि. | ४३५०३ | |
| | | | १५ | ०७९।७।२७ | अकलामाई कन्स्ट्रक्सन प्रा.लि. | ४३७३८ | |
| | | | **जम्मा** | | | ३३६८९० | |
| १८ | ३२ | ६८/२०८०/३/२१ | खेलकुद सामाग्री खरिद वापत ETC ट्रेडर्सलाई रु.९८५६३ भुक्तानी भएकोमा माग फाराम खरिद आदेश दाखिला प्रतिवेदन सामाग्री प्राप्त गर्ने क्लबको निवेदन लगायतका कागजात बेगर खर्च लेखेकोले प्रमाण पेश हुनुपर्ने रु. | | | | ९८५६३ |
| जम्मा | | | | | | | १९६७६६५ |

४ ......*(मिति २०८१।०१।१४ को निर्णयानुसार प्राप्त प्रमाण कागजातका आधारमा रु.३६८०० को सम्परीक्षण गरी लगत कट्टा गरिएको)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,६७,६६५ |

१०५ **सम्परीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । महानगरपालिकाले आर्थिक बर्ष २०७७/७८ सम्मको बेरुजु मध्ये फछ्यौंट गरी पेश गरेकोमा देहाय बमोजिम संपरीक्षण भएको छ भने त्यस पश्चातको सम्परीक्षणको व्यहोरा न्याम्स् प्रणालीमा अद्यावधिक रहेको छ ।

| क्र.स. | आ.व. | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको व्यहोरा | सम्परीक्षण रकम |
|---|---|---|---|---|---|
| १ | २०७३।०७४ | १९६ | कर कट्टी नगरेको - प्र प रामजी श्रेष्ठ | कर दाखिला गरेको प्रमाण पेश गरेको । | ६३७ |
| २ | २०७३।०७४ | १९६ | कर कट्टी नगरेको - ना सु किरण श्रेष्ठ | कर दाखिला गरेको प्रमाण पेश गरेको । | ६३७ |
| ३ | २०७३।०७४ | १९६ | कर कट्टी नगरेको - सा प्र मन्दिरा शाक्य | कर दाखिला गरेको प्रमाण पेश गरेको । | ६३७ |
| ४ | २०७३।०७४ | १९६ | कर कट्टी नगरेको - स्व से रिता माथेमा | कर दाखिला गरेको प्रमाण पेश गरेको । | ६३७ |
| ५ | २०७३।०७४ | १९६ | कर कट्टी नगरेको- का स सुरेन्द्र मान जोशी | कर दाखिला गरेको प्रमाण पेश गरेको । | ६३७ |
| ६ | २०७३।०७४ | ७ | पेश्की बांकी - सुरेश कुमार दाहाल | पेश्की फर्छयौट गर्न बाँकी रकम नगद दाखिला गरेको प्रमाण पेश गरेको । | ५२०००० |
| ७ | २०७३।०७४ | ७ | पेश्की बांकी - शिवराज रेग्मी | पेश्की फर्छयौट | ५०००० |
| ८ | २०७३।०७४ | ७ | पेश्की सापटी तथा धरौटी आम्दानी करारहरु | नगरसभाबाट नियमित गरेको प्रमाण पेश गरेको । | ४४२३०२२९.२६ |
| ९ | २०७३।०७४ | ८ | नगद तथा बैकं मौज्दात | बैंक मौज्दात प्रमाण पेश गरेको र नियमित गरेको प्रमाण पेश गरेको। | ४८२९३१०५३.१४ |
| | | | **२०७३।०७४ को जम्मा** | | **५२७७३४४६९.९०** |
| १० | २०७४।०७५ | ३५८.७ | बढी भुक्तानी - दिपकान्त मैनाली | असुल गरी दाखिला गरेको प्रमाण। | ७५० |
| ११ | २०७४।०७५ | ३४८.७ | बढी भुक्तानी - अम्बिका खड्का | असुल गरी दाखिला गरेको प्रमाण। | ३८०० |
| १२ | २०७४।०७५ | १२१.३ | अनुगमन भत्ता भुक्तानी | हिसाब समायोजन | २०५३७८ |
| १३ | २०७४।०७५ | ३४९.१० | बढी भुक्तानी - सुदर्शन आचार्य | असुल गरी दाखिला गरेको प्रमाण। | ११०० |
| १४ | २०७४।०७५ | ३५१.६ | मु अ कर दर्ता नभएको | नगर सभाबाट नियमित गरेको प्रमाण पेश गरेकोले । | ६६००० |
| १५ | २०७४।०७५ | ३३७ | घरजग्गा कर-तारागाउँ रिजेन्सी होटल | असुल गरी दाखिला गरेको प्रमाण। | ५२०३३८ |
| १६ | २०७४।०७५ | ३४९.६ | एकै निर्माण व्यवसाय र सप्लायर्सबाट भएको | नगर सभाबाट नियमित गरेको प्रमाण पेश गरेकोले । | ६००९४४८ |
| | | | **२०७४।०७५ को जम्मा** | | **६८०६८१४** |
| १७ | २०७५।०७६ | २८४ | घरबहाल कर- उर्मिला माली (सिप्रदी टेडिङ्ग) | असुल गरी दाखिला गरेको प्रमाण । | १३२०० |
| १८ | २०७५।०७६ | ३२० | व्यवसाय कर-विजय एण्ड विभास ट्रेडर्स | असुल गरी दाखिला गरेको प्रमाण । | २०००० |
| १९ | २०७५।०७६ | ४०५.१० | पूर्वाधार बजेटबाट खर्च लेख्ने आधार | नगर सभाबाट नियमित गरेको प्रमाण पेश गरेकोले । | ९९६६१७ |
| २० | २०७५।०७६ | ६८ | भेरिएसन स्वीकृत नभएको | नगर सभाबाट नियमित गरेको प्रमाण पेश गरेकोले । | १०५७४९८ |
| २१ | २०७५।०७६ | ७६.२ | सडकबाट रकम प्राफ्त नभएको | नगर सभाबाट नियमित गरेको प्रमाण पेश गरेकोले । | ५८१६६५९ |
| २२ | २०७५।०७६ | ७७.१० | आइटम थप घटको स्वीकृत नभएको | नगर सभाबाट नियमित गरेको प्रमाण पेश गरेकोले । | ५५४७५२५ |
| २३ | २०७५।०७६ | ३१९ | सम्पत्ति कर- भि जि अटोमोवाइल्स | असुल गरी दाखिला गरेको प्रमाण । | ४४३५४ |
| २४ | २०७५।०७६ | ४१८.२८ | आ.ले.प बेरुजु -नारायण सिंह भण्डारी | प्रमाण पेश गरेकोले । | १४००० |
| २५ | २०७५।०७६ | ४१९.२९ | आ.ले.प बेरुजु -नारायण सिंह भण्डारी | प्रमाण पेश गरेकोले । | ५००० |
| २६ | २०७५।०७६ | २४५.१० | सम्पत्ति कर- तारागाउँ रिजेन्सी होटल | असुल गरी दाखिला गरेको प्रमाण । | ७५६८४३४ |
| २७ | २०७५।०७६ | ४०१.३ | वडाबाट खर्च गर्न मिल्ने आधार नभएको | नगर सभाबाट नियमित गरेको प्रमाण पेश गरेकोले । | ४०१२११० |
| | | | **२०७५।०७६ को जम्मा** | | **२५०९५३९८** |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | २०७६।०७७ | ९४ | भरपाई नभएको- नि. बुद्ध रत्न मानन्धर | असुल गरी दाखिला गरेको प्रमाण । | २१२५ |
| २९ | २०७६।०७७ | ३९ | कर्मचारी संचार सुविधा | प्रमाण तथा नियमित | ८०४०००.०० |
| ३० | २०७६।०७७ | ४०.२ | दोहोरो भत्ता- रविन्द्र कुमार राई | असुल गरी दाखिला गरेको प्रमाण । | ९९२० |
| ३१ | २०७६।०७७ | १२.३.१८ | पेश्की- कोठदेवी-सुर्यकोट डिपबोरिङ्ग नि उ | असुल गरी दाखिला गरेको प्रमाण । | ११५४००० |
| ३२ | २०७६।०७७ | ४०.४ | बिद्युतिय हाजिर नभएको- सचिवालयका कर्मचारी | पुष्ट्याई- नियमितबाट | ६२०२८३ |
| ३३ | २०७६।०७७ | ४०.५ | बिद्युतिय हाजिर नभएको- कार्यादलका सदस्य | पुष्ट्याई- नियमितबाट | २९३७६१ |
| ३४ | २०७६।०७७ | ४०.३ | बिद्युतिय हाजिर नभएको- स्वकिय सचिव | पुष्ट्याई- नियमितबाट | १६१९५५ |
| ३५ | २०७६।०७७ | ४०.२ | दोहोरो भत्ता- प्ल.स.मेघ प्रसाद पौडेल | असुल गरी दाखिला गरेको प्रमाण । | २२१७० |
| ३६ | २०७६।०७७ | १७० | पेश्की बांकी- क अ रेणुका सत्याल | प्रमाण -फछ्र्यौट भएको | १००००० |
| ३७ | २०७६।०७७ | २६० | 117-सम्पत्ति कर -प्रदिप रत्न ताम्राकार | असुल गरी दाखिला गरेको प्रमाण । | ३६७११२० |
| ३८ | २०७६।०७७ | २६० | 115-सम्पत्ति कर-एडभान्स अटोमोवाइल्स प्रा | असुल गरी दाखिला गरेको प्रमाण । | ३५१८०१.०० |
| ३९ | २०७६।०७७ | ६९.६ | मु अ कर दाखिला प्रमाण नभएको | कर समायोजन प्रमाण | ८६२५०७५ |
| ४० | २०७६।०७७ | ६९.१ | मर्मत सुधार पश्चात धरौटी फिर्ता गर्नु पर्ने | प्रमाण र नियमित | ५६९५२४० |
| ४१ | २०७६।०७७ | २६० | 110-सम्पत्ति कर - मनोरमा श्रेष्ठ | असुल गरी दाखिला गरेको प्रमाण । | ६४४०७ |
| ४२ | २०७६।०७७ | २६१ | 194-सम्मत्ति कर- बिना मानन्धर | असुल गरी दाखिला गरेको प्रमाण । | १९४३४ |
| ४३ | २०७६।०७७ | २६१ | 195-सम्पत्ति कर-महागुठी बहुउदेश्य स सं | असुल गरी दाखिला गरेको प्रमाण । | १६९१३ |
| ४४ | २०७६।०७७ | २६० | 116-सम्पत्ति कर- लक्षमण बहादुर श्रेष्ठ | असुल गरी दाखिला गरेको प्रमाण । | ३५६०० |
| ४५ | २०७६।०७७ | १७० | पेश्की- हाँडी गाउँ पेटी निर्माण उ स | प्रमाण फछ्र्यौट भएको | १०७५०७०.० |
| ४६ | २०७६।०७७ | २६० | 56-सम्पत्ति कर- पशुपति भिजन प्रा लि | पुष्ट्याई- प्रमाण | ५४०९६९१.० |
| ४७ | २०७६।०७७ | २६० | 47-सम्पत्ति कर -तारा गाउँ होटल रिजेन्सी | असुल गरी दाखिला गरेको प्रमाण । | १६३९० |
| | | | | **२०७६।०७७ को जम्मा** | **२८१४८९५६** |
| ४८ | २०७६।७७ | ६९ | तीन पिप्ले शिशडोल साईडको सडक निर्माणको लागि कालिका प्यासिफिक जे भि को | संपरीक्षणको निर्णय मिति २०७९।०६।०७ मा भएकोमा अन्तिम प्रतिवेदनमा समावेश गर्न छुट हुन गएको । | १३६०६००० |
| ४९ | २०७४।७५ | ५५ | कार्यालय सहयोगी श्री रजनी कुमारी थापालाई गयल कट्टीको रकम उपदानमाकट्टी गरेको । | उक्त बेरुजु २०७६।३।३१ को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | २७७२४८.०० |
| ५० | २०७४।७५ | ८२ | जेनेरल वर्कस को विल पेश | उक्त बेरुजु २०७६।३।३१ को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | २१०४६ |
| ५१ | २०७४।७५ | ९९.३ | ब्राइटसन कम्पनी प्रा लि को बिल पेश । | उक्त बेरुजु २०७६।३।३१ को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | २४६७८१३.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५२ | २०७४।७५ | ९९.४ | ब्राइटसन कम्पनी प्रा लि को बिक्रिको प्रमाण पेश । | उक्त बेरुजु २०७६।३।३१ को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | ४७४८०६ |
| ५३ | २०७४।७५ | १०० | ब्राइटसन कम्पनी प्रा लि को बिक्रिको प्रमाण पेश । | उक्त बेरुजु २०७६।३।३१ को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | ८२०००० |
| ५३ | २०७४।७५ | १०७ | सामान खरिदको बिल र दाखिला पेश । | उक्त बेरुजु २०७६।३।३१ को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | ३०४३८८ |
| ५४ | २०७४।७५ | ५९ | मूल्य अभिवृद्धि कर वापत भुक्तानीको दाखिला प्रमाण पेश । | उक्त बेरुजु २०७६।२।३० को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | १४१४४ |
| ५५ | २०७४।७५ | ६३ | निर्देशक श्री गणेश थपलियाको भ्रमणमा बढी भुक्तानी दाखिला । | उक्त बेरुजु २०७६।२।३० को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | ३२०० |
| ५६ | २०७४।७५ | ९१ क | नर्म्स भन्दा बढी भुक्तानी भएको दाखिला । | उक्त बेरुजु २०७६।२।३० को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | ५३५४४ |
| ५७ | २०७४।७५ | ७८.९ | कर दाखिला गरेको । | उक्त बेरुजु २०७६।२।३० को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | २७१७३० |
| ५८ | २०७४।७५ | ९७ | बढी भुक्तानी गरेको रकम दाखिला । | उक्त बेरुजु २०७६।२।३० को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | १६०३४१ |
| ५९ | २०७४।७५ | ३४१.५ | नर्म्स भन्दा बढी भुक्तानी भएको दाखिला । | उक्त बेरुजु २०७६।२।३० को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | १४९८४५.४२ |
| ६० | २०७४।७५ | ३४२.५ | नर्म्स भन्दा बढी भुक्तानी भएको दाखिला । | उक्त बेरुजु २०७६।२।३० को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | ६४४६४ |
| ६१ | २०७४।७५ | ३८८.९ | नर्म्स भन्दा बढी भुक्तानी भएको दाखिला । | उक्त बेरुजु २०७६।२।३० को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | ५७२८० |
| ६२ | २०७४।७५ | ३८६.९ | नर्म्स भन्दा बढी भुक्तानी भएको दाखिला । | उक्त बेरुजु २०७६।२।३० को निर्णयानुसार संपरीक्षण गरिएको तर प्रतिवेदनमा समावेश गर्न छुट भएको । | ७४४६६ |
| ६३ | २०७४।०७५ | ३६८.९ | कर समायोजन नभएको रालुका देवी निर्माण सेवा | प्रमाण पेश भएको | ५०४२८.४५ |
| ६४ | २०७४।०७५ | ३४८.६ | कर समायोजन नभएको रालुका देवी निर्माण सेवा | प्रमाण पेश भएको | ९४४६५.२४ |
| ६५ | २०७४।०७५ | ३४१.६ | कर समायोजन नभएको रालुका देवी निर्माण सेवा | प्रमाण पेश भएको | ५४२५२.४१ |
| ६६ | २०७४।०७५ | ३६०.६ | कर समायोजन नभएकोरालुका देवी निर्माण सेवा | प्रमाण पेश भएको | ४४९३३ |
| | | | **२०७४।०७५ को जम्मा** | | २४४०७९.७० |
| ६७ | २०७५।०७६ | २८३.१ र २८३.२ | घर जग्गा कर असुली गर्नु पर्ने होटल सोल्टी | प्रमाण पेश भएको | ३९०९१७९ |
| ६८ | २०७५।७६ | ४६ | बढी भुक्तानि - बालाजु निर्माण सेवा | असुली भएको प्रमाण | १०२६४२ |
| | | | **२०७५।०७६ सम्मको जम्मा** | | **४०११८२१** |
| ६९ | २०७६।०७७ | ३८ | ग्रेड बढी भुक्तानी सिताराम कोइराला | असुली भएको प्रमाण | १०४२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७० | २०७६।०७७ | १७० | पेश्की मुक्छे मुर्दा गुठीघर निर्माण उ स | प्रमाण पेश भएको | १६८४८०२ |
| ७१ | २०७६।०७७ | २६० | सम्पत्ति कर कृष्ण बहादुर पाण्डे | असुली भएको प्रमाण | १५५२२३ |
| ७२ | २०७६।०७७ | २६० | सम्पत्ति कर शर्मिला लवट समेत ३ | असुली भएको प्रमाण | १८५३०० |
| ७३ | २०७६।०७७ | १७० | पेश्की सि अ न मी एरिना मास्के | प्रमाण पेश भएको | १८४५०० |
| ७४ | २०७६।०७७ | १२१ | दादुरा रुबेला खोप कार्यक्रमको विल भरपाइ | प्रमाण पेश भएको | ४३८७२० |
| ७५ | २०७६।०७७ | २३२ | बढी भुक्तानी इन्द्रदह निर्माण सेवा | असुली भएको प्रमाण | ८९८४.६ |
| ७६ | २०७६।०७७ | ६० | बढी भुक्तानी रालुका देवी कन्स्ट्रक्सन | असुली भएको प्रमाण | ४०३८६ |
| ७७ | २०७६।०७७ | २६४.२ | सम्पत्ति कर पशुपति भिजन प्रा लि | प्रमाण पेश भएको | ४६००११३ |
| | | | | **जम्मा** | **७३०८४५०** |
| | | | | **कुल जम्मा** | **६१८१७०३०३।०२** |

## संपरीक्षणबाट २०८१/१/३० र ३१ को निर्णयबाट बेरुजु लगत कट्टा भई सैद्धान्तिक कायम भएको बेरूजू

<table>
<tr><th>क्र. सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>
मनोरञ्जन कर-
(क) प्रदेश आर्थिक ऐन अनुसार चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुलाई बिक्री गरेको प्रति टिकटमा ५ प्रतिशतका दरले प्रदेश कर संकलन गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा नमूना छनोट गरी परीक्षण गर्दा देहायका चलचित्र घरहरुको टिकट बिक्री र दाखिला कर यकिन गरी विभाज्य कोष दाखिला गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>क्र.स.</th><th>चलचित्र घर/करदाताको नाम</th><th>आ.ब. २०७९/८० मा टिकट बिक्री रु.</th><th>५ प्रतिशतले दाखिला हुनुपर्ने रु.</th><th>दाखिला भएको रु.</th><th>असूल गर्नुपर्ने नपुग रु.</th></tr>
<tr><td>१</td><td>सार्थक इन्टरटेन्मेन्ट प्रा.लि.</td><td>६३७०६ ५८०</td><td>३१८५३२९</td><td>७१८३३४</td><td>२४६६९९५</td></tr>
<tr><td>२</td><td>सिनेस्टार प्रा.लि.</td><td>९१४०५६१९।७०</td><td>४५७०२८०।९८</td><td>४४०२५३७</td><td>१६७७४३।९८</td></tr>
<tr><td>३</td><td>के.एल. सिनेमा सिटी प्रा.लि.</td><td>१४९६१९०२५।७७</td><td>७४८०९५१।२८</td><td>०</td><td>७४८०९५१।२८</td></tr>
<tr><td>४</td><td>अष्टनारायण पिक्चर्स प्रा.लि.</td><td>११७३०२८०</td><td>५८६५१४</td><td>४५८८३३</td><td>१२७६८१</td></tr>
<tr><td>५</td><td>सिनेमार्क मुभिज</td><td>२८९५८०९२</td><td>१४४७९०४।६०</td><td>०</td><td>१४४७९०४।६०</td></tr>
<tr><td>६</td><td>कोर प्लान विल्डरवन सिनेमा हल</td><td>६२०९५९८७</td><td>३१०४७९९।३५</td><td>२९६२६००</td><td>१४२१९९।३५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४०७५१५५८३</td><td>२०३७५७७९</td><td>८५४२३०४</td><td>११८३३४७५।१८</td></tr>
</table>
उपरोक्त बाहेक महानगर क्षेत्र भित्र संचालित अन्य सिनेमा हलहरुको समेत वित्तीय विवरण परीक्षण गरी टिकट बिक्रीको ५ प्रतिशतले हुन आउने रकम यकिन गरी असूल हुनुपर्दछ ।
(ख) उपरोक्त प्रदेश कानूनको अनुसूची ३(२) अनुसार क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति व्यक्ति रु.५० का दरले मनोरञ्जन कर संकलन गर्ने उल्लेख छ भने अनुसूची ३(४) मा क्यासिनोको प्रति टिकट/बिलमा ५ प्रतिशत मनोरञ्जन कर असूल गर्ने व्यवस्था देखिन्छ । तर महानगरपालिका भित्र संचालित क्यासिनोहरुले प्रवेश शुल्क वापत प्रति व्यक्ति रु.५०।०० दरले रकम दाखिला गरेको भएतापनि अनुसूची ३(४) को व्यवस्था अनुसार टिकट/बिलको ५ प्रतिशतले हुने मनोरञ्जन कर दाखिला गरेको पाईएन । त्यसैले देहायका क्यासिनोको कारोबारका आधारमा आर्थिक वर्ष
</td><td></td></tr>
</table>

२०७९/८० को कुल कारोबार अर्थात् बिल रकमको ५ प्रतिशतले हुने आउने रकम असूल गरी विभाज्य कोषमा दाखिला गर्नुपर्ने देखिन्छ ।

| क्र.स. | क्यासिनो/करदाताको नाम | आ.ब. २०७९/८० को वित्तिय विवरण अनुसार बिक्री रु. | ५ प्रतिशतले असूल हुनुपर्ने रु. |
|---|---|---|---|
| १ | डेल्टिन नेपाल प्रा. लि. | ६२,८२,९७,५५०।०० | ३,१४,१४,८७७।५० |
| २ | माजोङ्ग ईन्टरटेनमेन्ट प्रा. लि. | ३३,९८,७०,५७०।०० | १,६९,९३,५२८।५० |
| ३ | बेलिज नेपाल प्रा. लि. | ५९,८९,२०,५६५।०० | २,९९,४६,०२८।२५ |
| ४ | वाल्डो डाईनेष्टी ईन्टरटेन्टमेन्ट प्रा. लि. | २३,२१,२३,१९१।०० | १,१६,०६,१५९।५५ |
| **जम्मा** | | **१,७९,९२,११,८७६।००** | **८,९९,६०,५९३।८०** |

उपरोक्त बाहेक महानगर क्षेत्र भित्र संचालित अन्य क्यासिनोहरुको समेत वित्तीय विवरण परीक्षण गरी विल रकमको ५ प्रतिशतले हुन आउने रकम यकिन गरी असूल हुनुपर्दछ ।

२ **व्यवसाय कर** – काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ५ अनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति संघसंस्था वा निकायलाई व्यावसायिक प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा अनुसूची ७ बमोजिम व्यवसाय कर लगाई असूल उपर गरिने व्यवस्था छ । साथै व्यवसाय कर असूल गर्दा बैङ्क तथा वित्तीय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग एकाई मानी असूल उपर गरिने उल्लेख छ । लेखापरीक्षणको क्रममा पेश भएका स्रेस्ता कागजात तथा नमूना छनौटका आधारमा परीक्षण गरी उल्लेख भएनुसारको निम्म व्यवसाय कर लगत राखी यकिन गरी असुल गर्नुपर्दछ ।

| **करदाताको नाम** | **असूल गर्न बाँकी व्यवसाय कर** |
|---|---|
| डेल्टीन क्यासिनो | २,४००,००० |
| क्यासिनो प्यालेस | २,४००,००० |
| प्रहरी कल्याण कोष | ७१२,००० |
| रोहन अटो पार्टस | ४०,००० |
| **जम्मा** | **५५,५२,०००** |

३ **बहाल कर** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ बमोजिम महानगरपालिले आफ्नो अधिकार क्षेत्र भित्र बहाल कर लगाउन सक्ने व्यवस्था छ । महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७९ को दफा ४ बमोजिम पुरै वा आशिंक तबरले बहालमा लगाई हुने आम्दानीमा बहाल कर लगाई असुल उपर गनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पेश भएका स्रेस्ता कागजात तथा नमूना छनौटका आधारमा परीक्षण गरी उल्लेख भए अनुसारको निम्म प्राकृतिक व्यक्तिले आर्जन गरेको बहाल करको लगतको आधारमा यकिन गरी असूल गर्नुपर्दछ ।

| **घरधनी (करदाताको) नाम** | **असूल गर्न बाँकी घर बहाल कर** |
|---|---|
| शुशिला देवी बस्न्यात | ३,५६९,१९२ |
| मनिष खेतान | २,००८,८०० |
| डा. गिरिस प्रसाद पन्त | ५०,८५० |

| | |
|---|---|
| यूरेसिया रेयुकाइ नेपाल (संकेत नं. ३०-२८-००८) | २,००१,८८० |
| शान्तादेवी के.सी. समेत | १,४७७,०४६ |
| **जम्मा** | **९१,०७,७६८** |

४ **सम्पत्ति कर –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५** तथा काठमाडौं महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७९ को दफा २ बमोजिम महानगरपालिकाको क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गर्नुपर्ने व्यवस्था उल्लेख छ । महानगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका ठूला करदाताहरुको पहिचान गरी तिनिहरुलाई करको दायरामा ल्याउन थप प्रयत्न गर्नुपर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा पेश भएका स्रेस्ता कागजात तथा नमूना छनौटका आधारमा परीक्षण गरी उल्लेख भएनुसारको निम्न सम्पत्ति करको लगत राखी यकिन गरी असूल गर्नुपर्दछ ।

| करदाताको नाम | असूल गर्न बाँकी कर रकम |
|---|---|
| कुमारी चौरडिया समेत (संकेत नं. ०९-२९-०७४९) | ८,७९४,५२६ |
| होटल मल्ल प्रा.लि. (संकेत नं.२६-९९-००३३) | २,४१७,८४४ |
| इम्पिरियल अपार्टमेन्ट प्रा लि (करदाता संकेत नं ०१-०२-००५१) | ७,३६१,३९६ |
| होटल उडल्याण्ड प्रा लि (करदाता संकेत नं ०१-३२-००४७) | ५,०५१,९७२ |
| होटल माउण्टन प्रा लि (करदाता संकेत नं ०१-३२-००८७) | ८८७,३९० |
| नेपाल ट्रष्टको कार्यालय (करदाता संकेत नं ०१-२२-००१७) | ४,२९६,१७० |
| अशोक शम्शेर ज.ब.रा. समेत १० (करदाता संकेत नं ०१-०१-०३२१) | ६,३६७,९६६ |
| इम्प्रो हाउजिङ प्रा. लि. (करदाता संकेत नं. ०२-०२-००६२) | ४,३०९,०४८ |
| प्रसिद्ध बहादुर पाण्डे (करदाता संकेत नं. ०२-२३-०२१९) | १०,१२१,९१० |
| शिशु अर्याल भण्डारी (करदाता संकेत नं. ०२-३१-२०७६) | ५,९६७,५९८ |
| जया राजभन्डारी (करदाता संकेत नं ०४-१२-०१९६) | २५८,३०४ |
| कर्मा डोल्कर लामा (करदाता संकेत नं ०४-०६-००८६) | ३५३,००३ |
| किशन लाल श्रेष्ठ (के एल टावर (०७-०६-०३७०) | ५,६७३,७२६.४२ |
| द्धारिकाज काठमाडौं भिलेज होटेल (संकेत नं. ०९-२०-००६१) | ८,६६२,३८८ |
| नोबेल कलेज अफ हेल्थ एण्ड एजुकेशन फाउन्डेशन प्रा. लि. (संकेत नं. ०९-२२-०४८१) | ५,८८६,७५६ |
| होटल एभरेष्ट इन्टरनेशनल लिमिटेड (१०-३२-०३१७) | ५,५८९,२०७.९७ |
| शोभा श्रेष्ठ (१०-३१-००३६) | ४९८,६१० |
| नवराज पाण्डे (१०-२२-००२२) | ५०५,१६२ |
| ब्लू स्टार होटल (संकेत नं. ११-२०-००४२) | १३,१७०,४६४ |
| सिभिल इस्टेट्स प्रा लि (संकेत नं. ११-३१-०१०७) | ७,७७९,२८४ |
| काठमाडौं खेल मण्डल त्रिपुरेश्वर (संकेत नं. ११-०६-०१८८) | १६,४०८,२९७ |
| टाउन डेभलपर्स प्रालि (बुद्धवारी कम्लेक्स) | ७,५५९,७७४ |
| नेपाल क्षयरोग निवारण संस्था (संकेत नं.१३-२२-०४६४) | ३०,१५४,९४७ |
| कृषि सामाग्री क. लिमिटेड (संकेत नं.१४-०६-०८२६) | ४९,३२९,९३४ |
| मिलाल्याण्ड डेभलपमेन्ट प्रा.लि (संकेत नं. १४-२७-०७३४) | ३१,२१९,६९८.९६ |
| नेपाल स्वस्थ्य सहकारी लमिटेड (संकेत नं. १५-२२-०४३४) | २६,५०५,५१८ |
| चेतन प्रधान समेत (संकेत नं. १५-१०-००७) | १,६५७,५४० |

| | |
|---|---|
| सिद्धार्थ इन्फास्ट्रक्चर प्रा.लि. | १७,२११,८९६ |
| जनमैत्री अस्पताल प्रा लि (१६-१२-०२६७) | १३,५५४,६७८ |
| तरुण निर्माण सेवा प्रा लि | ३१,०५३,२६९ |
| सत्यराम विनोद महर्जन (संकेत नं. १७-२५-०३४७) | २,१६०,९७४ |
| विनोद महर्जन समेत १७-२५-०३४७ | २,३०८,८५८ |
| ह्वाईटफिल्ड उच्च मावी रक्तकाली एजुकेशन फउण्डेसन | २,७३५,१५४ |
| बेनी बहादुर शाही (संकेत नं. १९-२५-००३१) | १,८२४,७२४ |
| पिपुल्स प्लाजा — आदर्शनगर विजनेस प्रालि.(संकेत नं.२२-२३-३६४) | १५,७२९,८३० |
| रन्जना ट्रेड सेन्टर फा न ३६८ | ८,८६७,२९० |
| आदर्शनगर हाउजिङ्ग कम्पनी (संकेत नं. २२-९९-००९७) | ८,९६६,७८८ |
| आर बि कम्पेल्क्स (संकेत नं.२२-१०-०४४३) | २५,७३७,३३९ |
| कर्मचारी सञ्चयकोष सुन्धारा | १४४,४९५,१६३ |
| नेपाल शेयर मार्केट एण्ड फाईनान्स लि. (संकेत नं.२८-०८-०१६९) | १४,३६१,१७३ |
| नेपाल विद्युत प्राधिकरण (संकेत नं. २८-२२-०२३९) | १९०,३०१,१२१ |
| नेको इन्सुरेन्स लिमिटेड (संकेत नं. ३०-२२-०१९५ ) | ४,१५१,८७६.२८ |
| स्टार होल्डिङ्स प्रा. लि.(संकेत नं. ३०-३१-०८२८) | २२,९८५,३९९ |
| ग्यालेक्सि पब्लिक स्कुल प्रा.लि. ३०-१२-०११८ | १,५७१,७९७ |
| सल्यानी राजा (संकेत नं. ३०-३१-०२७७) | २,२०६,३४४.१९ |
| **जम्मा** | **७७,९२,३१,०००** |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

**कार्यालय र स्थान -** काठमाडौं महानगरपालिका, काठमाडौं

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रदीप परियार | २०८०-११-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | बसन्त अधिकारी | २०७९-५-१० | २०८१-१०-४ |
| लेखा प्रमुख | बुद्ध रत्न मानन्धर | २०७४-२-२३ | २०८०-८-८ |

**बेरुजु वर्गीकरण**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९५१,७८८,११३ | १५,३६८,६५७.५३ | १०,५५८,८५१.४१ | ० | ० | २०९,४४६,८१३.०७ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | **१,१८७,१६२,४३५.०१** |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | **९३०,१२८,८८९.४८** |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | **०** |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | **२५७,०३३,५४५.५३** |

स्थानीय तहको नाम - काठमाडौं महानगरपालिका

| गत बर्षको जिम्मेवारी | | १४१७७८६९२७२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २२८६४६६४०० | चालु खर्च | ५२१८६४३६०६ |
| प्रदेश सरकारबाट अनुदान | १३४५००८६० | पूँजीगत खर्च | ३७५५२२६०७१ |
| राजश्व बाँडफाँट | १८१५५६२२६४ | वित्तीय/अन्य व्यवस्था | २३२५२८९३४४ |
| आन्तरिक आय | ५८५४२५०१७५ | | |
| अन्य आय | १७७२४०९८२२ | | |
| कुल आय | ११८६३१८९५२१ | कुल खर्च | ११२९९१५९०२१ |
| बाँकी मौज्दात | | १४७४१८९९७७२ | |

ठेक्का प्रतिस्पर्धा (महानगरपालिका केन्द्र तर्फ)

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | कबोल रकम | लागत अनुमानको तुलनामा घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|
| १. | Road Marking and Lane Marking Works at different places of Kathmandu Metropolitan city (ward1-32) | ८ | ३२,७६,०७७.५० | ५७.५६ | Sharada Devi construction pvt. Ltd |
| २. | Road Construction Works at Annapurna Marga , KMC-14(Khadka Gau to Pipalbot Annapurna Marga | ३ | २६,२७,८६६.११ | २७.७३ | Sharada Devi construction pvt. Ltd |
